पहिलो

# आवधिक योजना

(आर्थिक वर्ष २०८०/८१-२०८४/८५)

# (अन्तिम प्रतिवेदन)


स्थानीय सरकार

## मर्चवारी गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

रायपुर, रुपन्देही

परामर्शदाता :- मिर्रा कन्सल्ट

सुविधानगर, काठमाण्डौ

प्रकाशन मिति :- २०८१

सर्वाधिकार : मर्चवारी गाउँपालिका, रुपन्देही

# गाउँपालिका अध्यक्षको मन्तव्य



यो प्रतिवेदन हाम्रो गाउँपालिकाको प्रथम आवधिक योजना २०८०/८१ - २०८४/८५ को रुपमा प्रस्तुत गरिएको छ। यस योजनाले हाम्रो गाउँपालिकाको दिगो विकास, समृद्धि, र सामाजिक न्यायको लागि एक महत्वपूर्ण मार्गचित्रको रूपमा काम गर्नेछ। मार्चवारी गाउँपालिकाको आर्थिक, सामाजिक, र भौतिक पूर्वाधारको विकास, साथै शिक्षा, स्वास्थ्य, कृषि, र पर्यटन लगायतका क्षेत्रहरूको सुधार यस योजनाका प्रमुख उद्देश्यहरू हुन्। विशेष गरी, गाउँपालिकाको प्राकृतिक स्रोतहरूको सदुपयोग, कृषिको आधुनिकीकरण, र पर्यटनको प्रवर्द्धनमा ध्यान केन्द्रित गरिएको छ। यस योजनाले हामीलाई आत्मनिर्भर, समावेशी, र प्रगतिशील गाउँपालिका निर्माणको दिशामा अघि बढ्न मार्गदर्शन गर्नेछ। यो प्रतिवेदन तयार गर्नमा संलग्न सबैलाई मेरो हार्दिक धन्यवाद, जसको परिश्रमले हामीले यो महत्त्वपूर्ण दस्तावेज तयार गर्न सफल भएका छौं।

**गया प्रसाद बरई**

**गाउँपालिका अध्यक्ष**

# गाउँपालिका उपाध्यक्षको मन्तव्य



मार्चवारी गाउँपालिकाको प्रथम आवधिक योजना २०८०/८१ - २०८४/८५ को प्रतिवेदनलाई पूर्णता दिँदै गर्दा हामी सबैको सामूहिक प्रयास, परिश्रम, र समर्पणको परिणामस्वरूप यो महत्वपूर्ण दस्तावेज तयार भएको छ। यो योजना हाम्रो गाउँपालिकाको उज्ज्वल भविष्य निर्माणको लागि एक महत्वपूर्ण मार्गदर्शकको रूपमा कार्य गर्नेछ। यस योजनाले हाम्रो गाउँपालिकाको आर्थिक, सामाजिक, र भौतिक विकासमा नवीनतम दृष्टिकोण अपनाउँदै दिगो विकास, समावेशीता, र सामाजिक न्यायको सुनिश्चितता गर्ने उद्देश्य राखेको छ। यो योजनाले कृषि, स्वास्थ्य, शिक्षा, पूर्वाधार, र पर्यटन लगायतका महत्वपूर्ण क्षेत्रहरूमा प्रभावकारी सुधार र प्रगति ल्याउनेछ। विशेषगरी, स्थानीय स्रोतसाधनको सदुपयोग, रोजगारीको सिर्जना, र युवाहरूको क्षमता विकासमा यस योजनाले महत्वपूर्ण भूमिका खेल्नेछ। हाम्रो गाउँपालिकाको पहिचान, संस्कृति, र परम्परालाई जोगाउँदै आधुनिक विकासका सम्भावनाहरूको दोहन गर्न हामी सबै प्रतिबद्ध छौं। यस योजनाको सफल कार्यान्वयनका लागि हामीलाई दृढ संकल्प, परिश्रम, र निरन्तरता आवश्यक छ। म सम्पूर्ण गाउँपालिका वासीहरूलाई यस योजनालाई सफल बनाउनको लागि हौसला, सहयोग, र एकता अपिल गर्दछु। यो योजनाको सफलतामा हामी सबैको सामूहिक प्रयास अपरिहार्य छ, र मलाई विश्वास छ कि हाम्रो एकता र परिश्रमले मार्चवारी गाउँपालिकालाई आत्मनिर्भर, समृद्ध, र प्रगतिशील बनाउन सक्नेछ।

धन्यवाद।

सुनिता कलावर

गाउँपालिका उपाध्यक्ष

# प्रमुख प्रशासकीय अधिकृतको मन्तव्य



यो प्रतिवेदन मार्चवारी गाउँपालिकाको प्रथम आवधिक योजना २०८०/८१ - २०८४/८५ को रूपमा तयार गरिएको छ। यस योजनाले दिगो विकास, समावेशीता, र सामाजिक न्यायलाई सुनिश्चित गर्दै गाउँपालिकाको आर्थिक, सामाजिक, र भौतिक पूर्वाधारमा सुधार ल्याउने मुख्य उद्देश्य राखेको छ।

योजनामा कृषिको आधुनिकीकरण, पर्यटनको प्रवर्द्धन, र स्थानीय स्रोतहरूको सदुपयोगलाई विशेष प्राथमिकता दिइएको छ। यसले शिक्षा, स्वास्थ्य, कृषि, र पूर्वाधार विकासका महत्वपूर्ण क्षेत्रमा प्रगति गर्ने दिशामा गाउँपालिकालाई अघि बढाउनेछ।

यो योजना हाम्रो गाउँपालिकाको पहिचान, संस्कृति, र परम्परालाई जोगाउँदै आधुनिक विकासका सम्भावनाहरूको दोहन गर्न मार्गदर्शक हुनेछ। यस योजनाको सफल कार्यान्वयनका लागि दृढ संकल्प, परिश्रम, र एकता आवश्यक छ। सबै गाउँपालिका वासीहरूको सहयोगले हामी आत्मनिर्भर, समृद्ध, र प्रगतिशील गाउँपालिका निर्माण गर्न सक्षम हुनेछौं।

**झविलाल भट्टराई**

**प्रमुख प्रशासकिय अधिकृत**

# समग्रमा आवधिक योजना

## दीर्घकालिन सोच

हामीले यस गाउँपालिकाले अपनाएको सोचलाई नै आधार मानेका छौं।

### "मर्चवारी गाउँपालिकाको आधारः कृषिमा आधुनिकीकरण,आर्थिक समृद्धिको पुर्वाधार"

## निर्देशक सिद्धान्त

यस गाउँपालिकाले तल उल्लेखित चार वटा निर्देशक सिद्धान्तलाई विकास र समृद्धिका योजना कार्यान्वयन गर्ने र सरकार संचालन गर्ने मूलमन्त्रको रुपमा ग्रहण गर्नेछ।

- **व्यवस्थित भू-उपयोग र योजनावद्ध विकासः** कृषिको दिगो विकासका लागि भविष्यमा समेत उपयुक्त खेतीयोग्य जमिनको सुनिश्चितता गर्न र व्यवस्थित विकास प्रवर्धन गर्न आवश्यक भू-उपयोग नीति आत्मासाथ तथा स्थानीय तहको नीति पालना गर्न संयन्त्र, कानुनि र नीतिगत व्यवस्था गरि कार्यान्वयन गरिन्छ
- **पारदर्शी र प्रभावकारी सेवा प्रवाह**ः स्थानीय तहलाई सेवा प्रवाह र विकास व्यवस्थापनको आधार केन्द्रको विकास गरेर जनताको आधारभूत हक अधिकारको सुनिश्चितता गर्ने र क्रमबद्ध विकास प्रोत्साहन गरिनेछ।
- **आधुनिक कृषि विकास**ः कृषिलाई विकासको मूल स्तम्भका रुपमा लिइएकोले आवश्यक पूर्वाधार तयार गरि, उपकरणको व्यवस्था गरि, आवश्यक सिपको निम्ति प्रशिक्षण पनि दिइनेछ।
- **सूचना र नतिजा केन्द्रित विकास व्यवस्थापनः** यस गाउँपालिकाको विकास मुल्यांकन गर्ने प्रणाली विकास गरि नियमित तुलना गर्दै निर्देशित विकास गर्न जोड दिइनेछ।

## रणनीतिक लक्ष्य

यस प्रथम आवधिक योजनालाई मर्चवारी गाउँपालिकाको दिर्घकालिन सोच प्राप्त गर्ने आधार योजनाको रुपमा रहनेछ। गाउँपालिकाको सोच तर्फ उन्मुख हुनका लागि देहाय अनुसारको लक्ष्य लिइएको छः

**"आर्थिक रुपले , सुखी र सम्पन्न मर्चवारी गाउँपालिकाको मूल आधार तयार गर्ने"**

## उद्देश्य

क. स्थानीय उत्पादन, रोजगारी र आयमा गुणात्मक तथा दिगो वृद्धि गर्नु

ख. स्वस्थ, सिर्जनशील, शिक्षित र सीपयुक्त मानव संसाधनको विकास गर्नु

ग. पारदर्शिता र जवाफदेहिता सहितको सेवा प्रवाह, कार्यसम्पादन विकास गर्नु

## रणनीतिक स्तम्भ

लिइएको रणनीतिक लक्ष्य र उद्देश्य प्राप्तिका लागि निम्न अनुसारको रणनीतिक स्तम्भ पहिचान गरिएको छ। तय गरिएको स्तम्भहरुको आधार मा निम्न रणनीतिहरु पनि तयार पारिएको छ।

<u>स्तम्भ १</u>ःगाउँपालिकाको प्रति व्यक्ति आय वृद्धि

- कृषि भूमिको पूर्णता सदुपयोग गर्ने
- कृषि उत्पादन लाई प्रवर्द्धन, व्यवसायिकरण र विविधिकरण प्रोत्साहन गरि कृषकको उद्दामशीलता विकास गर्ने
- कृषि उत्पादनलाई बजारीकरण गर्ने
- स्थानीय कच्चा पदार्थ, श्रोत र साधन, सिप तथा प्रविधिमा आधारित लघु तथा घरेलु तथा साना उद्योगको विकास र विस्तार गर्ने
- पर्यटन प्रवर्द्धन र विकास गर्न सार्वजनिक, निजी सहकारी र सामुदायिक क्षेत्र संग साझेदारी एवं सहकार्य गर्ने
- व्यावसायिक गतिविधिमा केन्द्रित वित्तीय सेवाको पहुँच वृद्धि गर्ने

<u>स्तम्भ २</u>ः चुस्त र पारदर्शी सेवा सुनिश्चितता

- मानव अधिकार उल्लङ्घनका घटनाको अनुसन्धान तथा मानव अधिकार अवस्थाको अनुगमन गर्ने
- सिप तथा व्यावसायिक तालिमका अवसरहरु विकास र विस्तार गर्दै स्थानीय स्तरमा प्रतिस्पर्धा गर्न सक्ने जनशक्ति उत्पादन गर्ने
- गाउँपालिकालाई आन्तरिक रुपमा आवश्यक पर्ने दक्ष तथा अर्धदक्ष मानव संसाधनको विकास र उपयोगकोनिम्ति मानव संसाधन योजना तयार गर्ने

<u>स्तम्भ ३</u>ः दिगो विकसित पूर्वाधार निर्माण

- कृषि, पर्यटन तथा सामाजिक सेवा प्रवाहलाई सहज र सुलभ हुने गरि गुणस्तरीय पूर्वाधारको विकास र विस्तार गर्ने
- स्वास्थ्य सेवालाई सहज र गुणस्तरीय बनाउन आवश्यक पूर्वाधार निर्माण गर्ने
- सबै घरधुरीमा खानेपानी सुविधाको पहुँच सुनिश्चित गर्ने
- बाह्रै महिना सिंचाई सेवा सहुलियाताको साथ उपलब्ध गराउनका लागि सतह बहुउद्देश्यीय र जलाशययुक्त सिंचाई, सामुदायिक boring आयोजनाहरु अधि बढाउने
- विद्यमान सिंचाई प्रणालीको संरक्षण, सम्भार र स्तरोन्नति गरि पूर्ण रुपमा उपयोग गर्ने
- नवीकरणीय ऊर्जा प्रविधिको विस्तार र प्रवर्धन गरी पहुँच र उपयोग वृद्धि गर्ने
- वैकल्पिक ऊर्जाको विकासमा लगानी वृद्धिको वातावरण सिर्जना गर्ने
- सडकको मापदण्ड, वर्गीकरणयातायात गुरुयोजना तर्जुमा  नामकरण र प्राथमिकताक्रम सहित , सडक निर्माण र संचालन गर्ने

- इन्टरनेट सेवाको पहुँच अभिवृद्धि गर्ने
- भवन निर्माणमा भवन संहिताको सशक्त कार्यन्वयन गर्ने
-

<u>स्तम्भ ४</u>: आधारभूत सेवामा पहुँच तथा गुणस्तर सुनिश्चितता

- गुणस्तरीय ,व्यवहारिक तथा जिवानपयोगी शिक्षाको सुनिश्चितता गर्ने
- सूचना प्रविधिमा आधारित प्रभावकारी संयन्त्रका स्थापना गरी विद्यालयहरुको अनुगमन र निरिक्षणलाई व्यवस्थित गर्ने
- आधारभूत स्वास्थ्य सेवालाई सहज र गुणस्तरीय बनाउने
- स्थानीय स्वास्थ्य संस्थाको सुदुधिकरण तथा सेवाको गुणस्तर अभिवृद्धि गर्ने
- महिलालाई उद्दमी र आत्मनिर्भर बनाई हक अधिकार सुनिश्चितता गर्ने
- ज्येष्ठ नागरिकलाई उचित सुविधा प्रदान गर्ने

<u>स्तम्भ ५</u>: सुन्दर, स्वच्छ गाउँको विकास

- स्वच्छ खानेपानी आपूर्तिलाई जनस्वास्थ्य र पूर्ण सरसफाई रणनीतिको रुपमा विकास गर्ने
- वनको उपयोग सुलभ र दिगो बनाउने
- वनमा फलफुल खेति गर्ने तथा आयुर्वेदिक बोटहरु लाउने
- वातावरण व्यासस्थापनलाई अंतरिकिकरण गर्दै वातावरण संरक्षण एवं प्रदुषण नियनत्रणका लागि संस्थागत क्षमता अभिवृद्धि गरि विकास कार्यक्रमको अभिन्न अंकका  रुपमा संचालन गर्ने

## संक्षिप्त रुप

| | |
|---|---|
| आ .ब. | आर्थिक बर्ष |
| गा.पा. | गाउँपालिका |
| मे.ट | मेट्रिक टन |
| रु. | रुपैया |
| कृ.आ.यो | कृषि आवधिक योजना |
| कि मि. | किलो मिटर |
| के.त.वि | केन्द्रिय तथ्याङ्क बिभाग |
| GESI | Gender and Social Inclusion |
| IEE | Initial Environmental Examination |
| HDI | Human development Index |
| NHDR | Nepal Human Development Report |
| HIMS | Health Information Management System |
| EIMS | Education Information Management System |

# बिषयसुची


परिच्छेद १ परिचय ........ १

१.१ पृष्ठभूमि ........ १

१.२ योजना तर्जुमाका उद्देश्यहरु ........ २

१.३ योजना तर्जुमा आधारहरू ........ २

१.४ योजना तर्जुमा विधि तथा प्रक्रियाहरु ........ ४

१.५ योजना तर्जुमाको सीमाहरु ........ ६

परिच्छेद २ गाउँपालिकाको संक्षिप्त परिचय ........ ८

२.१ परिचय ........ ८

२.१.१ भौगोलिक तथा राजनीतिक अवस्था ........ ८

२.१.२ जनसंख्या विवरण तथा बनौट ........ ८

२.१.३ भू उपयोग तथा-प्राकृतिक सम्पदा ........ १०

२.२ सामाजिक अवस्था ........ ११

२.२.१ शिक्षा ........ १५

२.२.२ स्वास्थ्य ........ १७

२.२.३ महिला ,वालवालिका तथा ज्येष्ठ नागरिक ........ १९

२.२.४ सांस्कृतिक उत्कृष्टता ........ २०

२.३ आर्थिक अवस्था ........ २२

२.३.१ मुख्य पेशा ........ २२

२.३.२ खाद्यान्न आत्मनिर्भरताको अवस्था ........

२.३.३ आवास संरचना विवरण ........ २३

२.३.४ वित्तीय तथा ऋणको अवस्था ........ २४

२.४ वन वातावरण तथा विपद् जोखिम न्यूनीकरण र व्यवस्थापनको अवस्था ........ २४

२.४.१ वन तथा जैविक विविधता ........ २४

२.४.२ भूसंरक्षण तथा जलाधार व्यवस्थापन..........................
२.४.३ वातावरण व्यवस्थापन तथा जलवायु परिवर्तन अनुकूलन...................................... २४
२.४.४ महामारी तथा विपद् व्यवस्थापन.................................................................... २४
परिच्छेद ३ समष्टिगत योजनाको अवधारणा........................................................................ २५
३.१ पृष्ठभूमि ........................................................................................................... २५
३.२ प्रमुख समस्या तथा चुनौती ................................................................................. २५
३.३ प्रमुख सम्भावना तथा अवसर ............................................................................... २६
३.४ निर्देशक सिद्धान्त................................................................................................. २७
३.५ सोच, लक्ष्य तथा उद्देश्य....................................................................................... २७
३.५.१ दीर्घकालिन सोच ................................................................................................ २७
३.५.२ रणनीतिक लक्ष्य ................................................................................................. २७
३.५.३ उद्देश्य ............................................................................................................... २७
३.५.४ रणनीतिक स्तम्भ................................................................................................. २८
३.६ परिमाणात्मक लक्ष्य.............................................................................................. २९
३.७ रणनीति तथा प्राथमिकता ..................................................................................... ३०
३.८ लगानी, श्रोत अनुमान र बाँडफाँड .......................................................................... ३३
३.८.१ लगानी र स्रोत अनुमान........................................................................................ ३३
३.८.२ व्यय प्रवृत्ति ......................................................
३.८.३ आय तथा पुँजीगत प्रक्षेपण.....................................
परिच्छेद ४ आर्थिक क्षेत्र................................................................................................ ३५
४.१ कृषि विकास ........................................................................................................ ३५
४.१.१ पृष्ठभूमि ............................................................................................................. ३५
४.१.२ समस्या तथा चुनौतीहरु......................................................................................... ३५
४.१.३ सम्भावना तथा अवसरहरु ..................................................................................... ३५
४.१.४ उपक्षेत्रगत लक्ष्यउद्देश्य ,, रणनीति, कार्यक्रम तथा आयोजना ................................ ३६

४.१.५ अपेक्षित उपलब्धि.......................................................................................... ३८
४.१.६ अनुमान तथा जोखिम पक्ष.............................................................................. ३८
४.२ सिंचाइ.................................................................................................... ३८
४.२.१ पृष्ठभूमि.................................................................................................. ३८
४.२.२ समस्या तथा चुनौती....................................................................................... ३९
४.२.३ सम्भावना तथा अवसर.................................................................................... ३९
४.२.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्यकार्यक्रम तथा आयोजना ,रणनीति ,.......................................... ३९
४.२.५ अपेक्षित उपलब्धि.......................................................................................... ४१
४.२.६ अनुमान तथा जोखिम पक्ष.............................................................................. ४१
४.३ उद्योग, व्यापार, व्यवसाय तथा आपूर्ति............................................................... ४१
४.३.१ पृष्ठभूमि.................................................................................................. ४१
४.३.२ समस्या तथा चुनौती....................................................................................... ४१
४.३.३ सम्भावना तथा अवसर.................................................................................... ४१
४.३.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्यकार्यक्रम तथा आयोजना ,रणनीति ,.......................................... ४१
४.३.५ अपेक्षित उपलब्धि.......................................................................................... ४४
४.३.६ अनुमान तथा जोखिम पक्ष.............................................................................. ४५
४.४ पर्यटनसंस्कृति तथा सम्पदा ,............................................................................ ४५
४.४.१ पृष्ठभूमि.................................................................................................. ४५
४.४.२ समस्या तथा चुनौती....................................................................................... ४५
४.४.३ सम्भावना तथा अवसर.................................................................................... ४५
४.४.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्यकार्यक्रम तथा आयोजना ,रणनीति ,.......................................... ४५
४.४.५ अपेक्षित उपलब्धि.......................................................................................... ४६
४.४.६ अनुमान तथा जोखिम पक्ष.............................................................................. ४७
४.५ बैंकसहकारी ,, वित्तीय संस्था र सामुदायिक वित्त.................................................. ४७
४.५.१ पृष्ठभूमि.................................................................................................. ४७

४.५.२ समस्या तथा चुनौती ..... ४७

४.५.३ सम्भावना तथा अवसर ..... ४७

४.५.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्यकार्यक्रम तथा आयोजना ,रणनीति , ..... ४८

४.५.५ अपेक्षित उपलब्धि ..... ४९

४.५.६ अनुमान तथा जोखिम पक्ष ..... ४९

४.६ श्रम ,रोजगारी र सामाजिक सुरक्षा ..... ४९

४.६.१ पृष्ठभूमि ..... ४९

४.६.२ समस्या तथा चुनौती ..... ४९

४.६.३ सम्भावना तथा अवसर ..... ५०

४.६.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्यकार्यक्रम तथा आयोजना ,रणनीति , ..... ५०

४.६.५ अपेक्षित उपलब्धि ..... ५२

४.६.६ अनुमान तथा जोखिम पक्ष ..... ५२

४.७ आर्थिक विकासको नतिजा खाका ..... ५३

परिच्छेद ५ सामाजिक क्षेत्र ..... ५६

५.१ जनसंख्या तथा बसाइँसराइ ..... ५६

५.१.१ पृष्ठभूमि ..... ५६

५.१.२ समस्या तथा चुनौती ..... ५६

५.१.३ सम्भावना तथा अवसर ..... ५६

५.१.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्यकार्यक्रम तथा आयोजना ,रणनीति , ..... ५६

५.१.५ अपेक्षित उपलब्धि ..... ५७

५.१.६ अनुमान तथा जोखिम पक्ष ..... ५८

५.२ शिक्षाविज्ञान तथा नवप्रवर्तन , ..... ५८

५.२.१ पृष्ठभूमि ..... ५८

५.२.२ समस्या तथा चुनौती ..... ५८

५.२.३ सम्भावना तथा अवसर ..... ५८

५.२.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्यकार्यक्रम तथा आयोजना ,रणनीति , ............ ५८
५.२.५ अपेक्षित उपलब्धि ............ ६२
५.२.६ अनुमान तथा जोखिम पक्ष ............ ६२
५.३ स्वास्थ्य तथा पोषण ............ ६२
५.३.१ पृष्ठभूमि ............ ६२
५.३.२ समस्या तथा चुनौती ............ ६३
५.३.३ सम्भावना तथा अवसर ............ ६३
५.३.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्यकार्यक्रम तथा आयोजना ,रणनीति , ............ ६३
५.३.५ अपेक्षित उपलब्धि ............ ६६
५.३.६ अनुमान तथा जोखिम पक्ष ............ ६६
५.४ खानेपानी तथा सरसफाइ ............ ६६
५.४.१ पृष्ठभूमि ............ ६६
५.४.२ समस्या तथा चुनौती ............ ६६
५.४.३ सम्भावना तथा अवसर ............ ६७
५.४.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्यकार्यक्रम तथा आयोजना ,रणनीति , ............ ६७
५.४.५ अपेक्षित उपलब्धि ............ ६९
५.४.६ अनुमान तथा जोखिम पक्ष ............ ६९
५.५ महिला वालवालिका तथा लक्षित वर्ग ............ ६९
५.५.१ पृष्ठभूमि ............ ६९
५.५.२ समस्या तथा चुनौती ............ ७०
५.५.३ सम्भावना तथा अवसर ............ ७०
५.५.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्यकार्यक्रम तथा आयोजना ,रणनीति , ............ ७०
५.५.५ अपेक्षित उपलब्धि ............ ७३
५.५.६ अनुमान तथा जोखिम पक्ष ............ ७३
५.६ युवा तथा खेलकुद ............ ७३

५.६.१ पृष्ठभुमि ........ ७३
५.६.२ समस्या तथा चुनौती ........ ७४
५.६.३ सम्भावना तथा अवसर ........ ७४
५.६.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्यकार्यक्रम तथा आयोजना ,रणनीति , ........ ७४
५.६.५ अपेक्षित उपलब्धि ........ ७७
५.६.६ अनुमान तथा जोखिम पक्ष ........ ७७
५.७ सामाजिक विकासका प्रमुख कार्यक्रमहरु ........
५.८ सामाजिक विकासको नतिजा खाका ........ ७८
परिच्छेद ६ पूर्वाधार क्षेत्र ........ ८२
६.१ जलश्रोत, विद्युत तथा वैकल्पिक ऊर्जा ........ ८२
६.१.१ पृष्ठभूमि ........ ८२
६.१.२ समस्या तथा चुनौती ........ ८२
६.१.३ सम्भावना तथा अवसर ........ ८२
६.१.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्यकार्यक्रम तथा आयोजना ,रणनीति , ........ ८३
६.१.५ अपेक्षित उपलब्धि ........ ८५
६.१.६ अनुमान तथा जोखिम पक्ष ........ ८५
६.२ सडकपुल , तथा यातायात ........ ८६
६.२.१ पृष्ठभूमि ........ ८६
६.२.२ समस्या तथा चुनौती ........ ८६
६.२.३ उपक्षेत्रगत लक्ष्य, उद्देश्यकार्यक्रम तथा आयोजना ,रणनीति , ........ ८६
६.२.४ अपेक्षित उपलब्धि ........ ८८
६.२.५ अनुमान तथा जोखिम पक्ष ........ ८८
६.३ सञ्चार तथा सूचना प्रविधि पूर्वाधार ........ ८८
६.३.१ पृष्ठभूमि ........ ८८
६.३.२ समस्या तथा चुनौती ........ ८९

६.३.३ सम्भावना तथा अवसर ........ ८९
६.३.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्यकार्यक्रम तथा आयोजना ,रणनीति , ........ ८९
६.३.५ अपेक्षित उपलब्धि ........ ९१
६.३.६ अनुमान तथा जोखिम पक्ष ........ ९१
६.४ आवास तथा वस्ती विकास ........ ९२
६.४.१ पृष्ठभूमि ........ ९२
६.४.२ समस्या तथा चुनौती ........ ९२
६.४.३ सम्भावना तथा अवसर ........ ९२
६.४.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्यकार्यक्रम तथा आयोजना ,रणनीति , ........ ९२
६.४.५ अपेक्षित उपलब्धि ........ ९४
६.४.६ अनुमान तथा जोखिम पक्ष ........ ९४
६.५ पूर्वाधार विकासको नतिजा खाका ........ ९५
परिच्छेद ७ वन तथा विपद व्यवस्थापन ........ ९७
७.१ विपद् जोखिम न्युनिकरण र व्यवस्थापन तथा जलवायु उत्थानशिलता ........ ९७
७.१.१ पृष्ठभूमि ........ ९७
७.१.२ समस्या तथा चुनौती ........ ९७
७.१.३ सम्भावना तथा अवसर ........ ९८
७.१.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्यकार्यक्रम तथा आयोजना ,रणनीति , ........ ९८
७.१.५ अपेक्षित उपलब्धि ........ १०२
७.१.६ अनुमान तथा जोखिम पक्ष ........ १०२
७.२ वन तथा जैविक विविधता ........ १०२
७.२.१ पृष्ठभूमि ........ १०२
७.२.२ समस्या तथा चुनौती ........ १०२
७.२.३ सम्भावना तथा अवसर ........ १०३
७.२.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्यकार्यक्रम तथा आयोजना ,रणनीति , ........ १०३

७.२.५ अपेक्षित उपलब्धि....................................................................................................१०४
७.२.६ अनुमान तथा जोखिम पक्ष................................................................................................१०४
७.३ वन तथा विपद व्यवस्थापनको नतिजा खाका....................................................................१०५
परिच्छेद ८ संस्थागत विकास तथा सुशासन क्षेत्र...................................................................१०७
८.१ संस्थागत विकास तथा सुशासन..........................................................................................१०७
८.१.१ पृष्ठभुमि............................................................................................................१०७
८.१.२ समस्या तथा चुनौती..........................................................................................१०७
८.१.३ सम्भावना तथा अवसर.........................................................................................१०७
८.१.४ उपक्षेत्रगत लक्ष, उद्देश्यकार्यक्रम तथा आयोजना ,रणनीति , ..............................१०८
८.१.५ अपेक्षित उपलब्धि.............................................................................................१११
८.१.६ अनुमान तथा जोखिम पक्ष..................................................................................१११
८.२ संस्थागत विकासको नतिजा खाका.....................................................................................११२
परिच्छेद ९ योजना तर्जुमा, कार्यान्वयन र अनुगमन तथा मूल्याङ्कन.......................................११५
९.१ योजना तर्जुमा...................................................................................................................११५
९.२ आयोजना बैङ्क..................................................................................................................११५
९.३ संस्थागत तथा कार्यान्वयन व्यवस्था...................................................................................११६
९.४ तहगत सम्बन्ध तथा अन्तरसरकार समन्वय.........................................................................११८
९.५ जोखिम व्यवस्थापन...........................................................................................................११८
९.६ अनुगमन तथा मूल्याङ्कन.....................................................................................................११९
९.७ बार्षिक समिक्षा..................................................................................................................१२१
अनुसुचिहरु
**अनुसूची १ः आवधिक योजनाका विभिन्न चरणका कार्यक्रमका तस्विर तथा उपस्थितीहरु**
**अनुसूची २ः दिगो विकास लक्ष्य २०३०**
**अनुसूची ३ः सन्दर्भ सामाग्रीहरु**
**अनुसूची ४ः गौरवका आयोजनाहरु**

अनुसूची ५: वडा तथा गाउँपालिकाबाट संकलित योजनाहरु

अनुसूची ६: आवधिक योजना निर्माणको क्रममा काटिएको पत्रहरु

अनुसूची ७: श्रोत नक्साहरु

अनुसूची ८: नतिजा खाका

# परिच्छेद १ परिचय

## १.१ पृष्ठभूमि

नेपालको संविधानले व्यवस्था गरेको स्थानीय तहको अधिकार क्षेत्र एवं स्थानीय तह संचालन सम्बन्धि स्थानीय सरकार संचालन ऐन. २०७४ मा व्यवस्थित काम, कर्तव्य र जिम्मेवारीहरु स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन, २०७५ लगायत आइन हरु अबलम्बन गरेर यो तर्जुमा तयार गर्न खोजिएको हो। स्थानीय सरकार संचालन ऐन. २०७४ अनुसार हरेको गाउँपालिका तथा नगरपालिकाले स्थानीय स्तरको विकासका निम्ति आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा आवधिक, वार्षिक, रणनीतिक क्षेत्रगत आवधि योजना लागु गर्ने व्यवस्था रहेको पाईन्छ। यस प्रकारका योजना तर्जुमा गर्दा नेपाल सरकार र प्रदेश सरकारको नीति, लक्ष्य, समयसीमा र प्रक्रिया सँग अनुकुल हुने गरि तर्जुमा गर्नुपर्ने उल्लेख पनि गरिएको छ। यस योजनामा योजना तर्जुमा सम्बन्धि संवैधानिक व्यवस्था, विगतका प्रयास अवाम अभ्यास, उपलब्ध कार्यविधि तथा निर्देशिका, संघिय शासन व्यवस्था अनुसार ऐन तथा नियमले गरेको व्यवस्था तथा स्थानीय वस्तुस्थिति एवं आवश्यक तथा अत्यावश्यक पूर्वाधार तथा कार्यक्रमहरु आधार लिईने छ।

यसैगरी योजना तर्जुमा वातावरण, सुशासन, वालमैत्री, विपद व्यवस्थापन, जलवायु परिवर्तन अनुकुल, लैङ्गिक तथा सामाजिक समावेशीकरण जस्ता अन्तरसम्बन्धित विषयहरुलाई ध्यानमा राखेर गर्नू पर्ने व्यवस्था स्पस्ट गरि तोकिएको छ। प्राथमिकीकरण गर्नु पर्ने विषयहरु पनि तोकिएको र स्थानीय तहले कार्यसम्पादन गर्दा लागतलाई न्यूनीकरण, स्रोत साधनको अधिकतम उपयोग तथा प्रभावकारी सेवा प्रवाह सम्बन्धि व्यवस्था स्पस्ट उल्लेख गरेको पाईन्छ। सोहि व्यवस्था अनुसार उत्पादनमुलक तथा छिटो प्रतिफल दिने, गरिवी निवारण, जीवनस्तरमा दिगो सुधार, रोजगारीका, अवसरमा वृद्धि, समावेशी, जनसहभागितामा वृद्धि, दिगो विकास र स्थानीय संस्कृति संरक्षण जस्तो विषयलाई प्राथमिक रुपले जोड दिनुपर्ने देखिन्छ। नेपालको संविधान वमोजिम स्थानीय तहलाई प्राप्त अधिकार तथा कानुन बमोजिम स्थानीय तहको यिजना तर्जुमा सम्बन्धि अधिकार र जिम्मेवारीलाई मनन् गरि संघीय शासन व्यवस्था अनुसार राज्यको पुनर्स्थापना पछी स्थानीय सरकारको रुपमा स्थापित यस मर्चवारी गाउँपालिका पहिलो प्रयासको रुपमा यस प्रथम आवधिक विकास योजना (२०८०/८१-२०८४/८५) तर्जुमा गरेको छ।

यस प्रथम आवधिक योजना तर्जुमा प्रक्रियामा गाउँपालिकाको विकासको वर्तमान अवस्था अध्ययन तथा विश्लेषण गरी गाउँपालिकाको समष्टिगत विकास लागि दुरदृष्टि, लक्ष्य, उद्देश्य, रणनीति तथा कार्यनीति तथा प्रमुख कार्यक्रम तर्जुमा गरिएको छ। यस योजनाले गाउँपालिकाको समग्र तथा योजनावद्ध विकासका लागि गर्नुपर्ने कार्यको मार्गदर्शन तथा नतिजा अनुगमन र प्रभाव लेखाजोखाको लागि आधार प्रदान गर्नुका साथै आगामी ५ वर्षको मार्गचित्र तयार गरी त्यसका लागि श्रोत परिचालनको योजना समेत तय गरेको छ। यस आवधिक योजनाको आधारमा मध्यमकालिन खर्च संरचना र मध्यमकालिन खर्च संरचनाको आधारमा बार्षिक

बजेट तथा कार्यक्रम तयार गरी निर्धारित प्रक्रिया अनुसार बार्षिक योजनाको कार्यान्वयन, नतिजाको अनुगमन तथा प्रगति मापन एवम् असर र प्रभावको लेखाजोखा गरिनेछ।

## १.२ योजना तर्जुमाका उद्देश्यहरु

गाउँपालिकाको नेतृत्वमा सरकारी, गैरसरकारी, सहकारी, समुदायमा आधारित संस्था तथा निजी क्षेत्रलाई एक स्थानमा ल्याई गाउँपालिकाको एकीकृत, व्यवस्थित र समष्टिगत विकास प्रक्रियालाई मार्गदर्शन गर्नु आवधिक विकास योजना तर्जुमाको मुख्य उद्देश्य हो। योजना तर्जुमाका विशिष्ट उद्देश्यहरू देहायअनुसार छन्ः

- गाउँपालिकाको एकीकृत, नतिजामुलक र योजनाबद्ध विकासका लागि सम्बन्धित सरकारी, गैर सरकारी साझेदार तथा सरोकारवालालाई एकथलोमा ल्याई विकास प्रक्रिया र उपलब्धीमा साझा उत्तरदायित्व सिर्जना गर्ने।
- गाउँपालिकाको विकासको संभावना, समस्या तथा स्रोत परिचालनको विद्यमान स्थिति विश्लेषण गरी गाउँपालिकाबासी चाहानाअनुसार लक्ष्य, उद्देश्य, रणनीति र प्राथमिकता सहित विकास प्रारुप तथा नतिजा खाका तयार गर्ने।
- गाउँपालिकाको विकास प्रयासलाई मार्गदर्शन गर्ने तथा अपेक्षित नतिजा हासिल गर्ने नविन तथा प्रमुख कार्यक्रम र कार्यनीति तयार गर्ने।
- स्थानीय तहको विकासका प्रयास तथा कार्यहरु प्रक्रिया तथा नतिजाको अनुगमन तथा प्रभाव लेखाजोखा आधार तथा खाका तयार गर्ने।

## १.३ योजना तर्जुमा आधारहरू

संघीय नेपालको संविधान अन्तर्गत मौलिक हक, राज्यका निर्देशक सिद्धान्त र नीति, स्थानीय तहको अधिकार, संघीय एवं प्रदेश नीति र कानून तथा स्थानीय नीति र कानून बमोजिम स्थानीय तहको विकासको मार्गचित्र निर्माण गरिनुपर्ने हुन्छ। मर्चवारी गाउँपालिकाको यस प्रथम आवधिक विकास योजना देहायअनुसारका नीतिगत तथा कानूनी व्यवस्थालाई आधार लिई तर्जुमा गरिएको छ।

- नेपालको संविधान २०७२
- नेपाल सरकाबाट स्वीकृत संघ, प्रदेश र स्थानीय तहको अधिकारहरुको कार्यविस्तृतीकरण प्रतिवेदन
- स्थानीय सरकार संचालन ऐन, २०७४

- अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४
- संघ र प्रदेश सरकारले जारी गरेका विषयगत नीति, कानून तथा मापदण्ड (भूउपयोग नीति, कृषि विकास रणनीति
- पर्यटन नीति, वन तथा वातावरण ऐन, विद्यालय क्षेत्र सुधार योजना तथा १५ बर्षे स्वास्थ्य क्षेत्र रणनीति, वहुक्षेत्रीय
- पोषण योजना, बस्ती विकास, शहरी योजना तथा भवन निर्माण सम्बन्धी आधारभूत निर्माण मापदण्ड आदी)
- नेपाल सरकारको दीर्घकालिन सोच, पन्ध्रौ राष्ट्रिय योजना (संघीय आवधिक योजना), लुम्बिनी प्रदेश सरकारको योजनाको आधार पत्र
- नेपाल सरकार, प्रदेश सरकार तथा स्थानीय सरकारको मध्यमकालिन खर्च संरचना
- नेपाल सरकार, प्रदेश सरकारबाट राजस्व बांडफांड, वित्तीय समानीकरण, सशर्त अनुदान, समपुरक तथा विशेष अनुदान, स्थानीय आय (कर शुल्क, सेवा शुल्क तथा दस्तुर), जनसहभागिता आदी
- विकासका अन्तरसम्बन्धित (साझा) विषयहरु (लैंगिक समानता तथा समावेशीकरण, सुशासन, वातावरण तथा विपद् व्यवस्थापन, जलवायु परिवर्तन अनुकुलन आदी)
- नेपाल सरकार र प्रदेश सरकारको अवलम्बन गरेका आर्थिक नीतिहरु
- दीगो विकास लक्ष्यको राष्ट्रिय र प्रादेशिक मार्गचित्र
- दीगो विकास लक्ष्य (सन् २०१५—२०३०)
- नेपाल पक्ष भएका अन्तर्राष्ट्रिय सन्धी सम्झौताहरु तथा नेपाल सरकारले अन्तराष्ट्रियस्तरमा जनाएका प्रतिवद्धताहरु नेपालको संविधानले संघ, प्रदेश र स्थानीय तहले आफ्नो अधिकार क्षेत्र भित्रको विषयमा कानून बनाउने, बार्षिक बजेट बनाउने, नीति तथा योजना तयार गर्ने र त्यसको कार्यान्वयन गर्ने व्यवस्था गरेको छ (धारा ५९ को उपधारा १)। संविधानको अधिकारको सूचीको अवस्था अनुसार नेपाल सरकारबाट स्वीकृत संघ, प्रदेश र स्थानीय तहको अधिकारहरूको कार्य विस्तृतीकरण प्रतिवेदनमा स्थानीय स्तरका आवधिक योजना र बार्षिक योजना तथा बजेट स्वीकृती सम्बन्धी कार्यलाई स्थानीय तहको कार्यसूचीमा सूचीकृत गरिएको छ। स्थानीय शासन संचालन सम्बन्धी संघीय कानून, स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद ६ को दफा २४ को उपदफा १ अनुसार गाउँ/नगरपालिकाले आफ्नो अधिकार क्षेत्रको भित्रका विषयमा स्थानीयस्तरको विकासका लागि आवधिक, बार्षिक र विषय क्षेत्रगत मध्यकालिन तथा दीर्घकालिन विकास योजना बनाई लागू गर्नुपर्ने व्यवस्था गरेको छ। यस प्रकार योजना बनाउादा नेपाल सरकार, प्रदेश सरकारको नीति, लक्ष्य, उद्देश्य, समयसीमा र प्रक्रियासाग अनुकुल हुने गरी सुशासन, वातावरण, बालमैत्री, जलवायु परिवर्तन अनुकुलन,

विपद् व्यवस्थापन, लैंगिक तथा सामाजिक समावेशीकरण जस्ता अन्तरसम्बन्धित विषयहरूलाई ध्यान दिनु पर्ने व्यवस्था गरेको छ।

यसका अतिरिक्त स्थानीय सरकार संचालन ऐनले गाउँपालिका तथा नगरपालिकाले योजना तर्जुमा गर्दा देहायअनुसार गर्नुपर्ने व्यवस्थालाई यस आवधिक योजनामा समायोजन गरिएको छ।

- मध्यम तथा दीर्घकालिन प्रकृतिका आयोजनाहरुको सूची तयारी,
- योजना तर्जुमा प्रक्रियामा स्थानीय बृद्धीजिवि, विषयविज्ञ, अनुभवी, पेशाविद् , महिला, बालबालिका, दलित, युवा,अल्पसंख्यक, अपाङ्गता भएका व्यक्ति, ज्येष्ठ नागरिक, सीमान्तकृत तथा लोपोन्मुख समुदाय लगायतका सरोकारवालाको अधिकतम सहभागिता,
- कार्यक्रम र प्रमुख आयोजनाहरुको स्रोत साधनको पूर्वानूमान र योजना कार्यान्वयन तालिका तयार,
- योजनामा संघ तथा प्रदेश सरकारबाट संचालन गर्न आवश्यक आयोजना कार्यक्रमलाई अवसरको रुपमा समावेश
- आवधिक योजनामा आधारमा वार्षिक योजना तर्जुमा गर्दा आयोजनाको संभाव्यता अध्ययन, अनुसन्धान तथा प्रभाव मूल्याङ्कनलाई कार्यनीतिमा समावेश
- गाउँपालिकामा गैर सरकारी संस्था, उपभोक्ता समिति, सहकारी संस्था र सामुदायिक संस्थाले संचालन गर्ने तथा साझेदारीमा संचालन हुने आयोजना, कार्यक्रम तथा लगानी समेतलाई योजनामा संलग्न
- नेपाल सरकारको स्वीकृति बमोजिम विकास साझेदार तथथा अन्तरराष्ट्रिय गैर सरकारी संस्थाबाट गाउँपालिकामा संचालन भएका तथा हुने कार्यक्रम तथा लगानीलाई योजनामा मध्यनजर तथा समावेश संवैधानिक व्यवस्था तथा स्थानीय सरकार संचालन सम्बन्धी संघ र प्रदेश कानूनका अतिरिक्त स्थानीय तहको आवधिक योजना तर्जुमा प्रक्रियामा गाउँपालिकाको सन्दर्भमा उपयुक्त हुने नीतिगत तथा कानूनी व्यवस्थालाई समस्थानीयकरण गरी आधारको रुपमा अपनाइएको छ

## १.४ योजना तर्जुमा विधि तथा प्रक्रियाहरु

### आवधिक योजना तयारी तथा कार्यशाला गोष्ठी

गाउँ तथ्यांक समावेश गरि आवधिक विकास योजना तर्जुमा कार्यशाला गोष्ठीको आयोजना गरियो। गोष्ठीमा वस्तुस्थिति विवरण, आधार सूचनाको आधारमा विषयगत वस्तुस्थिति विश्लेषण, योजनाको नतिजा, कार्यान्वयन कार्यपालिकाको आयोजना र नेतृत्व तथा विषयक्षेत्र योजना तर्जुमा समितिहरुको संयोजनमा आवधिक विकास योजना तर्जुमा कार्यशाला गोष्ठीको आयोजना गरियो। गोष्ठीमा वस्तुस्थिति विवरण, आधार सूचनाको आधारमा विषयगत वस्तुस्थिति विश्लेषण, योजनाको नतिजा, कार्यान्वयन योजना, विषय क्षेत्रगत लक्ष्य तथा उद्देश्य हासिल गर्ने रणनीति तथा अपेक्षित प्रतिफल हासिल गर्न अवलम्बन गर्ने कार्यनीति तर्जुमा गरियो। यसका साथै

कार्यशालामा गत आर्थिक बर्षहरुमा उपलब्ध स्रोतको आधारमा आवधिक योजनाको अवधिमा गाउँपालिकाको आन्तरिक स्रोत, राजस्व बांडफांडबाट प्राप्त राजस्व, संघ तथा प्रदेश सरकारबाट प्राप्त हुने अनुदान समेत अन्य विभिन्न स्रोतबाट प्राप्त योजना, विषय क्षेत्रगत लक्ष्य तथा उद्देश्य हासिल गर्ने रणनीति तथा अपेक्षित प्रतिफल हासिल गर्न अवलम्बन गर्ने कार्यनीति तर्जुमा गरियो। यसका साथै कार्यशालामा गत आर्थिक बर्षहरुमा उपलब्ध स्रोतको आधारमा आवधिक योजनाको अवधिमा गाउँपालिकाको आन्तरिक स्रोत, राजस्व बांडफांडबाट प्राप्त राजस्व, संघ तथा प्रदेश सरकारबाट प्राप्त हुने अनुदान समेत अन्य विभिन्न स्रोतबाट संकलन गरियो।

## वस्तुस्थिति विश्लेषण

राष्ट्रिय जनगणना २०७८ को प्रतिवेदन, स्थानीय तह सम्बन्धी जानकारी पुस्तिका, कृषि गणना र गाउँपालिकाबाट संचालिन कृषि सर्वेक्षण २०७६ लाई प्रमुख आधार मानी गाउँपालिकाको वस्तुस्थिति विवरण तयार गरियो। वस्तुस्थिति विवरणमा गाउँ कार्यापालिका कार्यालय, विषयगत शाखा, वडा कार्यालय, स्थानीय संघ, संस्था र समूहबाट प्राप्त सूचना तथा अन्य द्धितिय स्रोतबाट उपलब्ध सूचना समावेश गरियो। यस आवधिक योजना तर्जुमा प्रक्रियामा अन्तर्गत वस्तुस्थिति विश्लेषण गोष्ठीमा गरिने सहभागितामूलक छलफलबाट प्राप्त सूचना समेतको आधारमा वस्तुस्थिति विश्लेषण विवरण थप सूचना तथा जानकारीमूलक बनाइयो। वस्तुस्थिति विश्लेषण विवरणबाट प्राप्त सूचनालाई यस योजनाको आधाररेखा सूचनाको रुपमा उपयोग गरियो, जसलाई योजनाको आधार दस्तावेजका रुपमा लिइयो।

## योजना दस्तावेज तयारी

योजना तर्जुमा प्राविधिक टोलीको सहयोगमा वस्तुस्थिति विवरण तथा आधार सूचना, वस्तुस्थिति विश्लेषण र योजना तर्जुमा कार्यशाला गोष्ठीको नतिजा, विषयक्षेत्र योजना तर्जुमा समितिको छलफल तथा परामर्शबाट प्राप्त विवरण, सूचना तथा निष्कर्ष नतिजामूलक योजना तर्जुमाको ढांचामा लिपिवद्ध गरी योजना दस्तावेजको मस्यौदा तयार गरिएको छ। योजना दस्तावेजलाई मुख्य ८ परिच्छेदमा विभाज गरिएको छ। जसअनुसार परिचय, गाउँपालिकाको संक्षिप्त चिनारी , योजनाको अवधारणा तथा प्रारुप, विषय , क्षेत्रगत योजना, संस्थागत तथा कार्यान्वयन व्यवस्था रहेका छन्। सन्दर्भ सामग्रीको रुपमा राष्ट्रिय तथा प्रदेश आवधिक योजना, साविक जिल्ला तथा स्थानीय निकायका गाविसहरुका आवधिक, विषय क्षेत्रगत गुरुयोजनाको प्रारुपलाई उपयोग गरिएको छ। साथै योजनाविद् , विषयविज्ञ तथा सरोकारवालाको समेत सुझाब लिई योजना तर्जुमा प्राविधिक टोलीद्धारा नतिजामूलक योजनाको ढांचामा स्थानीय तहका अधिकार क्षेत्रका विषय एवं प्राविधिक पक्षहरुलाई तर्कपूर्ण एवं वस्तुनिष्ठ ढंगबाट प्रस्तुत गरी आवधिक योजनाको मस्यौदा दस्तावेज तयार गरिएको छ।

## मस्यौदा प्रस्तुति तथा सुझाव संकलन कार्यशाला तथा अन्तिम दस्तावेज तयारि

स्थानीय तहको आवधिक योजना तर्जुमा दिग्दर्शन, योजनाको स्तरीय ढाचा, सहभागितामूलक कार्यशाला, विषयविज्ञको सुझाब र परामर्शका आधारमा तयार योजनाको मस्यौदा दस्तावेजलाई गाउँपालिकाका पदाधिकारी, कर्मचारी सरोकारवाला माझ मस्यौदा प्रस्तुती सुझाव संकलन कार्यशालाको आयोजना गरी प्रस्तुती, छलफल तथा सुझाव प्राप्त गरिनेछ। कार्यशालामा प्रस्तुती, विषय क्षेत्र समूह तथा वृहत समूह

छलफल र परामर्श गरी आवधिक योजनालाई पूर्ण बनाउन आवयक सुझाव प्राप्त गरिनेछ। त्यस कार्यशालामा सहभागितामूलक प्रक्रियाबाट गाउँपालिकाको दिर्घकालिन सोच (VISION), विकासका निर्देशक सिद्धान्तको रुपमा (STRATEGIC PILLARS), योजनाको समष्टिगत लक्ष्य (GOAL), उद्देश्य (OBJECTIVES) तथा रणनीति (STRATEGIES) तर्जुमा गरिने छ।

यस कार्यशालाबाट योजनाको वित्तीय विश्लेषणमा जनसमुदाय, नीजि क्षेत्र, गैसस तथा समुदायिक संस्था,संघ तथा प्रदेश सरकारबाट सिधै कार्यान्वयन हुन आयोजना तथा कार्यक्रममा हुने लगानी समेत विश्लेषण गरी अपुग श्रोत परिचालन रणनीति तय गरिने छ। कार्यशालामा योजनाको नतिजा खाकामा आधारित भई प्रस्तावित प्रमुख आयोजनाको प्रक्रिया अनुगमन, प्रतिफल, असर तथा प्रभावको नतिजा अनुगमन तथा लेखाजोखाको खाका प्रस्तुत तथा छलफल गरिएको थियो। यस कार्याशाला गोष्ठीमा कार्यापालिकाका पदाधिकारी, सबै विषय क्षेत्र योजना तर्जुमा समिति पदाधिकारी, कर्मचारी, स्थानीय विषयविज्ञ तथा अगुवा, समाजसेवी बुद्धीजिवि, लक्षित वर्ग तथा समुदाय, राजनीतिक दल, गैसस र समुदायिक संस्थाका प्रतिनिधि ईत्यादीको उपस्थिति रहने छ। यस कार्यशालाको निष्कर्ष तथा कार्यशाला र सरोकारवालाबाट प्राप्त सुझाव तथा पृष्ठपोषणलाई समावेश गरी मर्चवारी गाउँपालिकाको प्रथम आवधिक विकास योजनाको दस्तावेजलाई अन्तिम रुप प्रदान गरिने छ। यस गाउँपालिकमामा विभिन्न चरणका कार्यक्रमहरुको तालिका तल प्रस्तुत गरिएको छ।

| मिति | कार्यक्रम | उपस्थिति |
|---|---|---|
| असार १५, २०८१ | तथ्यांक प्रमाणीकरण | विभिन्न विषयगत समितिहरु तथा परामर्शदाताका प्रतिनिधिहरु |

## १.५ योजना तर्जुमाको सीमाहरु

गाउँपालिकाबाट तयार गाउँ वस्तुस्थिति विवरणबाट उपलब्ध सूचना तथा विवरणलाई आवधिक विकास योजना लागि आधार सूचनाको रुपमा उपयोग गरिएको छ। यसका साथै गाउँपालिकाबाट संचालित कृषि गणना, आवधिक विकास योजना तर्जुमा कार्यशाला गोष्ठीमा गरिएको विषयगत वस्तुस्थिति विश्लेषण, वडागत छलफल तथा संस्थागत सूचनालाई योजनाको प्रमुख आधारको रुपमा लिइएको छ। योजना तर्जुमा प्रक्रियामा बिषय क्षेत्र तथ्याङ्क तथा उपलब्ध आधार सूचनामा कुनै दुविधा उत्पन्न भएको अवस्थामा कार्यशालाको क्रममा नै सहभागितामूलक छलफलबाट सहमति बनाई सोही आधारमा विश्लेषण गरिएको छ। यसका साथै संघ, प्रदेशका प्रकाशन तथा दस्तावेज लगायत अन्य सूचना समेतलाई आधार बनाइएको छ। प्रदेश नं. ५ सरकारले पहिलो प्रादेशिक आवधिक योजना तथा नेपाल सरकारको पन्ध्रौ योजनाको आधार पत्र मात्र तयार भएको र नतिजा तालिका तर्जुमाको क्रममा रहेको हुँदा साझा अधिकारका क्षेत्रका आयोजना, कार्यक्रम तथा लक्ष्य यथोचित रुपमा यस आवधिक योजनामा समेट्न सकिएको छैन।

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ अनुसार गाउँपालिका क्षेत्रमा क्रियाशील गैरसरकारी संस्था, सामुदायिक संघ-संस्था र निजी क्षेत्रबाट संचालन हुने कार्यक्रमहरू गाउँसभाबाट पारित गरी कार्यान्वयन गर्नु पर्ने व्यवस्था भएतापनि यो अभ्यास पूर्ण रुपमा कार्यान्वयनमा आइनसकेको हुँदा गैर सरकारी तथा अन्य क्षेत्रबाट संचालन हुने कार्यक्रम, आयोजना र लगानीलाई पूर्ण रुपमा समायोजन गर्न सकिएको छैन र योजनाको अद्यावधिक तथा मध्यावधी मूल्याङ्कनको क्रममा यसलाई पूर्णता दिने प्रस्ताव गरिएको छ। नेपाल सरकार र प्रदेश सरकारले विशेष कार्यक्रमका लागि अनुदान प्रदान गरी कार्यान्वयन प्रक्रिया निर्धारण गरेकोमा सोही अनुसार श्रोत साधनको अनुमान तथा प्रक्षेपण संभाव्य श्रोत आँकलन गरिएको छ। नेपाल सरकार वा प्रदेश सरकार वा अन्य स्थानीय सरकारको संयुक्त लगानी वा सार्वजनिक निजी साझेदारीमा  संचालन तथा व्यवस्थापन हुने आयोजना तथा कार्यक्रमलाई समावेश गर्ने प्रयास गरिएको भएका पूर्णता प्राप्त गर्न सकेको छैन।

# परिच्छेद २ गाउँपालिकाको संक्षिप्त परिचय

## २.१ परिचय

मर्चवारी गाउँपालिका संघिय लोकतान्त्रिक गणतन्त्र नेपालको लुम्बिनी प्रदेश, रुपन्देही जिल्लामा अवस्थित रहेको छ। रुपन्देही जिल्लामा पुर्व पश्चिम हुलाकी सडक अन्तर्गत भैरहवा लुम्बिनी खण्डको बनगाईदेखि करिब १५ किलोमिटर दक्षिणमा रहेको छ। नेपाल सरकारको पछिल्लो राज्य पुनसंरचना २०७३ ले साविक गाउँ विकास समितिहरु समर मर्चवार, रायपुर, सिलौटिया र बगौली लाई समावेश गरि मर्चवारी गाउँपालिका नामाकरण गरिएको हो। यस गाउँपालिकाको क्षेत्र फल ४८.५५ वर्ग कि मि रहेको छ। यस गाउँपालिकाको ७ वटा वडामा विभाजन भएको छ।

### २.१.१ भौगोलिक तथा राजनीतिक अवस्था

यस गाउँपालिका पूर्व र दक्षिणमा भारतको उत्तर प्रदेश, उत्तरमा कोटाहिमाई गाउँपालिका नगरपालिका र पक्षिममा सम्मरीमाई गाउँपालिका रहेको छ। यस गाउँपालिका तराई भेगमा पर्दछा। भौगोलिक अवस्थितिको हिसाबले यो गाउँपालिका ८३.३२९९७८ उत्तरी अक्षांश र २७.३७०२१८ पूर्वी देशान्तरमा रहेको छ। यस गाउँपालिकाको २०७५ पार्श्वचित्रका आधारमा कुल जनसंख्या ४१,१३६ रहेको छ। यो गाउँपालिका ७ वटा वडामा विभाजन भएको छ।

*तालिका १ पुनसंरचित गाउँपालिकाको वडागत विवरण*

| वडा | साविक गाविस |
|---|---|
| १ | सेमरा मर्चवार |
| २ | रायपुर (१-४) |
| ३ | रायपुर (५-९) |
| ४ | सिलौटिया (१-५) |
| ५ | सिलौटिया (६-९) |
| ६ | बगौली (१-५) |
| ७ | बगौली (६-९) |

*श्रोत-२०७८ जनगणना*

### २.१.२ जनसंख्या विवरण तथा बनौट


यस तालिकामा विभिन्न वडाहरूका जनसंख्या, क्षेत्रफल, र जनघनत्वको विस्तृत विवरण छ। प्रत्येक वडामा रहेका पुरुष र महिलाको संख्या, तिनीहरूको कुल जनसंख्या, वडाको क्षेत्रफल, र जनघनत्व उल्लेख गरिएको छ। उदाहरणका लागि, वडा १ मा ३८१९ पुरुष र ३७८० महिला गरी कुल ७५९९ जनसंख्या रहेको

छ। यो वडाको क्षेत्रफल ९.७८ वर्ग किलोमिटर छ र जनघनत्व ७७७ प्रति वर्ग किलोमिटर छ। वडा २ मा २६३६ पुरुष र २६७० महिला गरी कुल ५३०६ जनसंख्या रहेको छ, जसको क्षेत्रफल ५.८९ वर्ग किलोमिटर र जनघनत्व ९००.८ छ। यस्तै गरी, अन्य वडाहरूको पनि जनसंख्या र जनघनत्वको विवरण दिइएको छ। वडा ६ मा सबैभन्दा उच्च जनघनत्व ११९५ छ भने वडा ७ मा सबैभन्दा कम जनघनत्व ५८७.१ छ।

*तालिका २ वडागत जनसंख्या विवरण*

| वडा | पुरुष | महिला | जम्मा | क्षेत्रफल | जनघनत्व |
|---|---|---|---|---|---|
| १ | ३८१९ | ३७८० | ७५९९ | ९.७८ | ७७७ |
| २ | २६३६ | २६७० | ५३०६ | ५.८९ | ९००.८ |
| ३ | ३७७९ | ३७०३ | ७४८२ | ८.६६ | ८६४ |
| ४ | २४६४ | २४४४ | ४९०८ | ६.१४ | ७९९.३ |
| ५ | २३४० | २३१४ | ४६५४ | ५.५ | ८४६.२ |
| ६ | ३५४७ | ३४०९ | ६९५६ | ५.८१९ | ११९५ |
| ७ | १९१४ | २०६१ | ३९७५ | ६.७७ | ५८७.१ |

*श्रोत-२०७८ जनगणना*





*चित्र १ उमेर समुह अनुसार जनसंख्या विवरण*

*श्रोत-२०७८ जनगणना*

यो जनसंख्याको विवरणले विभिन्न उमेर समूहमा पुरुष र महिलाको वितरण देखाउँछ। वृद्धावस्थामा महिलाको संख्या पुरुषभन्दा बढी रहेको पाइन्छ, विशेष गरी ९५ वर्षभन्दा माथि जहाँ महिलाको संख्या २१ र पुरुषको संख्या १८ छ। ७५-९४ वर्षका उमेर समूहमा पुरुषको संख्या महिलाभन्दा धेरै छ, तर ८०-८४ वर्षमा

संख्या लगभग बराबर छ। ६५-७४ वर्षका उमेर समूहमा पुरुषको संख्या महिलाभन्दा अझै धेरै देखिन्छ। ५०-६४ वर्षका उमेर समूहमा पुरुष र महिलाको संख्या लगभग समान छ। ४०-४९ वर्षका उमेर समूहमा महिलाको संख्या पुरुषभन्दा थोरै बढी छ, विशेष गरी ४०-४४ वर्षमा महिलाको संख्या १०९७ र पुरुषको संख्या १०५९ छ। ३०-३९ वर्षका उमेर समूहमा पनि महिलाको संख्या पुरुषभन्दा बढी छ। २०-२९ वर्षका उमेर समूहमा पुरुषको संख्या थोरै बढी देखिन्छ। १५-१९ वर्षका उमेर समूहमा महिला र पुरुषको संख्या लगभग समान छ। बाल्यावस्थामा (०-१४ वर्ष) पनि महिला र पुरुषको संख्या लगभग समान देखिन्छ। यो विवरणले नेपालमा वृद्ध महिलाको संख्या बढी रहेको र युवा र बाल्यावस्थामा लिङ्गीय सन्तुलन रहेको देखाउँछ।

### २.१.३ प्राकृतिक सम्पदा




*चित्र २ मर्चवारी गाउँपालिकाको नक्सा*

मार्चवारी गाउँपालिका नेपालको प्रदेश नं. ५ अन्तर्गत पर्ने एक सुन्दर र प्राकृतिक सम्पदाले भरिपूर्ण क्षेत्र हो। यहाँको भौगोलिक विविधता र प्राकृतिक स्रोतहरूले यसलाई एक आकर्षक स्थल बनाएको छ। गाउँपालिकामा मुख्य रूपमा कृषि योग्य जमीन छ, जहाँ विभिन्न प्रकारका बालीहरू उत्पादन गरिन्छ। चुरे पर्वत श्रृंखला यहाँको प्राकृतिक सम्पदामा महत्वपूर्ण स्थान ओगटेको छ। चुरे क्षेत्रको हरियाली र वन्यजन्तुहरूले यो क्षेत्रलाई रमणीय बनाएको छ।

यहाँका जंगलहरूमा विभिन्न प्रकारका वनस्पति पाइन्छन्, जसमा साल, सिसौ, खयर जस्ता रूखहरूको प्रमुखता छ। यी वनस्पतिहरूले गाउँपालिकाको पर्यावरणलाई सन्तुलित राख्न महत्वपूर्ण भूमिका खेल्छन्। जंगलहरूमा विभिन्न प्रकारका जंगली जनावरहरू जस्तै चित्तल, हरिण, बाँदर, खरायो, तितिर, बँदेल आदि पाइन्छन्। यहाँका वनस्पतिहरू र जंगली जनावरहरूले जैविक विविधतालाई समृद्ध बनाएको छ।

मार्चवारी गाउँपालिकामा विभिन्न साना ठूला खोला र नदीहरू पनि बहन्छन्। यी खोलाहरू स्थानीय कृषिको प्रमुख जल स्रोत हुन्। वर्षातको समयमा यहाँको जलस्तर बढ्ने हुँदा खेतबारीहरूलाई पर्याप्त सिंचाईको सुविधा मिल्छ। यहाँको भूमिगत जल स्रोत पनि पर्याप्त मात्रामा छ, जसले गर्दा ट्युबवेलको माध्यमबाट पानी निकालेर सिंचाई गर्न सकिन्छ। पानीको पर्याप्त उपलब्धता यहाँको कृषि उत्पादनमा सकारात्मक प्रभाव पार्छ।

प्राकृतिक सम्पदाको दृष्टिकोणले मार्चवारी गाउँपालिकामा विभिन्न पर्यटकीय स्थलहरू पनि छन्। हरियाली जंगल, सुन्दर नदीहरू, र विभिन्न प्रकारका वन्यजन्तुहरू पर्यटकहरूको लागि आकर्षणको केन्द्र हुन्। गाउँपालिकामा रहेका प्राकृतिक सम्पदाहरूको संरक्षण र प्रवर्द्धन गर्दै यहाँको पर्यावरणीय सन्तुलन कायम राख्न महत्वपूर्ण भूमिका खेल्न सकिन्छ। यसका साथै, यहाँका प्राकृतिक स्रोतहरूको उचित उपयोग गर्दै स्थानीय समुदायको आर्थिक विकासमा पनि योगदान पुऱ्याउन सकिन्छ।

अन्ततः, मार्चवारी गाउँपालिका आफ्नो प्राकृतिक सम्पदाको धनी छ। यहाँका जंगल, वनस्पति, वन्यजन्तु, खोला नदीहरू र हरियालीले यस क्षेत्रलाई प्राकृतिक रूपमा समृद्ध बनाएको छ। यस क्षेत्रको प्राकृतिक सम्पदाको संरक्षण र उचित उपयोग गर्दै, यहाँका स्थानीयबासीहरूको जीवनस्तरमा सुधार ल्याउन सकिन्छ र पर्यटकीय क्षेत्रको रूपमा पनि विकास गर्न सकिन्छ।

## २.२ भौतिक अवस्था

### २.२.१ सडक तथा यातायात

यस नगरपालिकामा ११ सदखारू रहेका छन् जसमध्ये सेमरा खैरघाट मार्ग १८ किमी लामो रहेको छ।

*तालिका ३ सडक सम्बन्धि विवरण*

| सि.न. | सडकको नाम | देखि | सम्म | लम्बाई (कि.मि.) | प्रकार (कच्ची, ग्राभेल, कालोपत्रे) |
|---|---|---|---|---|---|
| १ | बगली मार्ग | बझनी | रायपुर (अमवा) | ५ कि.मि. | कालोपत्रे |
| २ | अमुवा मार्ग | अनुपा | सेमरा | १० कि.मि. | कालोपत्रे |
| ३ | सेमरा मार्ग | सेमरा | डिहुली | १२ कि.मि. | कालोपत्रे |

| सि.न. | सडकको नाम | देखि | सम्म | लम्बाई (कि.मि.) | प्रकार (कच्ची, ग्राभेल, कालोपत्रे) |
|---|---|---|---|---|---|
| ४ | डिहुली मार्ग | हिङ्गु | बगली | ५ कि.मि. | कालोपत्रे |
| ५ | बगौली मार्ग | बगौली | चन्डीघाट | ३.५ कि.मि. | ग्राभेल |
| ६ | बगौली मनझरिया मार्ग | बगौली | मनझरिया | २.५ कि.मि. | ग्राभेल |
| ७ | दुवौलिया मार्ग | डुवलिया | रायपुर (चाटा) | ५ कि.मि. | ग्राभेल |
| ८ | रायपुर मार्ग | रायपुर | अवका | २.५ कि.मि. | ग्राभेल |
| ९ | सेमरा करौता मार्ग | सेमरा | करौता | ३.५ कि.मि. | ग्राभेल |
| १० | सेमरा खैरघाट मार्ग | सेमरा | खैरघाट | १८ कि.मि. | ग्राभेल |
| ११ | फुलवरिया मार्ग | फुलवरिया | पिपरहवा | ५.५ कि.मि. | ग्राभेल |

*श्रोतः मर्चवारी गाउँपालिका वडा कार्यालय, २०७५*

बझनीदेखि रायपुर (अमवा) सम्मको ५ किलोमिटर लामो बगली मार्ग कालोपत्रे छ। अनुपादेखि सेमरासम्मको १० किलोमिटर लामो अमुवा मार्ग पनि कालोपत्रे छ। सेमरादेखि डिहुलीसम्मको १२ किलोमिटर लामो सेमरा मार्ग, हिङ्गुदेखि बगलीसम्मको ५ किलोमिटर लामो डिहुली मार्ग, र बगौलीदेखि चन्डीघाटसम्मको ३.५ किलोमिटर लामो बगौली मार्ग ग्राभेल छ। बगौलिदेखि मनझरिया सम्मको २.५ किलोमिटर लामो बगौली मनझरिया मार्ग पनि ग्राभेल छ। डुवलियादेखि रायपुर (चाटा) सम्मको ५ किलोमिटर लामो दुवौलिया मार्ग, रायपुरदेखि अवका सम्मको २.५ किलोमिटर लामो रायपुर मार्ग, सेमरादेखि करौतासम्मको ३.५ किलोमिटर लामो सेमरा करौता मार्ग, र सेमरादेखि खैरघाटसम्मको १८ किलोमिटर लामो सेमरा खैरघाट मार्ग पनि ग्राभेल छन्। अन्त्यमा, फुलवरियादेखि पिपरहवासम्मको ५.५ किलोमिटर लामो फुलवरिया मार्ग ग्राभेल छ।

यी सडक बाहेक पैदलमार्ग पनि रहेका छन्। यहाँ २०७५ वडा विवरण अनुसार १८ मार्ग रहेका छन्, जस मध्ये सबै भन्दा लामो बगौली चोक मार्ग रहेको छ। त्यसैगरी यहाँ ९ पुल पनि रहेका छन्, जुन मध्ये सबै पक्कि नै हुन्।

### २.२.२ उर्जा

*तालिका ४ खाना पकाउने उर्जाको श्रोत*

| ऊर्जा स्रोत | प्रतिशत |
|---|---|
| काठ | ६४.४% |
| द्रवित पेट्रोलियम ग्यास (LPG) | २१.८% |
| बिजुली | ०.९% |
| गोरुको गोबर | १२.७% |
| बायोग्यास | ०.१% |
| मट्टितेल | ०.०४% |
| अन्य | ०.१% |

*श्रोत-२०७८ जनगणना*

काठ सबैभन्दा धेरै प्रयोग हुने ऊर्जा स्रोत हो, जसले कुल ऊर्जा खपतको ६४.४% भाग ओगटेको छ। दोस्रो स्थानमा २१.८% को साथमा द्रवित पेट्रोलियम ग्यास (LPG रहेको छ। गोरुको गोबर १२.७% को साथमा तेस्रो स्थानमा छ। बिजुलीले मात्र ०.९% ऊर्जा खपत ओगटेको छ। बायोग्यास र अन्य स्रोतहरु प्रत्येक ०.१% योगदान दिन्छन् भने मट्टितेल सबैभन्दा कम प्रयोग हुने स्रोत हो, जसको योगदान ०.०४% छ।

*तालिका ५ बत्तीका श्रोत*

| ऊर्जा स्रोत | प्रतिशत |
|---|---|
| बिजुली | ९२% |
| सौर्य ऊर्जा | ०.८% |
| मट्टितेल | ५.५% |
| बायोग्यास | ०.१% |
| अन्य | १.६% |

*श्रोत-२०७८ जनगणना*

बत्तिको श्रोतको सन्धर्भमा बिजुली सबैभन्दा धेरै प्रयोग हुने ऊर्जा स्रोत हो, जसले कुल ऊर्जा खपतको ९२% भाग ओगटेको छ। दोस्रो स्थानमा ५.५% को साथमा मट्टितेल रहेको छ। सौर्य ऊर्जा ०.८% को साथमा तेस्रो स्थानमा छ। बायोग्यासले ०.१% ऊर्जा खपत ओगटेको छ। अन्य स्रोतहरुको योगदान १.६% रहेको छ।

### २.२.३ संचार तथा प्रविधि

४.१% घरपरिवार कुनै पनि सुविधा वा सम्पत्ति बिना छन्। बाँकी ९५.९% घरपरिवारसँग कम्तिमा एक सुविधा वा सम्पत्ति छ। १२.२% घरपरिवारसँग रेडियो छ, जबकि २४% घरपरिवारसँग टेलिभिजन छ।

केवल ०.४% घरपरिवारसँग ल्याण्डलाइन टेलिफोन छ। सामान्य मोबाइल फोन ८१.८% घरपरिवारमा छ भने स्मार्ट मोबाइल फोन ५६.३% घरपरिवारमा छ।

कम्प्युटर वा ल्यापटप मात्र २.१% घरपरिवारमा छ, र ११.६% घरपरिवारले इन्टरनेटको पहुँच राखेका छन्। ०.६% घरपरिवारसँग कार, जीप, वा भ्यान छ भने २६.९% घरपरिवारसँग मोटरसाइकल वा स्कुटर छ। साइकल भने ८६.४% घरपरिवारमा छ।

विद्युतीय पंखा ६९.५% घरपरिवारमा छ, र ६.६% घरपरिवारसँग फ्रिज छ। वासिङ मेशिन ०.९% घरपरिवारमा पाइन्छ भने एयर कन्डिसनर ०.६% घरपरिवारमा पाइन्छ।

*तालिका ६ गाउँपालिकामा प्रविधिको प्रयोग*

| घरपरिवार सुविधाहरु बिना | ४.१% |
|---|---|
| कम्तिमा एक सुविधा / सम्पत्ति भएको घरपरिवार | ९५.९% |
| रेडियो | १२.२% |
| टेलिभिजन | २४% |
| ल्याण्डलाइन टेलिफोन | ०.४% |
| मोबाइल फोन (सामान्य) | ८१.८% |
| मोबाइल फोन (स्मार्ट) | ५६.३% |
| कम्प्युटर / ल्यापटप | २.१% |
| इन्टरनेट | ११.६% |
| कार / जीप / भ्यान | ०.६% |
| मोटरसाइकल / स्कुटर | २६.९% |
| साइकल | ८६.४% |
| विद्युतीय पंखा | ६९.५% |
| फ्रिज | ६.६% |
| वासिङ मेशिन | ०.९% |
| एयर कन्डिसनर | ०.६% |

*श्रोत-२०७८ जनगणना*

## २.३ सामाजिक अवस्था

यस गाउँपालिका भित्र विभिन्न जातजाति र विभिन्न धर्म सम्प्रदायको मानिसहरुको बसोबास रहेको छ। यस गाउँपालिकाको अधिकांश स्थानीयहरू कृषि पेशामा आवद्ध छन् भने व्यापार तथा व्यवासयमा पनि केहि मानिस आवद्ध भएको पाईन्छ। औद्योगिक दृस्टीकोणले हेर्दा न्युन संख्यामा साना तथा घरेलु उद्योग हरु रहेको पाइन्छ।

### २.३.१ शिक्षा


यस गाउँपालिकामा १५ सामुदायिक, १४ निजि तथा ६ मदरसा गरि कुल ३५ शैक्षिक संस्था छन् भने २ उच्च मावि रहेका छन्।

*तालिका ७ मर्चावारी गाउँपालिकाको साक्षारताको विवरण*

| वर्ग | जम्मा | पुरुष | महिला |
|---|---|---|---|
| पढ्न र लेख्न सक्छन् | ६८.७ | ७९.२ | ५८.१ |
| केवल पढ्न सक्छन् | ०.२ | ०.२ | ०.२ |
| पढ्न र लेख्न सक्दैनन् | ३०.९ | २०.४ | ४१.६ |

*श्रोत-२०७८ जनगणना*

यो विवरण मार्चवारी गाउँपालिकाको लागि शिक्षाको अवस्थालाई देखाउँछ। यसमा, कुल जनसंख्याको ६८.७ प्रतिशत मानिसहरु पढ्न र लेख्न सक्षम छन्, जसमा पुरुषको प्रतिशत ७९.२ र महिलाको प्रतिशत ५८.१ छ। यसले देखाउँछ कि पुरुषहरुमा साक्षरता दर धेरै उच्च छ। केवल पढ्न सक्ने जनसंख्या ०.२ प्रतिशत छ, जुन पुरुष र महिलामा समान छ। पढ्न र लेख्न नसक्ने जनसंख्या ३०.९ प्रतिशत छ, जसमा पुरुषको प्रतिशत २०.४ र महिलाको प्रतिशत ४१.६ छ। यसले महिलाहरुमा निरक्षरता दर धेरै उच्च रहेको देखाउँछ। यो तथ्यांकले मार्चवारी गाउँपालिकामा लिङ्गीय असमानता र शिक्षा क्षेत्रमा सुधारको आवश्यकता स्पष्ट रुपमा देखाउँछ।




*चित्र ३ शैक्षिक तह सम्बन्धि विवरण*

*श्रोत-२०७८ जनगणना*

मर्चावारि गाउँपालिकाको शिक्षामा विभिन्न तह र चरणहरू छन्। प्राथमिक शिक्षा (प्रा.शि.) मा सबैभन्दा बढी विद्यार्थी संख्या रहेको छ, जसमा ९,५८२ जना विद्यार्थी छन्। यसले देखाउँछ कि धेरैजसो विद्यार्थीहरू

प्रारम्भिक शिक्षा तहमा छन्। निम्न माध्यमिक तह (निम्न मा.) मा ६,६३७ जना विद्यार्थी छन्, जुन दोस्रो ठूलो संख्या हो। उच्च माध्यमिक तह (उच्च मा.) मा विद्यार्थी संख्या घट्दै जान्छ र यहाँ ४,२१० जना छन्। एस.एल.सी. (श्रेणी प्रयोग गरिने परीक्षा) मा ८५१ जना मात्र विद्यार्थी छन्, जुन पूर्व माध्यमिक शिक्षा पूरा गर्नुपर्ने परीक्षा हो। इंटरमीडिएट तहमा १,७९३ जना विद्यार्थी छन्, जुन उच्च माध्यमिक शिक्षा पछिको स्तर हो। स्नातक तहमा ३२७ जना मात्र विद्यार्थी छन्, जुन स्नातक डिग्रीका लागि पढ्दै छन्। स्नातकोत्तर एवं उच्चतर तहमा १३२ जना विद्यार्थी छन्, जुन उच्च शिक्षाको लागि विशेष अध्ययन गरिरहेका छन्। अन्य श्रेणीमा १ जना मात्र विद्यार्थी छन्, जसले अन्य कुनै शिक्षा लिइरहेको देखाउँछ। यस प्रकार, नेपालमा प्राथमिक तहमा सबैभन्दा बढी विद्यार्थीहरू छन् भने उच्च शिक्षा तर्फ जाने विद्यार्थीहरूको संख्या क्रमशः घट्दै गएको देखिन्छ। यो तथ्यांकले नेपालको शिक्षा प्रणालीमा प्राथमिक शिक्षाको महत्त्वपूर्ण स्थान देखाउँछ भने उच्च शिक्षामा पुग्ने विद्यार्थीहरूको कमीलाई पनि संकेत गर्दछ।

*तालिका ८ १०+२ पछी विद्यार्थीको रोजाईका विषय*

| विधा | जम्मा | पुरुष | महिला |
|---|---|---|---|
| मानविकी र समाजशास्त्र | ९.८ | ८.९ | ११.१ |
| व्यवस्थापन | १९ | २३.६ | १२.१ |
| शिक्षा | ४३.६ | ४०.३ | ४८.५ |
| विज्ञान र प्रविधि | ६.५ | ६.२ | ६.९ |
| स्वास्थ्य / चिकित्सा विज्ञान | २.५ | २ | ३.४ |
| इन्जिनियरिङ्ग | १.५ | २.४ | ० |
| कानून | ०.१ | ०.२ | ० |
| कृषि | १.५ | २.३ | ०.२ |
| वन | ०.६ | ०.७ | ०.५ |
| पशु विज्ञान / पशु चिकित्सा / मत्स्य | ० | ० | ० |
| कम्प्युटिङ / सूचना प्रविधि | ०.१ | ०.२ | ० |
| अन्य | १.३ | १ | १.७ |

*श्रोत-२०७८ जनगणना*

यस गाउँपालिकामा +२ पछिको उच्च शिक्षामा विभिन्न विधाहरूमा विद्यार्थीहरूको छनोट फरक फरक रहेको छ। मानविकी र समाजशास्त्रमा जम्मा ९.८ प्रतिशत विद्यार्थी छन्, जसमा ८.९ प्रतिशत पुरुष र ११.१ प्रतिशत महिला छन्। व्यवस्थापन विधामा १९ प्रतिशत विद्यार्थी छन्, जसमा पुरुषको संख्या २३.६ प्रतिशत र महिलाको संख्या १२.१ प्रतिशत छ। शिक्षा विधामा सबैभन्दा बढी ४३.६ प्रतिशत विद्यार्थी छन्, जसमा ४०.३ प्रतिशत पुरुष र ४८.५ प्रतिशत महिला छन्। विज्ञान र प्रविधिमा ६.५ प्रतिशत विद्यार्थी छन्, जसमा ६.२ प्रतिशत पुरुष र ६.९ प्रतिशत महिला छन्। स्वास्थ्य/चिकित्सा विज्ञानमा २.५ प्रतिशत विद्यार्थी छन्, जसमा २ प्रतिशत पुरुष र ३.४ प्रतिशत महिला छन्।

इन्जिनियरिङ्ग विधामा जम्मा १.५ प्रतिशत विद्यार्थी छन्, जसमा २.४ प्रतिशत पुरुष र कुनै महिला छैनन्। कानूनमा ०.१ प्रतिशत विद्यार्थी छन्, जसमा ०.२ प्रतिशत पुरुष र कुनै महिला छैनन्। कृषि विधामा १.५ प्रतिशत विद्यार्थी छन्, जसमा २.३ प्रतिशत पुरुष र ०.२ प्रतिशत महिला छन्। वन विज्ञानमा ०.६ प्रतिशत विद्यार्थी छन्, जसमा ०.७ प्रतिशत पुरुष र ०.५ प्रतिशत महिला छन्। पशु विज्ञान / पशु चिकित्सा / मत्स्य विधामा कुनै विद्यार्थी छैनन्। कम्प्युटिङ / सूचना प्रविधिमा ०.१ प्रतिशत विद्यार्थी छन्, जसमा ०.२ प्रतिशत पुरुष र कुनै महिला छैनन्। अन्य विधामा १.३ प्रतिशत विद्यार्थी छन्, जसमा १ प्रतिशत पुरुष र १.७ प्रतिशत महिला छन्। यसरी, शिक्षा, व्यवस्थापन र मानविकी विधामा सबैभन्दा बढी विद्यार्थीहरू छन् भने इन्जिनियरिङ्ग, विज्ञान र प्रविधि, र कृषि विधामा तुलनात्मक रूपमा कम विद्यार्थीहरू छन्।

### २.३.२ स्वास्थ्य

यस गाउँपालिकामा ४ स्वास्थ्य चौकीहरु रहेका छन्। ति मध्ये एक मा प्रसुती सेवा, ल्याव, क्लिनिक, एक्सरेको सेवा रहेको छ। स्वास्थ्य सम्बन्धि दरबन्दीको संधर्वमा कुनै विशेष चिकित्सक नभएको अवस्थामा, ४ हेल्थ असिस्टेन्ट, १ नर्स, १२ अहेव तथा १० अनमी रहेको पाइन्छ। त्यसैगरी १ ल्याव टेक्निसियन तथा ५ अन्य कर्मचारी रहेको पाइन्छ। यहाँ ६५ महिला स्वास्थ्य स्वयम् सेविका पनि रहेका छन्। त्यसैगरी खोप तथा पोषण सम्बन्धि विवरणको अनुसार डिपीटि, पोलियो, दादुरा, जापानिज इन्सेफ्लाइटिस आदि रहेका छन्।

यस गाउँपालिकामा देखिएका प्रमुख रोगको विवरण अनुसार निमोनिया, झाडा पखाला, मलेरिया, कालाजार, क्षयरोग, कुष्ठरोग, रक्तचाप, मुटुरोग, ग्यास्टिक, पक्षगात, एचाईभी, क्यान्सर, दम आदि रहेका छन्।

### २.३.३ खानेपानी तथा सरसफाई

*तालिका ९ खानेपानीको श्रोतको विवरण*

| खानेपानीको श्रोत | प्रतिशत |
|---|---|
| आफ्नो सिमाना भित्र धारा पानी | १०.९ |
| आफ्नो सिमाना बाहिर धारा पानी | ७ |
| ट्युबवेल | ८०.७ |
| छोपेको कुवा | ०.१ |
| खुला कुवा | ०.४ |

| | |
|---|---|
| मुहानको पानी | ०.०१ |
| खोला नदि | ०.०१ |
| जारको अथवा बोतल | ०.०३ |
| अन्य | ०.७ |

*श्रोत-२०७८ जनगणना*

मर्चवारी गाउँपालिकामा खानेपानीको स्रोत विभिन्न छन्। यहाँका १०.९ प्रतिशत घरधुरीले आफ्नो सिमाना भित्रको धाराबाट पानी प्राप्त गर्छन् भने ७ प्रतिशतले आफ्नो सिमाना बाहिरको धाराबाट पानी ल्याउँछन्। सबैभन्दा बढी, ८०.७ प्रतिशत घरधुरीले ट्युबवेलको पानी प्रयोग गर्छन्। छोपेको कुवा प्रयोग गर्नेको संख्या ०.१ प्रतिशत मात्र छ भने खुला कुवाको प्रयोग ०.४ प्रतिशतले गर्छन्। मुहानको पानी र खोला नदिको प्रयोग लगभग नगण्य छ, दुबैको प्रतिशत ०.०१ छ। जारको अथवा बोतलको पानी ०.०३ प्रतिशत घरधुरीले प्रयोग गर्छन् भने अन्य स्रोतहरूको प्रयोग ०.७ प्रतिशत छ। यसरी हेर्दा, ट्युबवेल मुख्य पानीको स्रोत रहेको देखिन्छ।

*तालिका १० चर्पी प्रयोग बारे विवरण*

| **चर्पीको किसिम** | **प्रतिशत** |
|---|---|
| फलस चर्पी (सामुहिक ढल) | १.०१ |
| फलस चर्पी (सेप्टिक टंकी( | ३५.८ |
| खाल्डो चर्पी | ३७.९ |
| सार्वजनिक चर्पी | ०.८ |
| सुविधा नभएको | २४.५ |

*श्रोत-२०७८ जनगणना*

मर्चवारी गाउँपालिकामा चर्पीको किसिम पनि विविध छन्। यहाँका १.०१ प्रतिशत घरधुरीले सामुहिक ढलको फलस चर्पी प्रयोग गर्छन् भने ३५.८ प्रतिशतले सेप्टिक टंकी भएको फलस चर्पी प्रयोग गर्छन्। सबैभन्दा धेरै, ३७.९ प्रतिशत घरधुरीले खाल्डो चर्पी प्रयोग गर्छन्। सार्वजनिक चर्पीको प्रयोग गर्ने घरधुरीको संख्या ०.८ प्रतिशत मात्र छ। अझै पनि, २४.५ प्रतिशत घरधुरीमा कुनै चर्पीको सुविधा छैन। यसबाट प्रस्ट हुन्छ कि अधिकांश घरधुरीमा अझै पनि आधारभूत सरसफाइको अभाव छ।

### २.३.४ महिला ,वालवालिका तथा ज्येष्ठ नागरिक

यस गाउँपालिकामा आवास इकाई मात्र महिलाको नाममा भएको प्रतिशत ०.८ छ। जमिन मात्र महिलाको नाममा भएको प्रतिशत ७.८ छ। आवास इकाई र जमिन दुवै महिलाको नाममा भएको प्रतिशत ५.२ छ। यद्यपि, ८३.५ प्रतिशत महिलासँग न आवास इकाई न जमिन रहेको देखिन्छ। यसबाहेक, २.७ प्रतिशतको अवस्था उल्लेख नगरिएको छ। यो तथ्यांकले देखाउँछ कि मार्चवारी गाउँपालिकामा अधिकांश महिलासँग व्यक्तिगत सम्पत्ति (आवास वा जमिन) छैन। केही महिलासँग मात्र आवास इकाई वा जमिन रहेको पाइन्छ भने दुवै सम्पत्ति भएको महिलाको संख्या अझै कम छ। महिलाहरुको सम्पत्ति स्वामित्वको यो अवस्था लैङ्गिक समानताको अभावलाई इंगित गर्दछ। समाजमा महिलाहरुको आर्थिक सशक्तीकरण र सम्पत्ति स्वामित्वको प्रवर्द्धन आवश्यक देखिन्छ।

मर्चवारी गाउँपालिकामा बालबालिका र वृद्धहरूको संख्या उल्लेखनीय छ। नेपालको नियम अनुसार, १४ वर्ष भन्दा कम उमेरका व्यक्तिहरूलाई बालबालिका मानिन्छ भने ६० वर्ष भन्दा माथिका व्यक्तिहरूलाई वृद्धको श्रेणीमा राखिन्छ। बालबालिकाहरूको जनसंख्या हेर्दा, ०-४ वर्ष उमेर समूहमा १९०५ पुरुष र १९२४ महिला छन्। ५-९ वर्ष उमेर समूहमा २३११ पुरुष र २२८८ महिला छन्। १०-१४ वर्ष उमेर समूहमा २४६२ पुरुष र २३८५ महिला छन्। यसरी, १४ वर्ष भन्दा कम उमेरका बालबालिकाहरूको कुल संख्या १८,५७५ रहेको छ।

वृद्ध जनसंख्या हेर्दा, ६०-६४ वर्ष उमेर समूहमा ५८५ पुरुष र ५४१ महिला छन्। ६५-६९ वर्ष उमेर समूहमा ६०८ पुरुष र ५६५ महिला छन्। ७०-७४ वर्ष उमेर समूहमा ४५८ पुरुष र ४१० महिला छन्। ७५-७९ वर्ष उमेर समूहमा २१३ पुरुष र १४६ महिला छन्। ८०-८४ वर्ष उमेर समूहमा ९२ पुरुष र ८८ महिला छन्। ८५-८९ वर्ष उमेर समूहमा ४३ पुरुष र ३८ महिला छन्। ९०-९४ वर्ष उमेर समूहमा २७ पुरुष र १७ महिला छन्। ९५ वर्षभन्दा माथि १८ पुरुष र २१ महिला छन्। यसरी, ६० वर्ष भन्दा माथि उमेरका वृद्धहरूको कुल संख्या ३,४७१ रहेको छ।

बालबालिकाहरूको हकमा, विद्यालय, स्वास्थ्य सेवा र खेलकुद सुविधा जस्ता आधारभूत आवश्यकताहरू अझै पनि पर्याप्त छैनन्। विद्यालयहरूमा कक्षाकोठा कम हुनु, शिक्षकहरूको अभाव हुनु, तथा खेलकुद सामग्रीको कमीले गर्दा बालबालिकाहरूको शैक्षिक र मानसिक विकासमा अवरोध पैदा भइरहेको छ। स्वास्थ्य सेवाहरूमा पनि बालबालिकाहरूलाई लक्षित गरेर पर्याप्त स्वास्थ्य जाँच तथा खोप कार्यक्रमहरूको अभाव छ। यसले गर्दा बालबालिकाहरूको स्वास्थ्यमा समस्या देखापर्ने सम्भावना बढेको छ। विशेष गरी, ग्रामीण क्षेत्रमा बालबालिकाहरूलाई उचित पोषण र स्वास्थ्य जाँचको पहुँचमा कठिनाइ छ, जसले उनीहरूको शारीरिक विकासमा बाधा पुऱ्याइरहेको छ।

वृद्धहरूको हकमा, स्वास्थ्य सेवा, सामाजिक सुरक्षा तथा देखभालको सुविधा पर्याप्त छैन। स्वास्थ्य चौकीहरूमा वृद्ध व्यक्तिहरूको लागि विशेष उपचार तथा स्वास्थ्य जाँचको व्यवस्था छैन। धेरै वृद्धहरू आर्थिक रूपमा परनिर्भर छन् र सामाजिक सुरक्षाको लागि राज्यबाट प्राप्त सहायता पर्याप्त छैन। वृद्धाश्रमहरूको संख्या निकै

कम छ, र भएका थोरै सुविधाहरू पनि पर्याप्त सेवाहरू प्रदान गर्न असक्षम छन्। वृद्धहरूको लागि विशेष स्वास्थ्य जाँच, औषधि उपचार तथा सामाजिक सुरक्षाको अभावले गर्दा उनीहरूको जीवनस्तरमा प्रतिकूल असर परिरहेको छ। वृद्धहरूलाई समाजमा सम्मानजनक जीवन बिताउनका लागि आवश्यक सेवाहरू उपलब्ध गराउनु जरुरी छ, जसमा स्थानीय तथा केन्द्रिय सरकारको विशेष ध्यान आवश्यक छ।

यसरी, मर्चवारी गाउँपालिकामा बालबालिका र वृद्धहरूको जनसंख्या उल्लेखनीय भएता पनि तिनीहरूको लागि आवश्यक आधारभूत सुविधा र सेवाहरू पर्याप्त छैनन्। यसले गर्दा उनीहरूको जीवनस्तरमा प्रतिकूल असर परिरहेको छ, जसलाई सुधार गर्न स्थानीय तथा केन्द्रिय सरकारले विशेष ध्यान दिनु आवश्यक छ।

### २.३.५ सांस्कृतिक उत्कृष्टता

*तालिका ११ जात अनुसार जनसंख्या विवरण*

| जात | जम्मा | पुरुष | महिला |
|---|---|---|---|
| यादव | १९.६ | १९.८ | १९.५ |
| कुर्मी | १३.२ | १३.४ | १३.१ |
| केवत | १०.३ | १०.४ | १०.२ |
| चमार | ८.५ | ८.४ | ८.६ |
| कोइरी कुशुवा / | ५.९ | ५.९ | ६.१ |
| मुसलमान | ५.९ | ५.६ | ५.९ |
| कहर | ४.२ | ४.१ | ४.२ |
| दुसाध | ३.८ | ३.८ | ३.७ |
| बराई | ३.२ | ३.३ | ३.१ |
| धोबी | ३.१ | ३.१ | ३ |

मार्चवारी गाउँपालिकामा विभिन्न जातजातिको जनसंख्या छ। यहाँ यादव समुदायको जनसंख्या १९.६ प्रतिशत छ, जसमा १९.८ प्रतिशत पुरुष र १९.५ प्रतिशत महिला छन्। कुर्मी समुदायको जनसंख्या १३.२ प्रतिशत रहेको छ, जसमा १३.४ प्रतिशत पुरुष र १३.१ प्रतिशत महिला छन्। केवत समुदायको जनसंख्या १०.३ प्रतिशत छ, जसमा १०.४ प्रतिशत पुरुष र १०.२ प्रतिशत महिला छन्। चमार समुदायको जनसंख्या ८.५

प्रतिशत रहेको छ, जसमा ८.४ प्रतिशत पुरुष र ८.६ प्रतिशत महिला छन्। कोइरी / कुशुवा समुदायको जनसंख्या ५.९ प्रतिशत छ, जसमा पुरुष र महिला दुबैमा ५.९ र ६.१ प्रतिशत छन्। मुसलमान समुदायको जनसंख्या पनि ५.९ प्रतिशत छ, जसमा ५.६ प्रतिशत पुरुष र ५.९ प्रतिशत महिला छन्। कहर समुदायको जनसंख्या ४.२ प्रतिशत छ, जसमा ४.१ प्रतिशत पुरुष र ४.२ प्रतिशत महिला छन्। दुसाध समुदायको जनसंख्या ३.८ प्रतिशत रहेको छ, जसमा ३.८ प्रतिशत पुरुष र ३.७ प्रतिशत महिला छन्। बराई समुदायको जनसंख्या ३.२ प्रतिशत छ, जसमा ३.३ प्रतिशत पुरुष र ३.१ प्रतिशत महिला छन्। धोबी समुदायको जनसंख्या ३.१ प्रतिशत छ, जसमा ३.१ प्रतिशत पुरुष र ३ प्रतिशत महिला छन्। विभिन्न जातजातिको यस विविधताले मार्चवारी गाउँपालिकाको सांस्कृतिक र सामाजिक संरचनालाई रंगीन र समृद्ध बनाएको छ।

*तालिका १२ जातीयताको आधारमा जनसंख्या*

| धर्म | कुल | महिला | पुरुष |
|---|---|---|---|
| हिन्दु | ९३.२ | ९३.५ | ९३ |
| वौद्ध | ० | ० | ० |
| इस्लाम | ६.७ | ६.४ | ७ |
| क्रिस्चियन | ०.१ | ०.१ | ०.१ |

*श्रोत-२०७८ जनगणना*

मार्चवारी गाउँपालिकामा धार्मिक विविधता धेरै कम छ। यहाँको जनसंख्यामा ९३.२ प्रतिशत मानिसहरू हिन्दु धर्म मान्ने गर्छन्, जसमा ९३.५ प्रतिशत महिला र ९३ प्रतिशत पुरुष छन्। यसबाट स्पष्ट हुन्छ कि हिन्दु धर्म यहाँको मुख्य धर्म हो र अधिकांश जनसंख्या यसै धर्ममा विश्वास राख्छ। इस्लाम धर्म मान्नेहरूको संख्या ६.७ प्रतिशत छ, जसमा ६.४ प्रतिशत महिला र ७ प्रतिशत पुरुष छन्। इस्लाम धर्म अनुयायीहरूको संख्या पनि उल्लेख्य मात्रामा रहेको देखिन्छ। क्रिस्चियन धर्म मान्नेहरूको संख्या नगण्य छ, केवल ०.१ प्रतिशत रहेको छ, जसमा महिला र पुरुष दुबैको प्रतिशत समान छ। बौद्ध धर्म मान्ने व्यक्तिहरूको संख्या यहाँ शून्य रहेको छ। धार्मिक दृष्टिकोणले गर्दा मार्चवारी गाउँपालिकामा हिन्दु धर्मको प्रमुखता स्पष्ट देखिन्छ।

*तालिका १३ मातृभाषा अनुसारको जनसंख्या*

| भाषा | कुल | पुरुष | महिला |
|---|---|---|---|
| भोजपुरी | ९७.१ | ९७.३ | ९६.९ |

| | | | |
|---|---|---|---|
| अवधि | २.४ | २.२ | २.६ |
| नेपाली | ०.४ | ०.४ | ०.४ |
| अन्य | ०.०४ | ०.०५ | ०.०३ |
| हिन्दी | ०.०३ | ०.०३ | ०.०२ |

*श्रोत-२०७८ जनगणना*

भाषाको सन्दर्भमा, मार्चवारी गाउँपालिकामा भोजपुरी भाषा बोल्नेहरूको संख्या अत्यधिक छ। यहाँ ९७.१ प्रतिशत मानिसहरूले भोजपुरी भाषा बोल्छन्, जसमा ९७.३ प्रतिशत पुरुष र ९६.९ प्रतिशत महिला छन्। भोजपुरी भाषाले यहाँको जनजीवनमा महत्वपूर्ण भूमिका खेल्छ र अधिकांश जनसंख्याले यसै भाषामा दैनिक कुराकानी गर्छन्। अवधि भाषा बोल्नेहरूको संख्या २.४ प्रतिशत रहेको छ, जसमा २.२ प्रतिशत पुरुष र २.६ प्रतिशत महिला छन्। नेपाली भाषा बोल्नेहरूको संख्या केवल ०.४ प्रतिशत रहेको छ, र यो प्रतिशत महिला र पुरुष दुबैमा समान छ। अन्य भाषाहरू, जस्तै हिन्दी, यहाँ अत्यन्तै कम मात्रामा बोलिन्छ, हिन्दी बोल्नेहरूको संख्या केवल ०.०३ प्रतिशत रहेको छ, जसमा ०.०३ प्रतिशत पुरुष र ०.०२ प्रतिशत महिला छन्। यसरी हेर्दा, मार्चवारी गाउँपालिकामा भोजपुरी भाषाको प्रमुखता स्पष्ट देखिन्छ र अन्य भाषाहरूको प्रयोग अत्यन्तै कम मात्रामा रहेको देखिन्छ।

## २.४ आर्थिक अवस्था

### २.४.१ मुख्य पेशा

२०७८ जनगणना अनुसार यस गाउँपालिकामा १० वर्ष माथिका पुरुष तथा महिलाको रोजगारी अवस्था निम्नानुसार छ। सबैभन्दा धेरै सीपयुक्त कृषि, वन र मत्स्य कामदार छन् जसमा जम्मा ६१प्रतिशत ३. छ। दोस्रो धेरै प्राथमिक कामदार छन् ५६.६२ महिलाहरुको प्रतिशत ६४.३पुरुषहरुको प्रतिशत छन्। छ। व्यवस्थापक ३९.२२ महिलाहरुमा २०.८प्रतिशत छन्। पुरुषहरुमा यो प्रतिशत २७.९जसमा जम्मा , व्यवसायिक, प्राविधिक र सहायक प्राविधिक, कार्यालय सहायक, सेवा बिक्री कामदार, हस्तकला र सम्बन्धित व्यापार कामदार, संयंत्र र मेशिन अपरेटर र असेंबलर, र सशस्त्र बलका विभिन्न क्षेत्रहरुमा पनि पुरुष र महिलाहरुको प्रतिनिधित्व देखिन्छ।यो विवरणले देखाउँछ कि महिला र पुरुष दुवै सबै पेसामा सक्रिय छन् तर पुरुषहरुको संख्यामा केही बढी देखिन्छ। विशेष गरी सशस्त्र बल र संयंत्र र मेशिन अपरेटर र असेंबलरमा पुरुषहरुको संख्यामा उल्लेखनीय रूपमा बढी देखिन्छ। महिलाहरु विशेष गरी प्राथमिक कामदार र सीपयुक्त कृषि, वन र मत्स्य कामदारमा बढी संलग्न देखिन्छन्। यो विवरण नेपालको रोजगारीको विविधता र लैङ्गिक विभाजनको राम्रो चित्रण गर्दछ।


*तालिका १४ पेशाका आधारमा घरधुरी विवरण*

| वर्ग | जम्मा | पुरुष | महिला |
|---|---|---|---|
| सशस्त्र बल | ०.०५ | ०.१ | ०.०१ |
| व्यवस्थापक | १.४ | १.९ | ०.७ |
| व्यवसायिक | १.६ | २ | ०.९ |
| प्राविधिक र सहायक प्राविधिक | ०.३ | ०.४ | ०.२ |
| कार्यालय सहायक | ०.३ | ०.४ | ०.१ |
| सेवा बिक्री कामदार | २.३ | ३.३ | ०.७ |
| सीपयुक्त कृषि, वन र मत्स्य कामदार | ६१.३ | ६४.३ | ५६.६ |
| हस्तकला र सम्बन्धित व्यापार कामदार | ३.२ | ४.५ | १.२ |
| संयंत्र र मेशिन अपरेटर र असेंबलर | १.४ | २.२ | ०.१ |
| प्राथमिक कामदार | २७.९ | २०.८ | ३९.२ |

*श्रोत-२०७८ जनगणना*

## २.४.२ आवास संरचना विवरण

तलको चित्रले यस मर्चवारि गाउँपालिकामा घरको प्रकार अनुसारको प्रतिशत देखाउँछ। यसमा विभिन्न घरको निर्माण सामाग्रीको प्रयोगको विवरण छ। ६१.९ प्रतिशत घरहरू सिमेन्ट संग ईटा वा ढुंगा प्रयोग गरेर बनाइएका छन्, जुन सबैभन्दा बढी प्रतिशत हो। माटो संग इट्टा वा ढुंगा प्रयोग गरेर बनेका घरहरू दोस्रो धेरै छन्, २५.२ प्रतिशत। आरसीसी (Reinforced Cement Concrete) प्रयोग गरेर बनेका घरहरूको प्रतिशत ७.७ छ। काठ वा बाँसको पिल्लर प्रयोग गरेर बनेका घरहरूको संख्या ४.७ प्रतिशत छ। अन्त्यमा, अन्य प्रकारका घरहरूको प्रतिशत ०.५ मात्र छ। यो विवरणले नेपालमा घरको निर्माणमा प्रयोग हुने विभिन्न सामाग्री र तिनको अनुपातको राम्रो चित्रण गर्दछ।




*चित्र ४ आवास संरचनाको विवरण*

*श्रोत-२०७८ जनगणना*

### २.४.३ वित्तीय तथा ऋणको अवस्था

*श्रोत-२०७८ जनगणना*

## २.५ वन वातावरण तथा विपद् जोखिम न्यूनीकरण र व्यवस्थापनको अवस्था

### २.५.१ वन तथा जैविक विविधता

यस गाउँपालिकामा अरु स्थानीय तहको तुलनामा कम वन रहेको छ त्यसैले यस गाउँपालिकामा जैविक विविधता पनि न्यून रहेको पाईन्छ।

### २.५.२ वातावरण व्यवस्थापन तथा जलवायु परिवर्तन अनुकूलन

यस गाउँपालिकाको कृषि तथा निर्माण प्रणालीहरुमा अझै पनि जलवायु परिवर्तन अनुकुलका प्रयत्नहरु सामेल भईसकेका छैनन्। तसर्थ पुर्व तयारि गरि हरेको वर्ष भई रहेको मौसम परिवर्तनलाई मध्यनजर गरि रणनीति विकास गर्न आवश्यक देखिन्छ।

### २.५.३ महामारी तथा विपद् व्यवस्थापन

कोरोना महामारीले हाम्रो देश तथा हरेको स्थानीय तहको महामारी विरुद्धको तयारि स्पष्ट बनाएको छ। त्यसैले भविष्यमा हुने यस्ता जैविक प्रकोप विरुद्ध तयार अवस्थामा रहन आवश्यक छ।

त्यसैगरी यस  गाउँपालिकामा बाढीले वर्षेनी गर्ने नोक्सानीको उचित लेखाजोखा नभएको अवस्था छ। हरेक वर्ष आउने बाढीले धेरै घरधुरीलाई प्रभावित गर्ने गरेको छ भने यस गाउँपालिकाको भूकम्प प्रतिरोधात्मक क्षमता पनि कम्जोर रहेको अवस्था छ।

# परिच्छेद ३ समष्टिगत योजनाको अवधारणा

## ३.१ पृष्ठभूमि

देशको कुनै पनि भूभागको विकास त्यसको योजनामा आधारित हुन्छ। योजनाबद्ध विकास गर्नु कुनैपनि पालिका तथा सरकारको प्रमुख एजेन्डा हुने गर्दछ। त्यसै अनुरुप यस आवधिक योजना निर्माण पनि योजनावद्ध विकासको अपरिहार्य कार्यका रुपमा हामीले लिएका छौं। कुनै पनि योजना को सुरुवात, त्यस गाउँपालिकाको दिर्घकालिन सोचमा अडिएको हुन्छ जसले योजनाको मार्ग दर्शाउने गर्दछ। दिर्घकालिन सोचको निर्माणले आवश्यक उपयुक्त नीति, सिद्धान्त, रणनीति, कार्यक्रम पहिचान गर्न सहज हुने र त्यसको स्पष्टताले योजनाले लक्षित गरेका सूचकहरुको पहिचान गरि सोच हासिल गर्न सकिन्छ। मर्चवारी गाउँपालिकाका अग्रणी क्षेत्रहरुमा कृषि, पर्यटन, उद्योग तथा पूर्वाधार विकासलाई मानिएको छ। यस आवधिक योजनामा पनि तिनै क्षेत्रहरुलाई गाउँपालिकाको दिर्घकालिन विकासका प्रमुख पक्षहरु मानिएको छ।

## ३.२ प्रमुख समस्या तथा चुनौती

- यस गाउँपालिकामा खेति किसानीमा युवाहरु आकर्षित नभएको र अधिकांश कृषक पाको उमेरका भएको पाईन्छ।
- रहेका स्रोतहरुको सदुपयोग गर्न जनचेतनाको कमि तथा पशु प्राविधिकहरुलाई उचित वातावरण प्रदान नगर्नु जस्ता चुनौती हरु देखिएको छ।
- पानीका मुहानहरुलाई वेवास्ता गर्दा भविष्यमा कमि हुन सक्ने सम्भावना रहेको छ।
- औद्योगिक उत्पादनमा गुणस्तरीयता कायम गर्न नसक्नुऔद्योगिक क्षेत्रमा पूर्वाधारको विकास बढ्न , नसक्नु समस्याहरु छन्।
- पर्यटन सम्बन्धि स्थानीय तहबाट पनि चासो व्यक्त नभएको देखिन्छ।
- अझै पनि बचतको महत्त्वको बारेमा स्थानीय सजग छैनन्।
- स्थ्य संस्थाहरुमा आवश्यक उपकरण र फर्निचर पनि नरहेको र पर्याप्त स्वास्थ्यकर्मी नहुनु
- महिला हिंसा र उत्पीडनमा परेपनि खुलेर कुरा राख्न नसकेका कारण अझै महिलाको स्थितिमा सकारात्मक परिवर्तन आउन नसकेको देखिन्छ।
- युवा रोजगार कार्यक्रमहरु पूर्ण रुपमा प्रभावकारी भएको छैन।
- भोल्टेजको कमीले गर्दा पर्याप्त बिजुली उपभोग गर्न नपाइएको छ।
- स्थानीयहरुलाई संचार पूर्वाधारको सदुपयोग गर्न सकिने पक्षहरुको बारेमा उचित जानकारी नभएको देख्न सकिन्छ

- एकीकृत तथा योजनावद्ध विकास गर्न असमर्थ हुनु, जनसंख्याको वढ्दो चापलाई व्यवस्थित गर्न नसक्नु, अव्यवस्थित शहरीकरण बढ्नु
- वन सम्पदाको सदुपयोग गरेर आर्थिक लाभ लिन नसक्नु,
- गाउँपालिकामा हाल नेतृत्व विकास, क्षमता अभिवृद्धि र सशक्तिकरणका क्षेत्रमा कार्य गर्ने अनुभवी संघ संस्थाहरू विध्यमान छैनन्

## ३.३ प्रमुख सम्भावना तथा अवसर

- यहाँ पशुपालनका लागि उपयुक्त चरण क्षेत्र रहेको पाईन्छ भने उपयुक्त हावापानी पनि रहेको छ।
- नदीहरु उपयोग गर्न सके सिंचाइको दायरा बढाउन सकिने अवसर रहेको पाईन्छ।
- मकै, धान र गहुँ जस्ता कृषि उपजहरुलाई प्रसोधन गर्ने उद्योगको निर्माण गर्न सके आर्थिक लाभ गर्न सकिने देखिन्छ।
- यहाँ जातिय किम्वदन्ति खोज अनुसन्धान गर्न सके नयाँ तथ्य उजागर गर्न सकिनेछ।
- सहुलियत ब्याजदर तथा दिर्घकालिन व्यावसायिक प्रयासहरुमा स्थानीय सहकारीहरूले लगानी गर्न गाउँपालिकाले सहजीकरण गरेमा आर्थिक विकासमा परिवर्तन आउने छ।
- सबै तहमा गुणस्तर शिक्षा अभिवृद्धि गर्नेको साथै रोजगारीमूलक शिक्षा विकास गर्न सकेको र अपूर्ण शिक्षक दरबन्दी छैन।
- सहि तथा कुशल ढंगले सूचना प्रवाह गर्न सके स्थानीयले स्थानीय तह मै सहज उपचार पाउने
- रिचार्ज पोखरीको मार्फत दिगो खानेपानी योजनाहरु संचालन गर्न सक्नु।
- यहाँ विद्यालय भर्ना दर रहेको पाईन्छ।
- खेलकुदलाई मनोरञ्जन भन्दा पनि व्यवसायिक र विश्व परिवेश अनुरुप प्रतिस्पर्धाको रुपमा जागरण गर्न सक्नु
- वैकल्पिक ऊर्जाको प्रबर्धन गर्नका निम्ति विभिन्न निजि तथा सरकारी संस्थाले देशभरि विभिन्न प्रयास र सो प्रविधिलाई कार्बन परियोजनाको रुपमा विकास गर्न सकिने अवस्थाले सम्भावना सृजना गरेको छ।
- अधिकांश स्थानहरुमा न्युनतम संचार सुविधा कायम गरिएको देखिन्छ र सोअनुरूप ७,८८४ घरधुरीमा मोबाईलको सुविधा उपलब्ध रहेको देखिन्छ।
- विगतका अनुभवहरु समेत आधार लिई दिगो तथा सुरक्षित विकास सुनिश्चित गर्ने
- वन पैदावारहरू सदुपयोग गरि तथा आयुर्वेदिक वनस्पतिहरु लगाई लाभ लिन सकिन्छ
- विभिन्न गाउँपालिकाको समितिहरूले आ–आफ्ना कार्य क्षेत्रहरूको दिर्घ कालिन गुरुयोजना निर्माण गर्ने प्रयासरत छन्।

## ३.४ निर्देशक सिद्धान्त

यस गाउँपालिकाले तल उल्लेखित चार वटा निर्देशक सिद्धान्तलाई विकास र समृद्धिका योजना कार्यान्वयन गर्ने र सरकार संचालन गर्ने मूलमन्त्रको रुपमा ग्रहण गर्नेछ।

- **व्यवस्थित भू-उपयोग र योजनावद्ध विकासः** कृषिको दिगो विकासका लागि भविष्यमा समेत उपयुक्त खेतीयोग्य जमिनको सुनिश्चितता गर्न र व्यवस्थित विकास प्रवर्धन गर्न आवश्यक भू-उपयोग नीति आत्मासाथ तथा स्थानीय तहको नीति पालना गर्न संयन्त्र, कानुनि र नीतिगत व्यवस्था गरि कार्यान्वयन गरिन्छ
- **पारदर्शी र प्रभावकारी सेवा प्रवाहः** स्थानीय तहलाई सेवा प्रवाह र विकास व्यवस्थापनको आधार केन्द्रको विकास गरेर जनताको आधारभूत हक अधिकारको सुनिश्चितता गर्ने र क्रमबद्ध विकास प्रोत्साहन गरिनेछ।
- **आधुनिक कृषि विकासः** कृषिलाई विकासको मूल स्तम्भका रुपमा लिइएकोले आवश्यक पूर्वाधार तयार गरि, उपकरणको व्यवस्था गरि, आवश्यक सिपको निम्ति प्रशिक्षण पनि दिइनेछ।
- **सूचना र नतिजा केन्द्रित विकास व्यवस्थापनः** यस गाउँपालिकाको विकास मुल्यांकन गर्ने प्रणाली विकास गरि नियमित तुलना गर्दै निर्देशित विकास गर्न जोड दिइनेछ।

## ३.५ सोच, लक्ष्य तथा उद्देश्य

### ३.५.१ दीर्घकालिन सोच

हामीले यस गाउँपालिकाले अपनाएको सोचलाई नै आधार मानेका छौं।

**"मर्चवारी गाउँपालिकाको आधारः कृषिमा आधुनिकीकरण, आर्थिक समृद्धिको पुर्वाधार"**

### ३.५.२ रणनीतिक लक्ष्य

यस प्रथम आवधिक योजनालाई मर्चवारी गाउँपालिकाको दिर्घकालिन सोच प्राप्त गर्ने आधार योजनाको रुपमा रहनेछ। गाउँपालिकाको सोच तर्फ उन्मुख हुनका लागि देहाय अनुसारको लक्ष्य लिइएको छः

**"आर्थिक रुपले , सुखी र सम्पन्न मर्चवारी गाउँपालिकाको मूल आधार तयार गर्ने"**

### ३.५.३ उद्देश्य

क. स्थानीय उत्पादन, रोजगारी र आयमा गुणात्मक तथा दिगो वृद्धि गर्नु

ख. स्वस्थ, सिर्जनशील, शिक्षित र सीपयुक्त मानव संसाधनको विकास गर्नु

ग. पारदर्शिता र जवाफदेहिता सहितको सेवा प्रवाह, कार्यसम्पादन विकास गर्नु

### ३.५.४ रणनीतिक स्तम्भ

लिइएको रणनीतिक लक्ष्य र उद्देश्य प्राप्तिका लागि निम्न अनुसारको रणनीतिक स्तम्भ पहिचान गरिएको छ। तय गरिएको स्तम्भहरुको आधार मा निम्न रणनीतिहरु पनि तयार पारिएको छ।

<u>स्तम्भ १</u>ःगाउँपालिकाको प्रति व्यक्ति आय वृद्धि

- कृषि भूमिको पूर्णता सदुपयोग गर्ने
- कृषि उत्पादन लाई प्रवर्द्धन, व्यवसायिकरण र विविधिकरण प्रोत्साहन गरि कृषकको उद्दामशीलता विकास गर्ने
- कृषि उत्पादनलाई बजारीकरण गर्ने
- स्थानीय कच्चा पदार्थ, श्रोत र साधन, सिप तथा प्रविधिमा आधारित लघु तथा घरेलु तथा साना उद्योगको विकास र विस्तार गर्ने
- पर्यटन प्रवर्द्धन र विकास गर्न सार्वजनिक, निजी सहकारी र सामुदायिक क्षेत्र संग साझेदारी एवं सहकार्य गर्ने
- व्यावसायिक गतिविधिमा केन्द्रित वित्तीय सेवाको पहुँच वृद्धि गर्ने

<u>स्तम्भ २</u>ः चुस्त र पारदर्शी सेवा सुनिश्चितता

- मानव अधिकार उल्लङ्घनका घटनाको अनुसन्धान तथा मानव अधिकार अवस्थाको अनुगमन गर्ने
- सिप तथा व्यावसायिक तालिमका अवसरहरु विकास र विस्तार गर्दै स्थानीय स्तरमा प्रतिस्पर्धा गर्न सक्ने जनशक्ति उत्पादन गर्ने
- गाउँपालिकालाई आन्तरिक रुपमा आवश्यक पर्ने दक्ष तथा अर्धदक्ष मानव संसाधनको विकास र उपयोगकोनिम्ति मानव संसाधन योजना तयार गर्ने

<u>स्तम्भ ३</u>ः दिगो विकसित पूर्वाधार निर्माण

- कृषि, पर्यटन तथा सामाजिक सेवा प्रवाहलाई सहज र सुलभ हुने गरि गुणस्तरीय पूर्वाधारको विकास र विस्तार गर्ने
- स्वास्थ्य सेवालाई सहज र गुणस्तरीय बनाउन आवश्यक पूर्वाधार निर्माण गर्ने
- सबै घरधुरीमा खानेपानी सुविधाको पहुँच सुनिश्चित गर्ने
- बार्हे महिना सिंचाई सेवा सहुलियाताको साथ उपलब्ध गराउनका लागि सतह बहुउद्देश्यीय र जलाशययुक्त सिंचाई, सामुदायिक boring आयोजनाहरु अघि बढाउने
- विद्यमान सिंचाई प्रणालीको संरक्षण, सम्भार र स्तरोन्नति गरि पूर्ण रुपमा उपयोग गर्ने
- नवीकरणीय ऊर्जा प्रविधिको विस्तार र प्रवर्धन गरी पहुँच र उपयोग वृद्धि गर्ने
- वैकल्पिक ऊर्जाको विकासमा लगानी वृद्धिको वातावरण सिर्जना गर्ने

- सडकको मापदण्ड, वर्गीकरणनामकरण र प्राथमिकताक्रम सहित यातायात गुरुयोजना तर्जुमा , सडक निर्माण र संचालन गर्ने
- इन्टरनेट सेवाको पहुँच अभिवृद्धि गर्ने
- भवन निर्माणमा भवन संहिताको सशक्त कार्यन्वयन गर्ने
-

स्तम्भ ४: आधारभूत सेवामा पहुँच तथा गुणस्तर सुनिश्चितता

- गुणस्तरीय तथा जिवानपयोगी शिक्षाको निश्चितता गर्ने
- सूचना प्रविधिमा आधारित प्रभावकारी संयन्त्रका स्थापना गरी विद्यालयहरुको अनुगमन र निरिक्षणलाई व्यवस्थित गर्ने
- आधारभूत स्वास्थ्य सेवालाई सहज र गुणस्तरीय बनाउने
- स्थानीय स्वास्थ्य संस्थाको सुदुधिकरण तथा सेवाको गुणस्तर अभिवृद्धि गर्ने
- महिलालाई उद्दमी र आत्मनिर्भर बनाई हक अधिकार सुनिश्चितता गर्ने
- ज्येष्ठ नागरिकलाई उचित सुविधा प्रदान गर्ने

स्तम्भ ५: सुन्दर, स्वच्छ गाउँको विकास

- स्वच्छ खानेपानी आपूर्तिलाई जनस्वास्थ्य र पूर्ण सरसफाई रणनीतिको रुपमा विकास गर्ने
- वनको उपयोग सुलभ र दिगो बनाउने
- वनमा फलफुल खेति गर्ने तथा आयुर्वेदिक बोटहरु लाउने
- वातावरण व्यासस्थापनलाई अंतरिकिकरण गर्दै वातावरण संरक्षण एवं प्रदुषण नियनत्रणका लागि संस्थागत क्षमता अभिवृद्धि गरि विकास कार्यक्रमको अभिन्न अंकका रुपमा संचालन गर्ने

## ३.६ परिमाणात्मक लक्ष्य

यस आवधिक योजनाको अन्तिममा देहाय अनुसारका लक्ष्य हरु पुरा हुनेछन्:

- वेरोजगारी २% भएको हुनेछ
- उत्पादनशील उद्योग संख्या १७५ पुग्नेछन्
- सुचारु सिचाई आयोजना संख्या २० हुनेछ
- आधारभूत पूर्वाधार सहित व्यवस्थित बजार संख्या १२ हुनेछन्
- वैकल्पिक उर्जाको नियमित प्रयोग गर्ने घर परिवार संख्या ८५ पूग्नेछ
- १५ देखि ६० उमेर समुहको साक्षरता ९५% भएको हुनेछ
- प्राथमिक स्वास्थ्य केन्द्र पुग्न लाग्ने औसत समय १० मिनेट हुनेछ
- कृषि विज्ञान सम्बन्धित अध्ययनरत विद्यार्थी संक्या ११२ पुग्नेछ

- स्वरोजगारीमा संलग्न युवा संख्या ३५०० पुग्नेछ
- Dumping साइट संख्या ३ हुनेछ
- कम्पोस्ट बिन प्रयोग गर्ने घर परिवार ३०% हुनेछ
- गाउँपालिकाको ५ भू-उपयोग नीति तयार भएको हुनेछ
- गाउँपालिकामा कार्यरत मानव संसाधन संख्या दोब्बर हुनेछ
- गाउँपालिकाको मातहतमा १० भवनहरु तयार हुनेछन्

## ३.७ रणनीति तथा प्राथमिकता

| रणनीति | कार्यनीति |
|---|---|
| **१. आर्थिक विकासका क्षेत्रहरूमा लगानी गरी आत्मनिर्भर पालिकाको आधार तयार गर्नु ।** | |
| १.१: कृषि, वागवानी र पशुपन्छि पालन पेशालाई व्यवसायिक एवं मर्यादित बनाई रोजगारका अवसरहरू सिर्जना गर्ने । | १. व्यवसायिक उत्पादन समुहको परिचालन गरिनेछ ।<br>२. व्यवसायिक सिप विकास कार्यक्रम सञ्चालन गरिनेछ ।<br>३. पकेट क्षेत्रको विस्तार र उत्पादन सहयोग कार्यक्रम सञ्चालन गरिनेछ ।<br>४. मागका आधारमा उच्च मुल्यका वाली प्रर्वधन गरिनेछ ।<br>५. उत्पादित वस्तुको गुणस्तर कायम गरिनेछ । |
| १.२: पर्यटन क्षेत्रको विकास र विस्तार गर्ने । | १. नयाँ गन्तव्य क्षेत्रका संभाव्यता अध्ययन र विकास गरिनेछ ।<br>२. भौतिक सुधार कार्यक्रम सञ्चालन गरिनेछ । |
| १.३: लघु उद्यमशिलता र स्वरोजगार निर्माण गर्ने । | १. मौलिक संस्कृति एवं प्रविधिको संरक्षण गरिनेछ ।<br>२. लघु उद्यमशिलताको विकास गरिनेछ ।<br>३. गरिवीका आधारमा लक्षित वर्ग किटान गरिनेछ । |
| १.४: सुरक्षित श्रम तथा रोजगारको सुनिश्चितता गर्ने । | १. सुरक्षित श्रम तथा रोजगार कार्यक्रम सञ्चालन गरिनेछ ।<br>२. सुरक्षित वैदेशिक रोजगारको व्यवस्था मिलाइनेछ ।<br>३. स्थानीय स्तरमा आधारित परियोजनामाको प्रवर्द्धन गरिनेछ । |
| १.५: वित्तिय संस्था र सहकारीको परिचालन व्यवस्थित गर्ने । | १. गरिवी र उत्पादनका आधारमा अनुदान दिने व्यवस्था मिलाइनेछ ।<br>२. एक टोल एक वचत समुह र सबै घरधुरी सहकारीमा आवद्ध हुने व्यवस्था मिलाइनेछ ।<br>३. सहकारीहरूको क्षमता अभिवृद्धि गरिनेछ । |
| **२. सामाजिक क्षेत्रको विकासद्वारा नागरिकको आधारभूत सेवामा पहुँचको सुनिश्चितता गर्नु ।** | |
| २.१: सर्वसुलभ गुणस्तरिय स्वास्थ्य सेवाको सुनिश्चितता गर्ने । | १. आधारभूत रुपमा सामान्य चिकित्सा सेवाको शीघ्र र प्रभावकारी सेवा प्रदान गरिनेछ ।<br>२. निदानात्मक, उपचारात्मक, प्रवर्धनात्मक र प्रतिरोधात्मक स्वास्थ्य सेवाको प्रवर्द्धन गरिनेछ ।<br>३. जीवनपथको अवधारणा अनुरुप बहुपक्षीय पोषण नीतिको कार्यान्वयन गरी समग्र विकास गरिनेछ ।<br>४. परिवार व्यवस्थापन सेवालाई थप विस्तार गरिनेछ । |

| | |
|---|---|
| | ५. सीमान्त एवं गरिबीको अवस्थामा रहेका समुदायलाई दीर्घजीवन सहयोग प्रदान गरिनेछ । |
| २.२: सवैका लागि गुणस्तरिय र अनिवार्य माध्यमिक शिक्षाको व्यवस्था गर्ने । | १. नतिजामा केन्द्रित शिक्षण विधि र जीवन उपयोगी शिक्षा लागू गरिनेछ ।<br>२. प्राविधिक र व्यवसायिक शिक्षा सञ्चालन गरिनेछ ।<br>३. सवैका लागी गुणस्तरिय शिक्षाका अवसर सुनिश्चित गरिनेछ । |
| २.३: सबैका लागी स्वच्छताको अवसर र सफा पिउने पानी सुनिश्चितता गर्ने । | १. सवैलाई खानेपानी र सरसफाईको अवसर सुनिश्चित गरिनेछ ।<br>२. स्वच्छताको वातावरण र रोग संक्रमणको जोखिमबाट सुरक्षाको अनुभुति गराइनेछ । |
| २.४: विशेष र खास समुहका नागरिकहरू अपाङ्गता), जोखिम अवस्थाका वालवालिका, हिंसा प्रभावित, जेष्ठ नागरिक, अल्पसंख्यक र सिमान्त अवस्थाका नागरिकको ( संरक्षण र सुरक्षामा प्राथमिकता प्रदान गर्ने । | १. सवै क्षेत्रमा लैंगिक समानता सुनिश्चित गरिनेछ ।<br>२. महिलामाथी हुने सवै प्रकारका हिंसालाई निरुत्साहित गरिनेछ ।<br>३. जातिय समावेशिकरणको सहज पहुँच स्थापित गरिनेछ ।<br>४. विशेष समुह, वर्ग र समुदायको विशेष संरक्षण, सहभागीता र सुरक्षालाई विकास योजनामा प्राथमिकता दिइनेछ ।<br>५. लैंगिक समानता, राजनीतिक, आर्थिक र सामाजिक जीवनमा सवै नागरिकद्धारा सार्वभौम समानता र सुरक्षाको अनुभुति गराइनेछ । |
| ३. **प्राथमिकताका आधारमा दीगो एवं आधुनिक भौतिक संरचनाको विकास गरी सम्मृद्ध पालिका निर्माण गर्नु।** | |
| ३.१: वस्तिस्तर सम्मका सडक सञ्जालहरूको विस्तार गरी वाह्रै महिना चल्ने दिगो सडक निर्माण गर्ने । | १. सङ्घीय तथा प्रदेश सरकारसँगको साझेदारिता गरिनेछ ।<br>२. गाउँपालिका भित्र निर्माण हुने सडकहरूलाई मापदण्डका आधारमा निर्माण मिटर ३०.क), ख१६. मिटर, गमिटर १०., घ .मिटर र ड ८ .६ मिटर चौडाईका सडकहरू (गरिनेछ ।<br>३. सडकका स्तरोन्नती र सुरक्षित यातायात प्रबन्ध मिलाइनेछ ।<br>४. सवै वस्तिहरू सम्म ट्रयाक खोलिनेछ । |
| ३.२: विद्युत र संचार संजालमा पहुँच विस्तार गर्ने । | १. सवै घरमा विद्युत उर्जा विस्तार गरिनेछ ।<br>२. सबै बस्तीहरूमा ईन्टरनेट सेवाको विस्तार गरिनेछ । |
| ३.३: सुरक्षित आवास र वस्ति विकास गर्ने । | १. एकिकृत वस्ति विकासका लागि निजी क्षेत्र र सहकारीहरूसँग साझेदारिता गरिनेछ ।<br>२. आवास तथा वस्तिहरूको उत्थानशिलता विकास गरिनेछ । |
| ४. **भू-उपयोग तथा वातावरण संरक्षण नीतिको कार्यान्वयन गरी विपद् तथा जलवायू परिर्तनका असरहरू न्यूनिकरण गर्नु ।** | |
| ४.१: भूउपयोग— नीति तथा वातावरण संरक्षण नीति निर्माण गरी कार्यान्वयन गर्ने । | १. गैर काष्ठजन्य पदार्थहरूको व्यवसायिक उत्पादनमा जोड दिइनेछ ।<br>२. जैविक विविधताको संरक्षण गरिनेछ ।<br>३. पर्यटन व्यवसायसँग समन्वय विस्तार सामुदायिक वन उपभोक्ता समितिसँगको साझेदारिता गरिनेछ ।<br>४. कृतिम सिमसार क्षेत्रको विस्तार गरिनेछ ।<br>५. शुष्म जलाधार व्यवस्थापन गरिनेछ । |

| | |
|---|---|
| ४.२: जैविक विविधताको संरक्षण र प्रवर्द्धन गरी वैज्ञानिक भुउपयोग व्यवस्था लागू गर्ने । | १. सामुदायिक वन उपभोक्ता समितिसँगको साझेदारिता गरिनेछ ।<br>२. कृतिम बाँधको निर्माण गरी पोखरी निर्माण गरिनेछ ।<br>३. उपयोगका आधारमा जमिनको चक्लावन्दिको व्यवस्था मिलाइनेछ ।<br>४. बाँझो जमिनको उपयोग गरिनेछ ।<br>५. वैज्ञानिक वन व्यवस्थापन गरिनेछ ।<br>६. भुमि वैकको व्यवस्थापन गरिनेछ । |
| ४.३: जलवायु अनुकुलन विधिद्धारा विपद व्यवस्थापन गर्ने । | ७. जलवायू अनुकुलन कार्य योजना तर्जुमा गरिनेछ ।<br>८. परम्परागत रुपमा अभ्यास गर्दै आएका वर्षे पानी सङ्कलन पोखरीहरूको सुधार र संरक्षण गरिनेछ । |
| ४.४: विपद् व्यवस्थापन र प्रतिकार्य क्षमताको विकास गर्ने । | ९. विपद पूर्वतयारी योजना निर्माण गरिनेछ ।<br>१०.विपद व्यवस्थापन मैत्री पूर्वाधार निर्माण गरिनेछ ।<br>११.स्वास्थ्य विपद् व्यवस्थापन गरिनेछ ।<br>१२.विपद्का समयमा गर्नु पर्ने उद्धार खोज कार्यका लागि विपद व्यवस्थापन समितिको संस्थागत क्षमता विकास गरिनेछ । |
| ५. **संस्थागत विकास र सुशासनका माध्यमबाट सार्वजनिक सेवालाई जनउत्तरदायी बनाउनु ।** | |
| **५.१**: कानूनी तथा नीतिगत व्यवस्था र अध्यावधिक गर्ने । | १. नियमावली र निर्देशिकाहरू निर्माण गरिनेछ ।<br>२. आवश्यक ऐनहरूको निर्माण र संशोधन गरिनेछ ।<br>३. नीतिहरूको निर्माण र अध्यावधिक गरिनेछ ।<br>४. कार्यकारिणी समिति अन्तर्गतका उपसमितिको कार्यसम्पादन — निर्देशिका तयारगरिनेछ । |
| **५.२**: सेवाप्रदायकहरूको संस्थागत संरचनामा सुधार गर्ने । | १. गाउँपालिकाको सेवाहरू चुस्त र दुरुस्त बनाइनेछ ।<br>२. डिजिटल तथ्याङ्कको व्यवस्थापन गरिनेछ ।<br>३. कर्मचारीहरूको क्षमता अभिवृद्धिका लागि कार्यक्रम सञ्चालन गरिनेछ । |
| **५.३**: सुशासन, जवाफदेहिता र पारदर्शिताको सुनिश्चितता गर्ने । | १. सेवाग्राही सन्तुष्टि सर्भेक्षण ड्यास बोर्डमा प्रर्दशन गरिनेछ ।<br>२. साप्ताहिक कार्य सम्पादन र खर्चको अवस्थालाई ड्यास वोर्डमा प्रदर्शन गरिनेछ ।<br>३. सार्वजनिक लेखा परीक्षण, सामाजिक परीक्षण सार्वजनिक सुनुवाई तथा GESI परीक्षण नियमित रुपमा गरिनेछ । |
| ६. **सामाजिक न्यायका आधारमा समतामुलक समाजको निर्माण गर्नु ।** | |
| ६.१: सामाजिक न्यायका आधारमा लैङ्गिक, धार्मिक, साँस्कृतिक रुपमा सारभूत समानता कायम गर्ने । | १३.जातिय छुवाछुत तथा भेदभाव रहितका नीति, ऐन र सामाजिक जागरणका कार्यक्रम तय गरिनेछ ।<br>१४.जनजाति र दलितको सशक्तिकरणका लागि अभियान सञ्चालन गरिनेछ ।<br>१५.बाल संरक्षण समितिको सबलीकरण कार्यक्रम सञ्चालन गरिनेछ ।<br>१६.स्कूलमा आधारित बालक्लव परिचालन गरिनेछ ।<br>१७.Geriatric Care र Orthopaedic Care सहित स्वास्थ्य उपचारको व्यवस्था गरिनेछ ।<br>१८.सङ्घीय सरकारबाट उपलव्ध सामाजिक सुरक्षा प्राप्त गर्ने नागरिकको अनुगमन गरी थप व्यवस्थाको आवश्यकता ठहर भएका नागरिकका लागि थप भत्ताको व्यवस्थापन गरिनेछ । |

| | |
|---|---|
| | १९.जातिय छुवाछुत तथा भेदभाव प्रति शून्य सहनशिलता कायम गरिनेछ ।<br>२०.बालबालिका तथा किशोरकिशोरीहरू माथि हुने उपेच्छा, हिंसा, दुव्यर्वहार र शोषण प्रति शून्य सशनशिलता निति अपनाइनेछ ।<br>२१.जेष्ठ नागरिकको हेरचाह, स्याहार सुसार र उपयुक्त वातावरण सिर्जना गरिनेछ ।<br>२२.सामाजिक सुरक्षा भत्ताको व्यवस्थापन र विमा योजना सञ्चालन गरिनेछ । |

## ३.८ लगानी, श्रोत अनुमान र बाँडफाँड

### ३.८.१ लगानी र स्रोत अनुमान

#### लगानीको आवश्यकता र स्रोत

नेपाल संघीय स्वरुपमा गए पश्चात सम्वृद्धिको दिशामा अगाडी बढ्नका लागि स्थानीय तह देखि नै विकास र सम्वृद्धि आवश्यक छ। तसर्थ गाउँपालिकाका सम्पूर्ण बस्ती, वडा तहसम्म यातायात, संचार, शिक्षा तथा स्वास्थ्य र सार्वजनिक सेवा सम्बन्धि पूर्वाधारको निर्माण तथा विस्तार गर्नका लागि लागनीको टड्कारो आवश्यकता रहेको छ। उच्च गुणस्तरको स्वास्थ्य, शिक्षा र पोषण सहितको मानव पुंजी निर्माण, कृषकमा नवीनतम ज्ञान तथा सीप विकास, यन्त्रीकरण, सिंचाई, भुमि विकास, चक्लाबन्दी र उच्च मूल्यका कृषि तथा वन पैदावारको विकास गरि कृषि क्षेत्रमा उत्पादकत्वमा वृद्धि गर्न आवश्यक छ। ऊर्जाको सहज र सुलभ उपलब्धता, आधुनिक प्रबिधिको अवलम्बन र उच्च प्रविधि तथा ज्ञानमा आधारित सेवा प्राप्त गर्न लागनीको आवश्यकता पर्ने देखिन्छ।

उपरोक्त प्रकृतिका भौतिक पूर्वाधार तथा सार्वजनिक सेवा प्रवाहका लागि गाउँपालिका सम्भव भएसम्म अन्तरिक आयमा वृद्धि, राजस्व तथा गैरकर राजस्व संकलनमा तदारुकता देखाई श्रोत संकलनमा योगदान दिन सक्छ। यसका अलावा पर्यटन क्षेत्रलाई बढोत्तरी गर्दै आन्तरिक तथा बाह्य पर्यटकबाट लाभ लिन सकिन्छ ।

#### स्रोत साधनको बाँडफाँड तथा परिचालनका आधारहरू

आवधिक योजना तथा मध्यमकालीन खर्च संरचना तर्जुमाको लक्ष्य तथा उद्देश्य हासिल गर्ने गरि श्रोत र साधनको बाँडफाड तथा परिचालन गर्नु आवश्यक छ। सम्वृद्धि आधार निर्माण गर्न सार्वजनिक, निजी र सहकारी क्षेत्र बीचको सहकार्यबाट उल्लेख्य उपलब्धि हासिल हुने गरि श्रोत साधनको बाँडफाड तथा परिचालन गर्नुपर्ने छ।

स्थानीय स्तरका कार्यक्रम र आयोजना स्थानीय तहबाट नै सम्पन्न गर्ने गरि श्रोत र साधनको बाँडफाड गर्नुपर्दछ। योजनाले लिएको लक्ष्य हासिल गर्न सार्वजनिक लगानीलाई कृषि तथा वन, उद्धोग पूर्वाधार निर्माण र अन्य पूर्वाधार निर्माण जस्ता क्षेत्रमा लागनी केन्द्रित गर्नु आवश्यक हुन्छ। मानवपुंजी निर्माण र सोको उच्चतम उपयोगले उत्पादकत्व अभिवृद्धि, उच्चआयको आधार निर्माण र सुखको अनुभूति हुन सक्छ

साथै पर्यावरण संरक्षण, सभ्य र न्यायपूर्ण समाज निर्माण तथा सुशासनलाई थप सुदृढ बनाउने गरि सार्वजनिक, निजी तथा सहकारी र सामुदायिक क्षेत्रको श्रोत परिचालन आवश्यक छ। यसको साथै श्रोत साधनको बाँडफाड गर्दा समग्र क्षेत्र, बर्ग, जातजाति बर्ण, लिंगको प्रतिनिधित्व हुने गरि सार्वजनिक निजी साझेदारीको अवधारणा अनुरुप चांडो प्रतिफल प्राप्त हुने, गरिबी निवारणहुने र स्थानीय श्रोत साधनको उच्चतम उपयोग हुने क्षेत्रमा श्रोत साधनलाई परिचालन गर्न आवश्यक छ।

## आय विवरण तथा प्रक्षेपण

मार्चवारी गाउँपालिकाको प्रथम आवधिक योजना (२०८०/८१ - २०८४/८५) अन्तर्गत बजेटका श्रोतहरू र तिनको वार्षिक प्रक्षेपणलाई विभिन्न शीर्षकहरूमा विभाजन गरिएको छ।

सबैभन्दा पहिले, आय शीर्षक अन्तर्गत २०७६/७७ देखि २०८४/८५ सम्मको वार्षिक प्रक्षेपण गरिएको छ, जहाँ प्रारम्भिक वर्षमा रु. ३८९,८३,४३९ हजारबाट सुरु भएको बजेट, अन्तिम वर्षसम्म रु. ११०,७३०,२९० हजारमा पुग्ने अनुमान गरिएको छ। राजश्वको श्रोतमा प्रारम्भिक वर्षमा रु. ७८,८२,९०३९ हजारबाट सुरु भएर अन्तिम वर्षसम्म रु. २७,४२१,५२० हजार पुग्ने लक्ष्य राखिएको छ। आन्तरिक श्रोतहरूमा २०७८/७९ पछि कुनै रकम नआउने प्रक्षेपण गरिएको छ।

राजश्व बांडफांडबाट प्राप्त रकम पनि वार्षिक रूपमा वृद्धि हुँदै २०७६/७७ मा रु. ३६८९०३२ हजारबाट सुरु भएर २०८४/८५ मा रु. २७४२१५२० हजारसम्म पुग्ने अनुमान गरिएको छ। बांडफाडबाट प्राप्त मुल्य अभिवृद्धि कर र सवारी साधन करमा पनि वृद्धि हुने अपेक्षा गरिएको छ।

अन्तर सरकारी वित्तीय हस्तान्तरणमा संघीय र प्रदेश सरकारबाट प्राप्त हुने अनुदानहरूको प्रक्षेपण गरिएको छ, जहाँ संघीय सरकारबाट प्राप्त हुने शसर्त अनुदान, समानीकरण अनुदान, र समपुरक अनुदानहरू उल्लेखनीय छन्। प्रदेश सरकारबाट पनि शसर्त अनुदान र समानीकरण अनुदानको प्रक्षेपण गरिएको छ, जसले गाउँपालिकाको आर्थिक स्रोतमा थप योगदान गर्नेछ।

समग्रमा, यस योजनाले मार्चवारी गाउँपालिकाको विभिन्न क्षेत्रहरूमा आर्थिक स्रोतको प्रक्षेपण गर्दै दीर्घकालीन विकासका लागि आवश्यक बजेटको व्यवस्था गर्न महत्वपूर्ण भूमिका खेल्नेछ।

| क.सं. | बजेटका श्रोतहरु | आ. व. | | बार्षिक प्रक्षेपण (आर्थिक वर्ष अनुसार रकम (रु. हजारमा) | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | २०७६/७७ | २०७७/७८ | २०७८/७९ | २०७९/८० | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ |
| १ | **आय** | **३८९८८३४३९** | **५७४६०६४०४** | **७८०७०५५७** | **८२६२३६००** | **८८४५१६००** | **९४९९८२३०** | **१०२३७८९६०** | **११०७३०२९०** |
| २ | **राजश्व** | **७८८२९०३९** | **१८७७३५८२४** | **१२८७०५५७** | **१४२५९६००** | **१६७११५२०** | **१९६५३८३०** | **२३१८४६००** | **२७४२१५२०** |
| ३ | **आन्तरिक श्रोत** | **७५१४०००७** | **११०३१९१२२** | **६५४२२५** | **०** | **०** | **०** | **०** | **०** |
| ४ | **राजश्व बांडफांडबाट प्राप्त रकम** | **३६८९०३२** | **७७४१६७०२** | **१२२१६३३२** | **१४२५९६००** | **१६७११५२०** | **१९६५३८३०** | **२३१८४६००** | **२७४२१५२०** |
| ४.१.१ | बाडफाड भई प्राप्त हुने मुल्य अभिवृद्धि कर | ५७५७९१३२ | ७२२९३७२१ | १०२१६३३२ | १२२५९६०० | १४७११५२० | १७६५३८३० | २११८४६०० | २५४२१५२० |
| ४.१.२ | बाडफाड भई प्राप्त सवारी साधन कर | ३६८९०३२ | ५१२२९८२ | २०००००० | २०००००० | २०००००० | २०००००० | २०००००० | २०००००० |
| ५ | **अन्तर सरकारी वित्तीय हस्तान्तरण** | **३११०५४४००** | **३८६८७०५८०** | **६५२०००००** | **६८३६४०००** | **७१७४००८०** | **७५३४४४००** | **७९१९४३६०** | **८३३०८७७०** |
| ५.१ | **संघिय सरकार** | **२८४९२९४००** | **३३४४६७५८०** | **६५२०००००** | **६८३६४०००** | **७१७४००८०** | **७५३४४४००** | **७९१९४३६०** | **८३३०८७७०** |
| ५.१.१ | शसर्त अनुदान (चालु) | १६१७२९४०० | १८४७६७०८० | ३१०००००० | ३३४८०००० | ३६१५८४०० | ३९०५१०८० | ४२१७५१७० | ४५५४९१९० |
| ५.१.२ | शसर्त अनुदान (पुँजीगत) | ० | ० | ० | ० | ० | ० | ० | ० |
| ५.१.३ | समानीकरण अनुदान | १२३२००००० | १४५१२५००० | ३४२००००० | ३४८८४००० | ३५५८१६८० | ३६२९३३२० | ३७०१९१९० | ३७७५९५८० |
| ५.१.४ | समपुरक अनुदान | ० | ४५७५५०० | ० | ० | ० | ० | ० | ० |
| ५.२ | **प्रदेश सरकार** | **२६१२५०००** | **५२४०३०००** | **०** | **०** | **०** | **०** | **०** | **०** |
| ५.२.१ | शसर्त अनुदान (चालु) | ८०००००० | १४८५०००० | ० | ० | ० | ० | ० | ० |
| ५.२.२ | समानीकरण अनुदान | ४५७४००० | ५४८८००० | ० | ० | ० | ० | ० | ० |
| ५.२.३ | समपुरक अनुदान | ५८००००० | २६०६५००० | ० | ० | ० | ० | ० | ० |
| ५.२.४ | विशेष अनुदान | ७७५१००० | ६०००००० | ० | ० | ० | ० | ० | ० |


## व्ययको प्रवृत्ति र प्रक्षेपण

मार्चवारी गाउँपालिकाको प्रथम आवधिक योजना अन्तर्गत विभिन्न आर्थिक वर्षहरूमा व्ययका श्रोतहरू र तिनका वार्षिक प्रक्षेपणहरूलाई विभिन्न शीर्षकहरूमा विभाजन गरिएको छ।

कुल व्ययमा २०७६/७७ मा रु. २,२१०,३४३४१५ हजारबाट सुरु भएको बजेट, २०८५/८६ सम्ममा रु. १,१०७,३०२९० हजार पुग्ने प्रक्षेपण गरिएको छ। चालु खर्चका लागि २०७७/७८ देखि २०७९/८० सम्म रु. २१०,२९२०८७ हजारदेखि रु. ५८२,५७४०० हजारको प्रक्षेपण गरिएको छ भने पुँजीगत खर्चमा २०७७/७८ मा रु. १६८,३९८०३२ हजारबाट सुरु भएको रकम, २०८५/८६ मा रु. ३३,१८९४९० हजार पुग्ने अनुमान छ। संघीय सरकारबाट शसर्त अनुदानको कुनै प्रक्षेपण नभए पनि २०७७/७८ मा रु. ४५,७५५५०० हजारको समपुरक अनुदानको प्रक्षेपण गरिएको छ। प्रदेश सरकारको शसर्त अनुदानमा २०७६/७७ देखि २०७७/७८ सम्मको रकम रु. ८००००० हजारदेखि रु. १४८,५०००० हजारको प्रक्षेपण गरिएको छ भने समपुरक अनुदानमा २०७६/७७ देखि २०७७/७८ सम्म रु. ५८,०००००० हजारदेखि रु. २६,०६५००० हजारको प्रक्षेपण भएको छ।

यस योजनाले गाउँपालिकाको वित्तीय श्रोतहरूको प्रक्षेपणमा महत्वपूर्ण मार्गनिर्देश प्रदान गर्नेछ।

| क.सं. | व्ययका श्रोतहरु | आ. व. | | | बार्षिक प्रक्षेपण (आर्थिक वर्ष अनुसार रकम (रु. हजारमा) | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | २०७६/७७ | २०७७/७८ | २०७८/७९ | २०७९/८० | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ |
| | **कुल व्यय** | २२१०३४४१५ | ४३०१८०६१९ | ४८१४६४६२ | ८२६२३६०० | ८८४५१६०० | ९४९९८२३० | १०२३७८९६० | ११०७३०२९० | ११०७३०२९० |
| १ | **चालु खर्च** | १८७३६६४२२ | २१०२९२०८७ | ४८१४६४६२ | ५२९६१२०० | ५८२५७४०० | ६४०८३२०० | ७०४९१६०० | ७७५४०८०० | ७७५४०८०० |
| २ | **पुंजीगत खर्च** | १२११६९९३ | १६८३९८०३२ | ० | २९६६२४०० | ३०१९४२०० | ३०९१५०३० | ३१८८७३६० | ३३१८९४९० | ३३१८९४९० |
| ३ | **संघिय सरकार** | ० | ४५७५५०० | ० | ० | ० | ० | ० | ० | ० |
| ३.१ | शसर्त अनुदान | ० | ० | ० | ० | ० | ० | ० | ० | ० |
| ३.२ | समपुरक अनुदान | ० | ४५७५५०० | ० | ० | ० | ० | ० | ० | ० |
| ३.३ | विशेष अनुदान | | | | | | | | | |
| ४ | **प्रदेश सरकार** | २१५५१००० | ४६९१५००० | ० | ० | ० | ० | ० | ० | ० |
| ४.१ | शसर्त अनुदान | ८०००००० | १४८५०००० | ० | ० | ० | ० | ० | ० | ० |
| ४.२ | समपुरक अनुदान | ५८००००० | २६०६५००० | ० | ० | ० | ० | ० | ० | ० |
| ४.३ | विशेष अनुदान | ७७५१००० | ६०००००० | ० | ० | ० | ० | ० | ० | ० |



# परिच्छेद ४ आर्थिक क्षेत्र

## ४.१ कृषि विकास

### ४.१.१ पृष्ठभूमि

देशका धेरै भू-भागमा झैं यस गाउँपालिकामा पनि कृषि मुख्य व्यवासय रहेको पाइन्छ। कृषि भुमिले गाउँपालिकामा कृषिमा उपयोग भएको जमिनको अवस्था अंकित गर्दछ। यस गाउँपालिकामा ६०% घरधुरीको मुख्य पेशा कृषि रहेको पाईन्छ। अहिलेको अवस्थामा कृषिमा प्रयोग भएको धेरै जग्गामा एक बालि बढी लगाईएको पाईन्छ। यहाँ रहेको कृषि योग्य जमिनमा अधिकांश भाग सिंचित भएको पाइन्छ।

### ४.१.२ समस्या तथा चुनौतीहरु

यस गाउँपालिकामा खेति किसानीमा युवाहरु आकर्षित नभएको र अधिकांश कृषक पाको उमेरका भएको पाईन्छ। त्यसैगरी कृषि निर्वाहमुखी मात्र रहनु र भएको व्यावसायिक कृषि उपजले पनि बजार नपाउनु समस्या रहेको पाईन्छ। त्यसैगरी नश्ल सुधार सम्बन्धि जनचेतनाको कमिले उत्पादनमा कमि आउनुको साथै पशु उत्पादनको सहज बजारीकरण नभएको समस्याहरु छन्। कृषि क्षेत्रका चुनौती भनेको उपयुक्त उपकरण र सिपबाट कृषिलाई आधुनिकरण गर्नु रहेको छ जसका लागि ठुलो लागतको साथ साथै दक्ष जनशक्तिको आवश्यक पर्दछ। रहेका स्रोतहरुको सदुपयोग गर्न जनचेतनाको कमि तथा पशु प्राविधिकहरुलाई उचित वातावरण प्रदान नगर्नु जस्ता चुनौती हरु देखिएको छ। त्यसैगरी पशुजन्य उत्पादनको स्वच्छता तथा गुणस्तर कायम गर्न पनि चुनौतिपूर्ण रहेको पाईन्छ।

### ४.१.३ सम्भावना तथा अवसरहरु

यस गाउँपालिकाको भूमिको उर्वरता र उपयोग गर्न सकिने जनशक्ति अवसरका पक्ष हुन्। विद्युतको पहुँच र सहुलियतमा वृद्धि गर्न सके सिंचाईको पनि समस्या हल गर्न। त्यसैगरी विदेशबाट फर्किएका युवा हरुलाई सिप, ज्ञान प्रदान गरि जनशक्ति बढाउन सकिने सम्भावना रहेको छ। नयाँ प्रबिधि र नया कृषिका प्रणाली पनि प्रयोगमा ल्याई उत्पादनमा प्रशंसनीय वृद्धि गर्न सकिने देखिन्छ।

यस गाउँपालिकामा पशुपालनका लागि उपयुक्त चरण क्षेत्र रहेको पाईन्छ भने उपयुक्त हावापानी पनि रहेको छ। कृषि उत्पादन पनि पशुपालनका लागि चाहिने दाना उत्पादनका निम्ति पर्याप्त रहेको छ भने मासु तथा दुग्ध जन्य उत्पादनको बजार मूल्य रहेको पाईन्छ। त्यसैगरी घाँसखेती गर्ने उचित व्यवस्थाको कमि भएको देखिन्छ भने पशुपन्छीलाई लाग्ने रोगहरुलाई निर्मुल पार्न असहज रहेको पाईन्छ। त्यसैगरी नश्ल सुधार सम्बन्धि जनचेतनाको कमिले उत्पादनमा कमि आउनुको साथै पशु उत्पादनको उचित बजारीकरण नभएको पाईन्छ। अहिलेको अवस्थामा बढ्दै गरेको पशु सेवा प्राविधिकहरु र गाउँपालिका स्तरमा पशुसेवा प्रसार संयन्त्रले नयाँ अवसर प्रदान गरेको देखिन्छ।

### ४.१.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना

**सोच**

कृषिमा आधुनिकीकरण सहितको व्यवसायीकरण

**लक्ष्य**

कृषि र पशुजन्य उत्पादनको गुणस्तर तथा मात्रा वृद्धि गरी व्यवसायीकरण गर्ने

**उद्देश्य**

१. कृषि उत्पादन र उत्पादकत्वमा वृद्धि गरि जीवन स्तर विकास गरिनेछ।

२. कृषि उत्पादनका लागि बजार व्यवस्था गरि व्यवसायीकरण गरिनेछ।

**रणनीति र कार्यनीति**

| उद्देश्य | रणनीति | कार्यनीति |
|---|---|---|
| १. कृषि उत्पादन र उत्पादकत्वमा वृद्धि गरि जिवन स्तर विकास गरिनेछ। | • कृषि भूमिको पूर्णता सदुपयोग गर्ने | • कृषि योग्य जमिनलाई कृषि गर्न अगुवा कृषकलाई प्रोत्साहन गरिनेछ।<br>• युवाहरुलाई लक्षित गरि आकर्षण बढाई जनशक्तिको वृद्धि गरिनेछ। |
| | • कृषि भूमिको उर्वरता निरन्तर कायम गरि वृद्धी गर्ने | • कृषि गर्ने आधुनिक तरिका कार्यन्वयन गरिनेछ।<br>• प्राकृतिक उर्भरता वृद्धि गरिनेछ। |
| | • कृषि उत्पादन लाई प्रवर्द्धन, व्यवसायिकरण र विविधिकरण प्रोत्साहन गरि कृषकको उद्दमशीलता विकास गर्ने | • बीउ तथा बेर्ना को उत्पादन स्थानीयस्तरमा गरिनेछ।<br>• सिचाई कुलो, पोखरी र अन्य आयोजना को नियमित मर्मत गरिनेछ।<br>• नयाँ प्रविधि भित्र्याउन आवश्यक उपकरण तथा सिपमुलक कार्यक्रम गरिनेछ। |
| २. कृषि तथा पशुपालन उत्पादन वृद्धि गरि बजार व्यवस्था गरिनेछ। | • कृषि उत्पादनलाई बजारीकरण गर्ने | • कृषि उत्पादनलाई भण्डारण गर्ने व्यवस्था गरिनेछ।<br>• कृषिलाई व्यवसायिक बनाउन बजार सहजीकरण गरिनेछ। |

| | | |
|---|---|---|
| | • पशुपन्छी उत्पादन प्रवर्धन, व्यवसायीकरण र विविधिकरण गरि कृषकको उद्दमशील बनाउने | • पशुपन्छी क्षेत्रहरु पहिचान तथा निर्धारण गरि सो सम्बन्धि सेवा, सुविधा र प्रविधि एकीकृत रुपमा उपलब्ध गराउने व्यवस्था गरिनेछ।<br>• पशुपालन पकेट क्षेत्रहरुमा पशुजन्य उत्पादन संकलन, प्रसोधन केन्द्रको विकास गरिनेछ।<br>• स्थानीय उद्दमी, व्यवसायी, सहकारीको साझेदारीमा पशुपन्छी पालन, उत्पादन, प्रसोधन उद्योग तथा केन्द्र स्थापनामा जोड दिइनेछ।<br>• इच्छुक युवा, लक्षित वर्गलाई पशुपालन उद्दम सिर्जना र विकास सम्बन्धि तालिम संचालन गर्ने।<br>• जैविक मलको महत्त्व बारे सचेतना गरि पशुपालनमा वृद्धि गरिनेछ।<br>• हावापानी उपयुक्त नश्ल पशुपन्छी उपलब्धि सहज गरिनेछ।<br>• स्थानीय माग र सम्भावना अनुसार अनुशन्धान गरि पशुपालन पकेट क्षेत्र स्थापना गर्ने। |

कार्यक्रम तथा आयोजना

- खर्बुजा, मकै, सब्जी खेति प्रवर्धन गर्ने
- उन्नत जातको बिउबिजन र मलको सहज र सुलभ रुपमा उपलब्ध गराउने
- उत्पादनलाई उचित मूल्य आउने गरि एउटा बजारको निर्माण गर्ने
- किसानहरु लाई कृषि तालिमको व्यवस्था गर्ने (बेमौसमी तरकारी)
- नहर को व्यवस्थापन गर्ने
- बगर खेति जस्तै खर्बुजा लाई मल, शिचाई, र बिमाको व्यवस्थापन गर्ने
- माछ पालनको लागि चाहिने तालिम र सामग्री को व्यवस्थापन गर्ने
- सिचाई को लागि टप्पु मा ट्रान्समिटर को जडान गर्ने

- मल, विउ तथा किटनासक औषधि वडा स्तरमा व्यवस्थापन गर्ने
- आवश्यक कृषक तालिम तथा कृषि बजार व्यवस्थापन गर्ने
- उत्कृष्ट प्रदर्शनी गर्ने कृषि फर्म तथा समुहहरुलाई पुरस्कार कार्यक्रम आयोजना गर्ने
- कृषि औजार संचालन तथा स्थानीय तहमा निर्माण गर्ने तालिम संचालन गर्ने
- चिस्यान केन्द्र स्थापना गर्ने
- ओरगनिक मल उत्पादन गर्न तालिमको संचालन गर्ने र वडा स्तर मा उत्पादन गरि प्रत्यक वडालाई आत्मानिर्बर बनाउने
- Drier Machine (मकै सुकाउनलाई) गाउपालिकामा व्यवस्थापन गर्ने
- गोबर ग्यास तथा गोठ सुधार कार्यक्रम गाउपालिका स्तरमा संचालन गर्ने
- कृषि पेसालाई मर्यादित बनाउन हरेक वर्ष उत्कृष्ट कृषक पुरस्कार वितरण गर्ने
- उत्कृष्ट पुरस्कृत कृषकहरूलाई जिल्ला स्तरिय तथा राष्ट्रिय कृषि मेला तथा कार्यक्रमहरूमा सहभागी गराउने
- बजारको जानकारीका लागि सूचना तथा सञ्चार प्रविधिको उपयोग र कृषि उपज मूल्य सङ्कलन तथा लाभ लागत अध्ययन गर्ने
- कृषि अनुसन्धान केन्द्रको स्थापना गर्ने

### ४.१.५ अपेक्षित उपलब्धि

- कृषि उत्पादन र उत्पादकत्वमा वृद्धि हुनेछ।
- कृषि पेशामा संलग्न घरधुरीको जीवन स्तर विकास हुनेछ।
- कृषि उत्पादनका लागि बजार व्यवस्था हुनेछ।
- कृषि केन्द्रित उद्योगहरु स्थापना हुनेछन्।

### ४.१.६ अनुमान तथा जोखिम पक्ष

- संघ तथा प्रदेश सरकारबाट आवश्यक सहयोग हुन पर्नेछ।
- जनस्तरमा कृषि क्षेत्रमा लगानी गरे बापतको कृषि गर्ने चाहना हुन पर्नेछ।
- गाउँपालिकामा आवश्यक सिपयुक्त तथा प्रविधिमैत्री मानव संसाधन हुन पर्नेछ।

## ४.२ सिंचाइ

### ४.२.१ पृष्ठभूमि

कृषि सँग प्रत्यक्ष रुपमा सम्बन्धित सिचाईले उत्पादनमा धेरै महत्त्वपूर्ण भूमिका खेल्दछ। नेपाल कृषिप्रधान देश भएपनि अझै अधिकांश कृषि आकासे पानीमा भर परेको देखिन्छ। यस गाउँपालिकामा पनि सिचाईको

अवस्था तराई भएको कारण उपयुक्त भएको देखिन्छ। अधिकांस वडाहरुमा रहेका घरधुरीहरु मध्ये अधिकांशमा मोटरको सिचाई श्रोत प्रयोग भएको देखिन्छ।

### ४.२.२ समस्या तथा चुनौती

यस गाउँपालिकाको सिचाई सन्दर्भमा सबल पक्ष भनेको जमिन मुनि प्रसस्त boring गर्न मिल्ने श्रोत हुनु हो। तर सो मुहानहरुलाई व्यवस्था गर्दा भविष्यमा कमि हुन सक्ने सम्भावना रहेको छ। त्यसैगरी सिचाईका लागि खेत सम्म विद्युतको सुविधा विस्तार गर्न नसकेको कारण boring सिचाईमा बाधा उत्पन्न गरेको देखिन्छ।

### ४.२.३ सम्भावना तथा अवसर

गाउँपालिकामा केहि नदिहरु पनि जलश्रोतको रुपमा रहेको देखिन्छ। सो नदीहरु उपयोग गर्न सके सिंचाइको दायरा बढाउन सकिने अवसर रहेको पाईन्छ। त्यसैगरी आकासे पानि संकलन गर्न विभिन्न स्थानमा सिंचाई पोखरी निर्माण गर्ने सम्भावना पनि रहेको देखिन्छ। तर आर्थिक कमजोरी  तथा भएका निर्माणको पनि नियमित मर्मत गर्न नसकेका कारण सिचाई विकासमा चुनौती उत्पन्न भएको देखिन्छ।

### ४.२.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना

<u>सोच</u>

सम्पूर्ण कृषियोग्य भुमिमा बाहैं महिना सिंचाई सुविधा

<u>लक्ष्य</u>

कृषियोग्य भुमिमा भरपर्दो र दिगो सिंचाई सेवामार्फत कृषि उत्पादकत्व तथा उत्पादनमा वृद्धि

<u>उद्देश्य</u>

- सिंचित क्षेत्र वृद्धि गर्नुका साथै जलश्रोतको बहुउद्देश्यीय उपयोगमा जोड दिनु
- विकसित सिंचाई प्रणालीमा व्यवस्थापन सुदृढिकरण गरी दिगोपन बढाउनु
- सिंचाईको आवश्यकता भएको स्थान र समयमा निर्वाध रुपमा पानीको उपलब्धता बढाउनु

<u>रणनीति तथा कार्यनीति</u>

| उद्देश्य | रणनीति | कार्यनीति |
|---|---|---|
| १. सिंचाईको आवश्यकता भएको स्थान र समयमा निर्वाध रुपमा पानीको उपलब्धता बढाउनु | • बाहैं महिना सिंचाई सेवा सहुलियताको साथ उपलब्ध गराउनका लागि सतह बहुउद्देश्यीय र जलाशययुक्त सिंचाई, सामुदायिक boring आयोजनाहरु अधि बढाउने | • जल उपयोग गुरुयोजना तयार गरि सम्भाव्य सिंचाई आयोजनाहरुको पहिचान गर्ने। <br>• कृषि उपजका पकेट क्षेत्रको सम्भावनाका आधारमा |

| | | |
|---|---|---|
| | • सिंचाई विकासको गुरुयोजना, कृषि विकास रणनीतिका लक्ष्यहरु परिपूर्ति र जलवायु परिवर्तन अनुकुल हुनेगरी सिंचाई प्रणालीको विकास एवं विस्तार गर्ने | सिंचाई आयोजनाको विकास गर्ने। <br>• सिम्वान्धित निकायसँग समन्वय गरी योजना संचालन गर्ने। <br>• सरकारी तथा गैरसरकारी संघ संस्थासँग समन्वय गरी सिंचाईका आधुनिक संरचनाहरुको निर्माण गर्ने। |
| २. विकसित सिंचाई प्रणालीमा व्यवस्थापन सुदृढिकरण गरी दिगोपन बढाउनु | • उच्च क्षमतामा संचालन गर्न प्राविधिक एवं आर्थिक दृष्टिकोणले उपयुक्त एवं नयाँ प्रणालीमा आधारित सिंचाईको विकास गर्ने <br>• विद्यमान सिंचाई प्रणालीको संरक्षण, सम्भार र स्तरोन्नति गरि पूर्ण रुपमा उपयोग गर्ने। | • मूल तथा स्रोतको संरक्षण गरि सिंचाई प्रणालीको दिगो उपयोग गर्ने। <br>• सिंचाई योजना बनाउँदा अनिवार्य रुपमा मर्मत संहार कोषको व्यवस्था गर्नका साथै उपभोगको आधारमा शुल्क संकलन गर्ने। <br>• सिंचाई उपभोक्ता समितिको क्षमता विकास गर्ने। <br>• सिंचाई प्रणालीको दिगो व्यवस्थापनका लागि उपभोक्ता समितिलाई जिम्मेवार बनाउन। <br>• कृषक व्यवस्थित सिंचाई आयोजनाहरुको नियमित मर्मत संहार गर्ने। |

कार्यक्रम तथा आयोजना

- खेतहरूमा विद्युतीय पहुँच विस्तार गरि सिचाई व्यवस्थापन गर्ने
- बृहत् सिचाई कार्यक्रम तथा आयोजनाहरू संचालन गर्ने
- मूल नहर निर्माण तथा नहर अन्तर्गतका शाखा र प्रशाखा नहरहरूको संरचना निर्माण तथा कमान्ड क्षेत्र विकास गर्ने

#### ४.२.५ अपेक्षित उपलब्धि

- सिंचित क्षेत्र वृद्धि भएको हुनेछ।
- जलश्रोतको बहुउद्देश्यीय उपयोगमा जोड दिइनेछ।
- विकसित सिंचाई प्रणालीमा व्यवस्थापन सुदृढिकरण भई दिगो हुनेछ।
- सिंचाईको आवश्यकता भएको स्थान र समयमा निर्वाध रुपमा पानीको उपलब्धता बढ्नेछ।

#### ४.२.६ अनुमान तथा जोखिम पक्ष

- मुहानहरुको क्षमता स्थिर हुनेछ तथा जलवायु परिवर्तन अनुकुलन प्रविधि भित्रिनेछ।
- भूमिगत सिंचाईमा केन्द्रित हुने भएकाले आवश्यक रिचार्ज कार्यक्रमहरु आयोजना गरिनेछ।
- सिंचाई र उत्पादकत्व बिचको सम्बन्ध प्रगाड बनाउन आवश्यक सीपयुक्त जनशक्तिको आवश्यक रहनेछ।

## ४.३ उद्योग, व्यापार, व्यवसाय तथा आपूर्ति

#### ४.३.१ पृष्ठभूमि

उद्योग, वाणिज्य र आपूर्ति आर्थिक क्रियाकलापरोजगारी तथा मूल्य अभिवृद्धि शृंखलाका प्रमुख आधार , हुन्। यस गाउँपालिकामा उद्योग तथा व्यापार फस्टाउन नसकेको अवस्था छ। आपूर्तिको लागि नजिकैका सहरहरुमा पनि भर पर्नु परेको देखिन्छ। उत्पादन र विक्रीको हिसाबले गाउँपालिकाको बजार केन्द्रको रुपमा आन्तरिक क्षेत्रहरु तोकिन पर्ने देखिन्छ।

#### ४.३.२ समस्या तथा चुनौती

औद्योगिक उत्पादनमा गुणस्तरीयता कायम गर्न नसक्नुऔद्योगिक क्षेत्रमा पूर्वाधारको विकास बढ्न नसक्नु , नै मर्चवारी गाउँपालिकाको प्रमुख समस्याहरु हुन्। त्यसैगरी उद्यमशिलता विकासमा होमिएका युवाहरुको मनोबल सुदृध बनाउन नसक्नु र वैदेशिक रोजगारीबाट फर्केका वर्गको उचित सिप परिचालन गर्न नसक्नु पनि समस्या रहेका छन्।

#### ४.३.३ सम्भावना तथा अवसर

यस गाउँपालिकामा मकै, धान र गहुँ जस्ता कृषि उपजहरुलाई प्रसोधन गर्ने उद्योगको निर्माण गर्न सके आर्थिक लाभ गर्न सकिने देखिन्छ। त्यसैगरी पशुपालन बाट भएका उत्पादनलाई पनि प्रसोधन तथा प्रचार गर्न सके अवसर सिर्जना हुने देखिन्छ।

#### ४.३.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना

सोच

कृषिजन्य उद्धोग वृद्धि गरी आर्थिक रुपान्तरण गर्नु

## लक्ष्य

- औद्योगिक उत्पादन एवं उत्पादनशील सेवा सुविधाको उपलब्धता गुणस्तरमा वृद्धि गरी रोजगारीको सुनिश्चिता गर्ने

## उद्देश्य

१. उद्धोग क्षेत्रको उत्पादन वृद्धि गरी रोजगारीका अवसर सिर्जना गर्ने
२. आन्तरिक निर्यात व्यापार प्रवर्द्धन गरी रोजगारी वृद्धि गर्ने
३. गाउँपालिकाको उत्पादन वृद्धि गरि आपूर्ति न्युनिकरण गर्ने

## रणनीति र कार्यनीति

यस गाउँपालिकामा उद्योग क्षेत्रमा विद्यमान समस्या तथा चुनौती मध्यनजर गरि दिर्घकालिन लक्ष्य प्राप्त गर्न देहायअनुसारका रणनीति, कार्यनीति तथा कार्यक्रम राखिएको छ।

| उद्देश्य | रणनीति | कार्यनीति |
|---|---|---|
| १. उद्धोग क्षेत्रको उत्पादन वृद्धि गरी रोजगारीका अवसर सिर्जना गर्ने | • स्थानीय कच्चा पदार्थ, श्रोत र साधन, सिप तथा प्रविधिमा आधारित लघु तथा घरेलु तथा साना उद्योगको विकास र विस्तार गर्ने | • कृषि. पशु, माछा र वनमा आधारित उत्पादन, प्रसोधन र बजारीकरण सम्बन्धि उद्योगको स्थापना र संचालन गर्ने।<br>• उत्साहित स्थानीय व्यावसायी, सहकारी, उद्यमीको साझेधारिमा कृषि उद्योग निर्माण गर्ने।<br>• युवा लक्षित सिपमुलक र उद्यमशीलता विकास गर्ने तालिम कार्यक्रम संचालन गर्ने। |

| | | |
|---|---|---|
| २. आन्तरिक निर्यात व्यापार प्रवर्द्धन गरी रोजगारी वृद्धि गर्ने | • निर्यात हुने सेवा र सुविधाको गुणस्तर बढाउन उत्पादनशील आयात र व्यवस्थापनमा जोड दिँदै निर्यात प्रवर्द्धन गर्ने | • निर्यातयोग्य वस्तु तथा सेवाको उत्पादन र विकासमा विकासमा स्थानीय श्रम, सिप र प्रविधिको उपयोग गर्दै पृष्ठ तथा अग्र सम्बन्धहरु सुदृढ गर्ने।<br>• निजि क्षेत्रको प्रतिस्पर्धि क्षमता अभिवृद्धिका लागि निजि क्षेत्रसँगको साझेदारीमा वस्तुको उत्पादन, गुणस्तर सुधार र निर्यात प्रवर्धन गर्ने।<br>• उद्योगको विकास र विस्तारद्वारा निर्यात प्रवर्धन गर्दै बस्तु तथा सेवाको बजार विविधिकरण एवं विस्तार गर्न वाणिज्य नीति निर्माण गर्ने।<br>• बाह्य लगानीलाई व्यापारिक वस्तु उत्पादन र रोजगारी वृद्धिमा प्रोत्साहन गर्ने।<br>• लघुवित्त प्रदायक संस्थाहरुसँगको सम्पर्कको विकास र बजारसँगको सम्बन्ध विस्तार गरी गरिव तथा पिछडिएका वर्ग, द्वन्दपिडित समुहलाई समेत लक्षित गरि लघु उद्यमलाई विस्तार गर्ने।<br>• लघुउद्यम तथा साना उद्योग मार्फत स्वरोजगार व्यवसाय सिर्जना र विकासका लागि लघु कर्जा कार्यक्रमलाई प्रभावकारी बनाउने। |
| | | • निर्यातका लागि सम्भाव्य मुख्य-मुख्य बस्तु तथा सेवाको निर्यात रणनीति तयार गर्ने।<br>• उच्च मूल्य र कम आयतन भएका वस्तु र सेवाहरुको निकासी बढाईनेछ। |

| | | |
|---|---|---|
| ३. गाउँपालिकाको उत्पादन वृद्धि गरि आपूर्ति न्यूनीकरण गर्ने। | • वाणिज्य सम्बन्धि विद्यमान संरचना, पूर्वाधार एवं आधारहरुको क्षमता अभिवृद्धि तथा सुदृढीकरणमा जोड दिँदै अधिकतम उपयोग गर्ने | • परम्परागत सीप र कौशल भएका बस्तु तथा सेवाको उत्पादनलाई संरक्षण, प्रवर्द्धन र व्यवसायीकरण गर्ने।<br>• गाउँपालिकामा थप नयाँ बैंक स्थापना तथा लघु उद्यमी व्यवसायिक सहकारीको विकास गर्ने।<br>• आन्तरिक बजार तथा बस्तु र सेवाको बजारीकरणको संरचना र क्षमता अभिवृद्धि गर्ने।<br>• स्थानीय उत्पादनको विक्रीबाट लाभ लिन संस्थागत व्यवस्था तथा पूर्वाधार विकास गर्ने।<br>• बजार केन्द्र तथा नाकाहरुलाई व्यापारिक केन्द्रको रुपमा विकास गर्न प्रयास गर्ने। |

<u>कार्यक्रम तथा आयोजना</u>

- चिया प्रसोधन उद्योग निर्माण गर्ने
- कृषि उत्पादनलाई उचित व्यवस्थापन गर्न गाउँपालिकाबाट सहजीकरण गर्ने
- खर्बुजा जुसको उद्योगको लागि सिपको व्यवस्थापन गर्ने
- मकै प्रसोधन तथा उत्पादन उद्योग निर्माण गर्ने
- सात ओटै वडामा सार्वजनिक-निजी साझेदारीमा कम्तीमा एक/एक वटाउद्योग स्थापना गर्ने
- उद्यमीहरूका लागि तालिम प्रदान गरी उपयुक्त प्रविधि हस्तान्तरण गर्ने
- महिला उद्यमशिलता विकास कोष स्थापना गरी महिला उद्यमीहरूलाई कर्जामा पहुँच वृद्धि गर्ने
- लघु उद्यम विकास कार्यक्रमको स्थापना गरी सात वटै वडामा लागु गर्ने
- वैदेशिक रोजगारीबाट फर्केका व्यक्तिहरूलाई उद्यमी बन्न उत्प्रेरित गर्ने खालका तालिम कार्यक्रमहरू सञ्चालन तथा प्राविधिक सहयोग गर्ने
- उद्योग स्थापना गर्नका निम्ति आधार तथ्याङ्क सङ्कलन गर्ने एवम् बजार नक्साङ्कन तयार गर्ने
- निर्यातयोग्य वस्तुहरूको कटिङ, ब्रान्डिङ, लेबलिङ र प्याकेजिङका तालिमहरू सञ्चालन

### ४.३.५ अपेक्षित उपलब्धि

- उद्धोग क्षेत्रको उत्पादन वृद्धि भएको हुनेछ।
- उद्योग केन्द्रित रोजगारीका अवसर वृद्धि भएको हुनेछ।
- आन्तरिक निर्यात व्यापार प्रवर्द्धन हुनेछ।
- गाउँपालिकाको उत्पादन वृद्धि तथा आपूर्ति न्युनिकरण भएको हुनेछ।
- गाउँपालिकाको कृषि उपजको सहि उपयोग हुनेछ।

#### ४.३.६ अनुमान तथा जोखिम पक्ष

- कृषि केन्द्रित उद्योगका निम्ति आवश्यक कृषि उत्पादन भएको हुनेछ।
- उद्योग संचालन तथा स्थानीय तहको समन्वयमा उचित अनुगमन तथा मुल्यांकन भएको हुनेछ।
- उद्योग संचालनलाई आवश्यक जनशक्ति तयार भएको हुनेछ।
- गैरसरकारी तथा निजो क्षेत्रको लगानी वृद्धि भएको हुनेछ।

## ४.४ पर्यटन, संस्कृति तथा सम्पदा

#### ४.४.१ पृष्ठभूमि

विश्व मानचित्रमा प्राकृतिक सुन्दरताले प्रख्यात नेपाल, दक्षिण एसियाकै प्रमुख पर्यटकीय गन्तव्य रहेको छ। धार्मिक तथा सांस्कृतिक सम्पदाले सम्पन्न देशको प्राय सबै ठाउँहरुमा पर्यटकीय दृष्टिकोणले सम्भावना बोकेका छन्। यस गाउँपालिकाको प्रमुख पर्यटकीय गन्तव्यको रुपमा विकास भएको मन्दिरहरु रहेको पाईन्छ।

#### ४.४.२ समस्या तथा चुनौती

हालमा कृषि पर्यटन संग सम्बन्धित उल्लेखनीय संस्था हरु संचालनमा छैनन्। पर्यटन सम्बन्धि स्थानीय तहबाट पनि चासो व्यक्त नभएको देखिन्छ। त्यसैगरी यहाँको मौलिक संस्कृति तथा सम्पदाको सहि पहिचान र प्रवर्धन हुन सकेको छैन। यहाँका मौलिक बाजा तथा भेषभूसा लोप भएको अवस्था रहेको छ।

#### ४.४.३ सम्भावना तथा अवसर

गाउँपालिकामा नमुना खेति गरि आन्तरिक पर्यटन विकास गर्ने अवसर रहेको छ। यस गाउँपालिकाको सम्पदा तथा संस्कृतिलाई पर्यटनसँग अन्तरसम्बन्ध विकास गरि प्रवर्धन गर्न सक्ने अवसर पनि रहेको छ। जातिय पहिचानको राजनीतिक सवालले हरेक जातजातिहरूका आफ्ना ईतिहास, भाषा, संस्कृति र सम्पदाहरू प्रति आम नागरिकमा चासो अभिवृद्धि भएको अवस्था छ। यहाँ जातिय किम्वदन्ति खोज अनुसन्धान गर्न सके नयाँ तथ्य उजागर गर्न सकिनेछ।

#### ४.४.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना

सोच

पर्यटकीय क्षेत्र विकातथा संस्कृति प्रवर्धन गरि रोजगारी सिर्जना

लक्ष्य

- पर्यटकीय स्थलहरु, सम्बन्धित पूर्वाधार, सेवा तथा सुविधाको प्रवर्द्धन भई पर्यटकको आगमनमा वृद्धि गर्ने तथा संस्कृति जगेर्नामा विशेष ध्यानाकार्षण गर्ने

## उद्देश्य

१. गाउँपालिकालाई आकर्षक तथा थप सुरक्षित गन्तब्यको रुपमा विकास गर्दै पर्यटन आगमनमा वृद्धि गरी प्रभावित परिवारको आयस्तरमा वृद्धि गर्नु
२. मौलिक संस्कृतिहरुको पहिचान गरि आवश्यक संरक्षण गर्नु

## रणनीति र कार्यनीति

| उद्देश्य | रणनीति | कार्यनीति |
|---|---|---|
| १. गाउँपालिकालाई आकर्षक तथा थप सुरक्षित गन्तब्यको रुपमा विकास गर्दै पर्यटन आगमनमा वृद्धि गरी प्रभावित परिवारको आयस्तरमा वृद्धि गर्नु | • पर्यटन प्रवर्द्धन र विकास गर्न सार्वजनिक, निजी सहकारी र सामुदायिक क्षेत्र संग साझेदारी एवं सहकार्य गर्ने | • प्रमुख पर्यटकीय स्थलहरु विकास गरि पहुँच वृद्धि गरिनेछ<br>• एकीकृत पर्यटकीय र मनोरञ्जन स्थल निर्माण तथा संचालनमा निजी क्षेत्र को लगानी प्रोत्साहन गरिनेछ |
| २. मौलिक संस्कृतिहरुको पहिचान गरि आवश्यक संरक्षण गर्नु | • लक्षित समुदाय संस्कृति पहिचान गर्ने तथा प्रवर्धन गर्ने | • संग्रालय निर्माण गर्ने<br>• मौलिक भेषभुसा तथा बाजागाजा प्रदर्शनी गर्ने वार्षिक कार्यक्रम गर्ने |

## कार्यक्रम तथा आयोजना

- पर्यटन क्षेत्रको सुधार र आन्तरिक पर्यटन प्रवर्द्धनका लागि सम्बन्धित ऐन, नियमहरू तथा आवश्यक नयाँ नियमावलीको तर्जुमा गर्ने
- पर्यटनको प्रतिफल ग्रामीण जनस्तरसम्म पुयई गरिबी न्यूनीकरणमा सघाउन पर्या- पर्यटन, कृषि पर्यटन तथा ग्रामीण पर्यटन विकासका लागि सामुदायिक एवम् निजी होमस्टेको स्तरवृद्धि लगायतका प्रवर्द्धनात्मक कार्यक्रम संचालन गर्ने
- पर्यटन प्रवर्द्धनका लागि निजी तथा अन्य क्षेत्र समेतको सहभागितामा प्रचारप्रसार अभियान कार्यक्रमहरू सञ्चालन गर्ने
-

### ४.४.५ अपेक्षित उपलब्धि

- गाउँपालिकाको पर्यटकीय स्थलहरुको उचित प्रवर्धन भएको हुनेछ।
- गाउँपालिकामा आन्तरिक पर्यटकको संख्या वृद्धि भएको हुनेछ।

- यस गाउँपालिकाको समुदायहरुको संस्कृति पहिचान र प्रवर्धन भएको हुनेछ।

### ४.४.६ अनुमान तथा जोखिम पक्ष

- स्थानीयहरुमा पर्यटन प्रति आकर्षण वृद्धि भएको हुनेछ।
- संस्कृति प्रवर्धन तथा सिप विकासका लागि आवश्यक अनुभव व्यवस्थापन हुनेछ।

## ४.५ बैंक, सहकारी, वित्तीय संस्था र सामुदायिक वित्त

### ४.५.१ पृष्ठभूमि

बैंक तथा वित्तीय संस्था, सहकारी र सामुदायिक वित्तको आर्थिक क्षेत्र विकासमा महत्त्वपूर्ण भुमिका भएको पाईन्छ। नेपाल संविधानले सहकारी क्षेत्रलाई स्थानीय तहको अधिकारमा राखेको पाइन्छ भने स्थानीय सरकार संचालन ऐनले स्थानीय तहको मातहतमा रहेका सहकारी संस्था सम्बन्धि नीति, कानुन, मापदण्ड निर्माण, कार्यन्वयन र नियमन गर्ने लगायतका विभिन्न अधिकार स्वयम् स्थानीय तहलाई सुम्पिएको पाईन्छ। यस गाउँपालिकामा बैंकको पहुँच उचित छैन।

### ४.५.२ समस्या तथा चुनौती

गाउँपालिका भित्र सहज उपलब्ध नभएको कारण स्थानीयलाई पहुँचको समस्या देखिएको छ। स्थानीय पहुँचमा सहजता ल्याउन सके अझै आर्थिक विकासमा ऋण तथा लगानीले सहयोग हुने अवसर रहेको देखिन्छ। त्यसैगरी अझै पनि बचतको महत्त्वको बारेमा स्थानीयलाई सजग बनाउनु चुनौतिपूर्ण देखिएको छ। सहकारी साक्षरता विस्तार गर्न र सहकारी लगानीलाई उत्पादनशील क्षेत्रमा परिचालन गर्न चुनौतिपूर्ण रहेको देखिन्छ। आर्थिक क्षेत्रमा सक्रिय भएपनि शिक्षा, स्वास्थ्य जस्ता सामाजिक क्षेत्रमा लगानी बढाउन तथा बचत तथा ऋणबिचको व्याजदरलाई सन्तुलन ल्याउन पनि चुनौतिपूर्ण रहेको देखिन्छ। त्यसैगरी अनुगमनको कमीले गर्दा गाउँपालिका,अ वित्तीय संस्था तथा स्थानीय बीच उचित साझेधारी विकास गर्न नसकिएको अवस्था छ।

### ४.५.३ सम्भावना तथा अवसर

पहुँच सुदृढ नभएपनि खाताको हिसाबले संख्या उत्साहाजनक रहेको देखिन्छ। बढी जनताको कुनै हिसाबको खाता भएको देखिन्छ। तसर्थ यस गाउँपालिकाको यस क्षेत्रमा सबल पक्ष भनेको अधिकांश स्थानीयको कुनै स्थानीयलाई बचत खाता हुनु देखिएको छ। त्यसैगरी सहुलियत ब्याजदर तथा दिर्घकालिन व्यावसायिक प्रयासहरुमा स्थानीय सहकारीहरूले लगानी गर्न गाउँपालिकाले सहजीकरण गरेमा आर्थिक विकासमा परिवर्तन आउने देखिन्छ। यस गाउँपालिकाको कृषिको प्रबल सम्भावनालाई मध्यनजर गर्दै वित्तीय संस्थाहरुलाई उचित अनुगमन सहित परिचालन गर्न सके, स्थानीयहरूको आय वृद्धिमा ठुलो टेवा पुर्याउन सकिने अवसर पनि रहेको छ।

### ४.५.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना

सोच

स्थानीय श्रोत, श्रम, सीप र पुँजीको अधिकतम परिचालनमार्फत आर्थिक-सामाजिक रुपान्तरण

लक्ष्य

उपलब्ध स्थानीय श्रोत, श्रम, सीप र पुँजीको सामुहिक रुपमा परिचालन गरी सामाजिक सशक्तिकरण गर्ने

उद्देश्य

१. बैंक तथा वित्तीय सेवामा लक्षित वर्गको पहुँच वृद्धि हुने।

२. ऋण तथा लगानीमा बैंक र वित्तीय संस्थाको माध्यमबाट सहज वातावरण बनाइने ।

रणनीति र कार्यनीति

यस गाउँपालिकामा बैंक तथा वित्तीय संस्था क्षेत्रमा विद्यमान समस्या तथा चुनौती मध्यनजर गरि दिर्घकालिन लक्ष्य प्राप्त गर्न देहायअनुसारका रणनीति, कार्यनीति तथा कार्यक्रम राखिएको छ।

| उद्देश्य | रणनिती | कार्यनीति |
|---|---|---|
| १. बैंक तथा वित्तीय सेवामा लक्षित वर्गको पहुँच वृद्धि भएको हुनेछ। | • व्यावसायिक गतिविधिमा केन्द्रित वित्तीय सेवाको पहुँच वृद्धि गर्ने | • बैंक तथा वित्तीय संस्थाको माध्यमबाट कृषि क्षेत्रमा लगानी वृद्धि गरि पैरवी गर्ने।<br>• आर्थिक कारोवार विस्तारका लागि बैंक तथा वित्तीय संस्थाका साखा विस्तार सहजीकरण गर्ने। |
| २. ऋण तथा लगानीमा बैंक र वित्तीय संस्थाको माध्यमबाट सहज वातावरण बनाइने छ। | • उद्दमशील युवा लक्षित बैंक तथा वित्तीय सेवा विस्तार गर्ने। | • युवालाई व्यासायिक ऋणमा सहुलियत र सहजताका साथै प्रोत्साहन गर्ने।<br>• वैदेशिक रोजगारबाट फर्केका युवाहरुको सिप सदुपयोग गर्न व्यवसाय गर्न प्रोत्साहन र आर्थिक सहजीकरण गर्ने। |

योजना तथा कार्यक्रम

- हरेक बस्ती तथा टोलमा महिला आत्मनिर्भर समूहहरूको गठन र परिचालन

- सहकारीको व्यवसायिक योजना निर्माण
- डिजीटल अभिलेखनका लागि सहजिकरण कार्यक्रम
- सहकारी सिद्धान्त र अन्तरराष्ट्रिय अभ्यासको आधारमा अनुगमन
- गरिबी स्तर अनुसार आयआर्जन बृद्धिका लागि सहकारी मार्फत सहायता कार्यक्रम

### ४.५.५ अपेक्षित उपलब्धि

- बैंक तथा वित्तीय सेवामा लक्षित वर्गको पहुँच वृद्धि भएको हुनेछ।
- ऋण तथा लगानीमा बैंक र वित्तीय संस्थाको संलग्नता वृद्धि भएको हुनेछ।
- उचित स्थानीय नीति तथा कानुनका माध्यमबाट सहज वातावरण बनाइने छ।

### ४.५.६ अनुमान तथा जोखिम पक्ष

- गैरसरकारी तथा निजि क्षेत्रको लगानी भएको हुनेछ।
- ३ तहकै सरकार बीच आवश्यक समन्वय भएको हुनेछ।

## ४.६ श्रम, रोजगारी र सामाजिक सुरक्षा

### ४.६.१ पृष्ठभूमि

प्रत्येक नागरिकलाई रोजगारीको प्रत्याभूति गर्न संविधानमा रोजगारीको हकको व्यवस्था गरिएको छ। गाउँपालिका भित्र पर्याप्त रोजगारीको अवसर नभएको कारण ठुलो संख्यामा युवाहरु वैदेशिक रोजगारीमा जाने गरेको देखिन्छ। यहाँ सबैभन्दा बढी घरधुरीको मुख्य आय श्रोत कृषि तथा पशुपालन नै भएको देखिन्छ। त्यसैगरी दैनिक ज्यालादारी, वैदेशिक रोजगारी, व्यापार तथा व्यवसाय क्रमश आउने गरेको पाईन्छ। रोजगारको संवेदनशीलता मध्यनजर गरेर रोजगार नीतिको तर्जुमा अत्यावश्यक देखिन्छ। वेरोजगारको लागत संकलन, न्युनतम ज्यालाधार निर्धारण, निकृष्ट प्रकृतिका श्रममा संलग्न बालश्रमिकको उद्दार, रोजगारसम्बन्धी स्थानीय कार्ययोजनाको तर्जुमा गरिएको देखिन्छ जसको कार्यन्वयन अपरिहार्य देखिन्छ।

### ४.६.२ समस्या तथा चुनौती

श्रमिप्रतिको सम्मानमा कमि हुनु, उद्यमशीलता पर्याप्त विकास हुन नसक्नु, श्रम, सिप र उत्पादनबीच सन्तुलन नहुनु, स्वरोजगारको प्रवर्धन हुन नसक्नु र उत्पादनशिल रोजगारीको सिर्जना पर्याप्त हुन नसक्नु, वैदेशिक रोजगारीबाट प्राप्त सिपको उचित सदुपयोग गरि रोजगारी सिर्जना गर्न नसक्नु , सीपयुक्त श्रमको माग र आपुर्ति बिचको असन्तुलनता न्यूनीकरण गर्न नसक्नु तथा रोजगारमैत्री लगानीलाई प्रोत्साहन गर्न नसक्नु जस्ता समस्याहरु रहेको देखिन्छ।

### ४.६.३ सम्भावना तथा अवसर

यस गाउँपालिकामा कृषि, पर्यटन, पूर्वाधार विकास जस्ता श्रम आवश्यक पर्ने क्षेत्रहरुको विकास हुँदै गरेको देखिन्छ। त्यसैगरी शिक्षित जनसंख्याको संख्या बढ्दै जानु, वैदेशिक रोजगारबाट फर्केकाहरुको सिप तथा ज्ञानले रोजगार सिर्जना गर्ने अवसर प्रदान गरेको छ। श्रम बजारमा पनि बढ्दै गरेको माग, स्वरोजगारीमा सिमित भएपनि आरम्भ भएको अवस्था लगायतले यस गाउँपालिकामा श्रम तथा रोजगारी क्षेत्रमा विस्तार तथा विकास गर्ने अवसर प्रदान गरेको देखिन्छ।

### ४.६.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना

सोच

दक्ष, सीपयुक्त र उत्पादनमुलक मानव संसाधनको विकास गरि रोजगारीका अवसरहरु सृजना

लक्ष्य

गाउँपालिका भित्र कृषि उद्योग विकास गरि वार्षिक ५ सय रोजगारी सिर्जना गर्ने।

उद्देश्य

- रोजगारीका अवसरहरु सिर्जना गरि रोजगारीको हक सुनिश्चित गर्न बेरोजगारी तथा अर्धबेरोजगारी न्यूनीकरण गरिने।
- सिप तथा तालिमहरुको व्यवस्था गरि प्रतिस्पर्धा गर्न सक्ने श्रमशक्तिको विकास हुने।
- रोजगारीमा सुरक्षा, मर्यादा, व्यवस्थापन कायम गरिने।

रणनीति तथा कार्यनीति

| रणनीति | कार्यनीति |
|---|---|
| १. गाउँपालिकामा मर्यादित र पर्याप्त रोजगारी एवं स्व-रोजगारी विकास गर्न लगानीमैत्री वातावरण बनाउने। | • रोजगारसम्बन्धि माग र आपूर्तिबीच सन्तुलन ल्याउन आवश्यक कार्यन्वयन गर्ने।<br>• श्रमप्रधान उत्पादन क्षेत्रको विस्तार र प्रविधिको उपयोगबाट रोगारी बढाउने। |
| २. सिप तथा व्यावसायिक तालिमका अवसरहरु विकास र विस्तार गर्दै स्थानीय | • सिप प्रदायक तालिम केन्द्रहरु स्थापना गरि साझास्थलमा सिप विकास तालिम प्रदान गरि वडास्तरीय तालिम केन्द्रको स्थापना गर्ने। |

| | |
|---|---|
| स्तरमा प्रतिस्पर्धा गर्न सक्ने जनशक्ति उत्पादन गर्ने। | • महिला लक्षित वैदेशिक रोजगारीमा जान सिप र सूचना उपलब्ध गराई आवश्यक तालिम कार्यक्रम गर्ने।<br>• सीपयुक्त जनशक्तिलाई तालिमपछी रोजगारी विकासमा आवश्यक उद्यमशिलता विकास, वस्तुगत सहायता, वित्तीय सहायता, उत्पादनको गुणस्तर परिक्षण र सहज बजार पहुँच विकास गर्ने। |
| ३. श्रमिकको हक तथा अधिकारको संरक्षण तथा अस श्रम सम्बन्ध स्थापना गर्ने। | • रोजगारीमा महिलाको सुरक्षा सुनिश्चित गर्न प्रणाली व्यवस्था गर्ने।<br>• आवश्यक अनुसन्धान गरि वैज्ञानिक मापदण्डका आधारमा विभिन्न क्षेत्रका कामदारको न्युनतम पारिश्रामिक निर्धारण गर्ने। |
| ४. रोजगारीलाई सुरक्षित, मर्यादित, भरपर्दो, र प्रतिफलयुक्त बनाई प्राप्त पुँजीलाई उत्पादनमुलक क्षेत्रमा लगानी गर्ने। | • विभिन्न क्षेत्रमा रहेका अनौपचारिक मजदुरहरुको पहिचान गरि औपचारिकरण गर्ने।<br>• बाल श्रमसम्बन्धी नीति, कानुन र कार्यक्रमका विकास तथा कार्यन्वयन वृद्धि गर्ने।<br>• बाह्य श्रोता तथा साधनलाई औपचारिक माध्यमबाट गाउँपालिका भित्र्याउन सहज गरि उत्पादनशीलतामा लगानी गर्ने नीति अवलम्बन गर्ने। |

<u>योजना तथा कार्यक्रम</u>

- रोजगार सूचना केन्द्र स्थापना (स्वदेश तथा वैदेशिक रोजगार सम्बन्धी) व्यवस्थापन तथा सञ्चालन
- सचेतनामुलक (रिटर्नी स्वयंसेवक परिचालन र अन्तरक्रिया र होर्डिङ बोर्ड र जानकारीमुलक पर्चा विकास तथा वितरण) कार्यक्रम सञ्चालन
- आर्थिक र वित्तीय साक्षरता कक्षा सञ्चालन
- व्यवसायिक सीप विकास तालिम सञ्चालन
- वैदेशिक रोजगारमा गएका व्यक्ति तथा तिनका परिवारका लागि मनोसामाजिक परामर्श सेवा कार्यक्रम
- बैदेशिक रोजगारसँग सम्बन्धित ठगी लगायतका समस्याहरूमा पिडितहरूको न्यायमा पहुँचका लागि जिल्ला प्रशासन कार्यालय र बैदेशिक रोजगार विभागसँग आवश्यक समन्वय र सहजिकरण
- वैदेशिक रोजगारबाट फर्केर आएका व्यक्तिहरूलाई उद्यम विकासका लागि सहजिकरण तथा सहयोग कार्यक्रम

### ४.६.५ अपेक्षित उपलब्धि

- नविन रोजगारीका अवसरहरु सिर्जना भएको हुनेछ।
- रोजगारीको हक सुनिश्चित भएको हुनेछ।
- बेरोजगारी तथा अर्धबेरोजगारी न्यूनीकरण हुनेछ।
- सिप तथा तालिमहरुको व्यवस्था भएको हुनेछ।
- प्रतिस्पर्धात्मक श्रमशक्तिको विकास भएको हुनेछ।
- रोजगारीमा सुरक्षा, मर्यादा, व्यवस्थापन कायम गरिनेछ।

### ४.६.६ अनुमान तथा जोखिम पक्ष

- कृषि क्षेत्रबाट उचित उत्पादन भएको हुनेछ।
- आवश्यक उद्योगहरु स्थापना भएको हुनेछ।
- संघ तथा प्रदेशबाट रोजगारीमा उचित लगानी तथा श्रोत व्यवस्थापन भएको हुनेछ।

## ४.७ आर्थिक विकासको नतिजा खाका

***यस नतिजा खाकामा प्रत्येक दुई वर्षको लक्ष्यहरु समावेश गरिएको छ। बार्षिक लक्ष्य अनुसूचीमा प्रस्तुत गरिएको छ।*

| आर्थिक विकास | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| नतिजा शृंखला | सूचक | | आधार बर्ष | लक्ष्य | | | पुष्ट्याईका आधारहरु | जोखिम तथा पूर्वानुमान |
| | विवरण | इकाई | ०८०/८१ | ०८१/८२ | ०८३/८४ | ०८५/८६ | | |
| **प्रभाव** १कृषि ., पशु जन्य औद्योगिक तथा व्यवसायिक उत्पादन एवं उत्पादनशील सेवा सुविधाको उपलब्धता गुणस्तर र | आफ्नो उत्पादन र आम्दानी बाट बर्षभरि खान पुग्ने परिवार | प्रतिशत | ८४ | ८८ | ९५ | १०० | • अध्ययनसर्वेक्षण / प्रतिवेदन<br>• गाउँपालिका प्रोफाईल<br>• आर्थिक प्रतिवेदन | • सरकारी, गैसस र निजि क्षेत्रको लगानी वृद्धि हुनेछ<br>• कृषि, औद्योगिक र रोजगारी क्षेत्रमा संघ, प्रदेश र विकास साझेदारको |
| | बेरोजगारी | प्रतिशत | ८ | ७ | ५ | २ | | |
| | आर्थिक प्रतिष्ठान | सङ्ख्या | ८६७ | ९५४ | ११५४ | १३९६ | | |
| | रोजगारी सिर्जनामा बढोत्तरी | जना | ८०० | १७४० | १८०० | २२०० | | |
| | उत्पादनशील उद्योग | सङ्ख्या | ६३ | १२५ | १५५ | १७५ | | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| उपयोगमा वृद्धि गरी रोजगारीको सुनिश्चिता तथा खाद्द सुरक्षा मा सुधार | जनशक्ति तालिम प्राप्त व्यक्ति | जना | १११२ | ११५० | १२५० | १३५० | | लगानी वृद्धि हुनेछ |
| | वैदेशिक रोजगारीमा गएकाको सङ्ख्या | सङ्ख्या | १८८० | १७०० | १५०० | १३०० | | |
| **असर** १कृषि :, पशु, व्यवसायिक र पर्यटकीय लगायतका उत्पादनमुलक सेवा तथा सुविधाको उपलब्धता, गुणस्तर र उपयोगमा वृद्धि भएको हुनेछ | कृषिछेत्रमा संलग्न घरपरिवारकृषि र पशुपंची ) (पालन | सङ्ख्या | ४१७२ | ३८९९ | ३४०६ | २९७५ | • अध्ययनसर्वेक्षण/ प्रतिवेदन<br>• गाउँपालिका प्रोफाईल<br>• आर्थिक प्रतिवेदन | • कृषि विकास रणनिती कार्यन्वयन हुनेछ<br>• पशु सेवा र प्रविधि प्रवाहमा वैकल्पिक प्रणालीको प्रयोग हुनेछ<br>• जलवायु परिवर्तन तथा विपद असर न्यून हुनेछ |
| | गैर कृषि पेशा उद्दम), व्यापार र जागिरमा निर्भर ( | जनसंख्य ा | १३०६९ | १३७२२ | १५१२९ | १६६८० | | |
| | उद्घोग तथा व्यवसायमा संलग्न व्यक्ति | जना | १३१४ | १४४५ | १७४९ | २११६ | | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| **प्रतिफल** १ .१. उपजको कृषि व्यवसायीकरण र उत्पादन वृद्धि भएको हुनेछ | दुग्ध चिस्यान केन्द्रसंकलन केन्द्र/ | सङ्ख्या | २ | ५ | ६ | ७ | • आर्थिक प्रतिवेदन | • गाउँपालिकाका पशुपालनसम्बन्ध ि कार्यक्रम फलदायी भएर पशुपालनमा वृद्धि हुनेछ |
| **प्रतिफल** १ २. खेतियोग्य जमीनमा सिंचाई सुविधा उपलब्ध भएको हुनेछ | सुचारु सिंचाई आयोजना | सङ्ख्या | ८ | १० | १४ | २० | • आर्थिक प्रतिवेदन<br>• गाउँपालिका प्रोफाईल | • संघीय संरचना अनुसार वित्तीय सेवा प्रदायकको सेवा समायोजन हुनेछ<br>• वित्तीय सेवा र सुविधा स्थानीय तहमा विस्तार हुनेछ |
| **प्रतिफल** १ ६. वित्तीय सेवा तथा सुविधाको पहुँचमा अभिवृद्धि हुनेछ | सेवा सुचारु बैंक शाखा तथा वित्तीय सेवा प्रदायक | संख्या | ७ | ८ | १२ | १७ | | |
| | बैंकमा खाता हुने तथा सेवा उपयोग गर्ने परिवार | संख्या | २९८९ | ३२८८ | ३९७८ | ४८१४ | | |

# परिच्छेद ५ सामाजिक क्षेत्र

## ५.१ जनसंख्या तथा बसाईँसराइ

### ५.१.१ पृष्ठभूमि

यस गाउँपालिकामा राष्ट्रिय जनगणना २०७८ को सर्वेक्षण अनुसार ४०,८८० मानिसहरु बसोबास गर्दछन। त्यसमध्ये वडा नं ५ मा सबै भन्दा बढी भएको पाइन्छ। सबैभन्दा बढी जनसंख्या भएको उमेर समुह २० देखि २४ को रहेको छ र महिला पुरुष जनसंख्या उस्तै रहेको पाईन्छ।

### ५.१.२ समस्या तथा चुनौती

गाउँपालिकाको शिशुहरुलाई उचित पोषण प्रदान गर्न नसकेको देखिन्छ भने ज्येष्ठ नागरिकको उचित व्यवस्थापन नभएको पाईन्छ। शिक्षा र स्वास्थ्यको पूर्वाधारको अवस्था तथा रोजगारीको कमीले विदेशिने दरलाई न्यूनीकरण गर्नु चुनौतिपूर्ण रहेको देखिन्छ।

### ५.१.३ सम्भावना तथा अवसर

यस गाउँपालिकाको जनसंख्या विवरण ले सशक्त जनसंख्या उमेर समुहको वर्चस्व रहेको तथ्यांकले सबल पक्षलाई दर्शाउँछ। ज्येष्ठ नागरिकको अनुपातमा ०-४ समुहका वालवालिका संख्या बढी भएको देखिन्छ जुन भविष्यमा जनशक्तिको सकारात्मक विकास गर्ने अवसरको तथ्यांक रहेको छ।

### ५.१.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना

सोच

जनसंख्यामा सन्तुलन ल्याई औसत आयु तथा औसत आय वृद्धि गर्ने।

लक्ष्य

मृत्युदर तथा बाहिरि बसाईसराई न्यूनीकरण गरि आर्थिक वृद्धि गर्ने।

उद्देश्य

१ गाउँपालिकाको जनसंख्या वृद्धि दर सन्तुलित राख्ने
२ गाउँपालिका भित्र पंजीका दर्तालाई दुरुस्त र प्रविधिमैत्री बनाउने र सम्पूर्ण अभिलेखलाई विधुतीय अभिलेखमा राख्ने
३ जीविकोपार्जन र वृत्ति विकासका आधुनिक अवसरहरु सिर्जना गरी गुणस्तरीय जीवन सुनिश्चित गर्ने

रणनीति तथा कार्यनीति

जनसंख्या तथा बसाईसराई सम्बन्धि निर्धारित दिर्घकालिन लक्ष प्राप्त गर्न देहाय अनुसारका रणनीति, कार्यनीति तथा कार्यक्रम तय गरिएको छ।

| उद्देश्य | रणनीति | कार्यनीति |
|---|---|---|
| १. गाउँपालिकाको जनसंख्या वृद्धि दर सन्तुलित राख्ने | • जन्मदर सुदृढ गरि मृत्युदर न्यूनीकरण गर्ने | • शिशु तथा गर्भवती मृत्युदर न्यूनीकरण गर्ने। |
| | • ज्येष्ठ नागरिकलाई उचित सुविधा प्रदान गर्ने | • ज्येष्ठ नागरिकलाई उचित स्वास्थ्य सेवा सुनिश्चित गर्ने। |
| २. जीविकोपार्जन र वृत्ति विकासका आधुनिक अवसरहरु सिर्जना गरी गुणस्तरीय जीवन सुनिश्चित गर्ने | • बाहिरि बसाईसराई कम गर्न आवश्यक व्यवस्था मिलाईने | • रोजगारका कारण हुने बाहिरि बसाईसराई नियन्त्रण गर्न रोजगार सिर्जना गर्ने। |

<u>योजना तथा कार्यक्रम</u>

- जनसङ्ख्या सम्बन्धी सम्पूर्ण तथ्याङ्कहरू सङ्कलन तथा अद्यावधिक
- गाउँबाट अन्यन्त्र हुने बसाइँसराइलाई निरुत्साहित गर्न शिक्षा स्वास्थ्य, रोजगार लगायत अन्य मानवीय सेवा र सुविधा उपलब्ध
- हरेक वस्तीहरूमा जनसङ्ख्या व्यवस्थापन कार्यकम सञ्चालन
- वस्तीहरूमा स्वास्थ्य सेवा पुऱ्याउने लागि सबल तथा सहुलियत स्वास्थ्य कार्यक्रम सञ्चालन
- गुणस्तरिय शैक्षिक सेवा प्रदान गरी बसाइँसराइलाई कम गर्ने कार्यक्रम सञ्चालन

### ५.१.५ अपेक्षित उपलब्धि

- गाउँपालिकाको जनसंख्या वृद्धि दर सन्तुलित राखिनेछ।
- गाउँपालिका भित्र पंजीका दर्तालाई दुरुस्त र प्रविधिमैत्री बनाएको हुनेछ।
- सम्पूर्ण अभिलेखलाई विधुतीय अभिलेखमा राखिनेछ।
- जीविकोपार्जन र वृत्ति विकासका आधुनिक अवसरहरु सिर्जना हुनेछ।
- गुणस्तरीय जीवन सुनिश्चित गर्न सबैको पहुँच सेवाहरुमा वृद्धि हुनेछ।

### ५.१.६ अनुमान तथा जोखिम पक्ष

- गाउँपालिकामा आवश्यक रोजगारी सिर्जना भएको हुनेछ।
- नजिकै रहेका व्यापारिक केन्द्रले ठुलो अनुपातमा बसाईसराई गराउने छैन।
- जनसंख्या सन्तुलनमा संघ र प्रदेशको कार्यक्रमहरु बीच समन्वय हुनेछ।

## ५.२ शिक्षा, विज्ञान तथा नवप्रवर्तन

### ५.२.१ पृष्ठभूमि

शिक्षा मानव विकासको मूल आधार हो। संविधानले पनि आधारभुत शिक्षालाइ मौलिक हककोरूपमा स्थापित गरेको छ। दिगो विकासको लक्ष्यमा पनि शिक्षालाई महत्वका साथ स्थान दिइएको छ। पन्ध्रौं योजनाको आधारपत्रमा पनि शिक्षालाई समृद्धिको मूल आधारको रूपमा लिइएको छ। संविधानले  आधारभूत र माध्यमिक शिक्षालाई स्थानीय तहको एकल अधिकारको रूपमा स्थापित गर्दै अनिवार्य आधारभूत शिक्षा र निःशुल्क माध्यमिक शिक्षाको व्यवस्था गरेको छ।

### ५.२.२ समस्या तथा चुनौती

यस गाउँपालिकामा विद्यालयहरुको भौतिक पूर्वाधार अपर्याप्त रहेको पाइन्छ भने सामुदायिक विद्यालय प्रतिको आकर्षण न्यूनीकरण भइरहेको देखिन्छ। विद्यार्थी भर्ना दर र विद्यालयबात पढाई पुरा गर्नेको दरमा समानता ल्याउन। सबै तहमा गुणस्तर शिक्षा अभिवृद्धि गर्नेको साथै रोजगारीमूलक शिक्षा विकास गर्न सकेको र अपूर्ण शिक्षक दरबन्दी जस्ता चुनौती रहेको पाईन्छ।

### ५.२.३ सम्भावना तथा अवसर

यस गाउँपालिकाको शिक्षाको सबल पक्ष साक्षरतामा वृद्धि हुनु, हरेक वडामा माध्यमिक विद्यालय हुनु र प्राविधिक शिक्षामा रहेको जनसंख्या रहेको छ ।

### ५.२.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना

सोच

- शिक्षामा सबैको पहुँच र गुणस्तर अभिवृद्धि गरी प्रतिस्पर्धी मानव पुंजीको विकास

लक्ष्य

- आधारभूत र गुणस्तरीय शिक्षा सेवामा न्यायोचित पहुँच पुर्याउने
- रोजगारी एवं स्वरोजगारीका लागि सीपमुलक शिक्षाको विस्तार गर्ने

उद्देश्य

- शिक्षामा समतामुलक अवसरहरु सुनिश्चित गर्दै शिक्षालाई सीपयुक्त, समय सान्दर्भिक र गुणस्तर बनाउनु
- बैकल्पिक उपायहरुको अवलम्बनबाट सबै तह एवं प्रकारको शिक्षा र सीपमुलक तालिममा पहुँच अभिवृद्धि गर्नु
- शैक्षिक प्रशासनमा निरन्तर सुधार र सुशासनलाई संस्थागत गर्नु

## रणनीति तथा कार्यनीति

यस गाउँपालिकाको शिक्षा सम्बन्धि दिर्घकालिन लक्ष्य र चुनौतिहरु मध्यनजर गरि देहाय अनुसारको रणनीति , कार्यनीति तथा कार्यक्रम रहेको छ।

| उद्धेश्य | रणनीति | कार्यनीति |
|---|---|---|
| १. बैकल्पिक उपायहरुको अवलम्बनबाट सबै तह एवं प्रकारको शिक्षा र सीपमुलक तालिममा पहुँच अभिवृद्धि गर्नु | • गुणस्तरीय, व्यवहारिक तथा जिवानपयोगी शिक्षाको सुनिश्चितता गर्ने | • विद्यालय शिक्षा सम्बन्धी स्थानीय पाठ्यक्रममा कृषि अभ्यासका लागि नर्सरी, फलफूल, तरकारी खेती र मौरीपालनको व्यवहारिक ज्ञान समावेश गरी पठनपाठ र अभ्यासको व्यवस्था गर्ने।<br>• स्थानीय कृषि विकासका लागि माध्यमिक विद्यालयमा कृषि अभ्यास केन्द्र स्थापना गरी वेर्ना उत्पादन, फलफुल तथा तरकारी खेती र मौरीपालन सम्बन्धमा व्यवहारिक ज्ञान तथा सीप विकास गर्ने।<br>• नयाँ शैक्षिकशत्र सुरु हुनु अगाडी विषयगत शिक्षक, समयानुकुल र तहगत तालिम शैक्षिक सत्रको बीचमा सञ्चालन गर्ने।<br>• शिक्षण सिकाई तथा हाजिरीमा सूचना तथा संचार प्रविधि प्रयोग गर्ने।<br>• नियमित रुपमा अतिरिक्त क्रियाकलाप, सेवा आयोग कक्षा संचालन, कृषि उद्यम विकास लगायत रचनात्मक कार्यहरु संचालनको व्यवस्था गर्ने।<br>• हरेक विद्यालयमा वगैचा स्थापना र विरुवा रोपणको अभ्यास संस्थागत गर्ने |

| | | |
|---|---|---|
| | | • विद्यालयमा आई पर्ने संभावित संकटसँग तयारी रहन विपद व्यवस्थापन सामाग्रीवितरण र तालिम सञ्चालन गर्ने।<br>• श्रम बजारमा माग अनुसारको विषयवस्तुलाई पाठ्यक्रर्म र पठनपाठनमा समावेश गर्दै लाग्ने। |
| | • सूचना प्रविधिमा आधारित प्रभावकारी संयन्त्रका स्थापना गरी विद्यालयहरुको अनुगमन र निरिक्षणलाई व्यवस्थित गर्ने | • प्रविधिमा आधारित शिक्षालाई प्रबर्धन गर्न सबै विद्यालयहरुमा सुविधा सम्पन्न ICT ल्याव स्थापना गर्ने।<br>• विद्यार्थी संख्याको आधारमा विद्यालयहरुलाई मर्ज गर्ने तथा शिक्षक दरबन्दी निर्धारण र समायोजन र सरुवाको प्रवन्ध गर्ने।<br>• विद्यालय सम्बन्धी तथ्याङ्क र विद्यालय सुधार योजना अध्यावधिक गर्ने।<br>• विद्यालय र अध्यापन कार्यको अनुगमन र निरीक्षण गरि शिक्षाको गुणस्तरका सुधारको लागि पृष्ठपोषण र सहजीकरण गर्ने।<br>• ई—हाजिरी र सिसि क्यामेरा जडान गरी विद्यालयहरुको अनुगमन गर्ने प्रणालीलाई मजबुत बनाउने। |
| | • विद्यालय शिक्षाको सबै तहको शिक्षामा गुणस्तर सुनिश्चितता गर्ने | • शिक्षण सिकाइमा टेवा पुर्याउने डिजिटल पाठ्य सामाग्रीको व्यवस्था मिलाउने।<br>• अत्याधुनिक पुस्तकालय, बाल उद्यान, फुलवारी, खेलमैदान जस्ता विद्यालयका पूर्वाधारहरुलाई विकास र विस्तार गर्दै लग्ने।<br>• समयसापेक्ष शैक्षिक गुणस्तर कायम गर्न शिक्षकलाई पेशागत दक्षता एवम् क्षमता बृद्धि गर्न तालिम र प्रोत्साहनको व्यवस्था गर्ने। |

| | | |
|---|---|---|
| | | • सामुदायिक शिक्षामा अभिभावकको सहभागिता बढाउन अभिभावक शिक्षा संचालन गर्ने। |
| | • विद्यालयको संस्थागत सक्षमता वृद्धि गर्ने | • नतिजामा आधारित विद्यालय सुधार कार्ययोजना (SIP) निर्माण र कार्यन्वयनलाई निरन्तरता दिने।<br>• विद्यालय भौतिक संरचना तथा पठनपाठनलाई वालमैत्री बनाउने।<br>• विद्यालय व्यवस्थापन समितिको गठन, पुनःगठन, सहजीकरण गरि विद्यालयमा शैक्षिक व्यवस्थापनका वातावरण तयार गर्न परिचालन गर्ने।<br>• विद्यालयमा बालक्लब, इकोक्लब र वाल सहभागिता अभिवृद्धिको प्रयासलाई संस्थागत गर्ने। |
| २. शिक्षामा समतामुलक अवसरहरु सुनिश्चित गर्दै शिक्षालाई सीपयुक्त, समयसान्धर्भिक र गुणस्तर बनाउनु | • विद्यालयहरुमा शिक्षा अतिरिक्त सुविधा व्यवस्था गरि उत्साहाजनक वातावरण बनाउने | • विद्यार्थीको टिकाउदरमा बृद्धि गर्न ३ वर्ष भन्दा माथिका वाल वालिकालागि पनि दिवा खाजा दिने निति अवलम्बन गर्ने।<br>• प्रत्येक विद्यालयमा स्वास्थ्य सेवा एवं स्वास्थ्य शिक्षाका लागि १ जना नर्सको व्यवस्था गर्ने।<br>• खेलकुद मैदानको निर्माण तथा व्यवस्थापन गरी विद्यार्थीको सिर्जनशिलता र खेलकुद प्रवर्धनको व्यवस्था गर्ने।<br>• विद्यालयमा खेलकुदलाई प्रबर्धन गर्न पर्याप्त मात्रामा खेलकुदका समाग्री व्यवस्था गरिनुका साथै वालवालिकाहरुको प्रतिभा पहिचान र प्रोत्साहनका लागि अतिरिक्त क्रियाकलाप सञ्चालन र पुरस्कारको प्रवन्ध गर्ने। |

## योजना तथा कार्यक्रम

- वडा स्तरीय साक्षरता वृद्धि जनचेतना कार्यक्रम आयोजना गर्ने
- मदरसाहरुमा आवश्यक शिक्षक र भौतिक पूर्वाधारहरु व्यवस्थापन गरि अन्य विद्यालय सरह सुविधाहरु उपलब्ध गराउने
- उच्च मा. वि. को लागि भौतिक पूर्वाधारको निर्माण गर्ने
- प्रारम्भिक बालशिक्षालाई व्यवस्थित सञ्चालनका लागि आवश्यक पर्ने शैक्षिक सामग्री व्यवस्थापन अनुदानको व्यवस्था गर्ने
- तोकिएका क्षेत्रहरूमा विद्यालय दिवा खाजा कार्यक्रम, छात्रवृत्तिका कार्यक्रमहरू, वैकल्पिक शैक्षिक कार्यक्रम संचालन गर्ने
- समयमै निःशुल्क पाठ्यपुस्तक वितरण गर्ने
- शिक्षक व्यवस्थापन, पद तथा दरबन्दी मिलान, शिक्षक तालिम संचालन गर्ने
- बालमैत्री शिक्षण सिकाइ प्रवर्द्धनका लागि सिकाइ सामग्री अनुदान, प्रारम्भिक कक्षामा पढाइ सीप विकास कार्यक्रम, बहु वर्ग शिक्षण, मातृभाषामा शिक्षा संचालन गर्ने
- माध्यमिक शिक्षामा गुणस्तर अभिवृद्धिका लागि नमूना विद्यालयको विकास तथा सञ्चालन गर्ने

### ५.२.५ अपेक्षित उपलब्धि

- शिक्षामा समतामुलक अवसरहरु सुनिश्चित हुनेछ।
- शिक्षालाई सीपयुक्त, समय सान्दर्भिक र गुणस्तर बनाइने छ।
- बैकल्पिक उपायहरुको अवलम्बनबाट सबै तह एवं प्रकारको शिक्षा र सीपमुलक तालिममा पहुँच अभिवृद्धि भएको हुनेछ।
- शैक्षिक प्रशासनमा निरन्तर सुधार र सुशासनलाई संस्थागत गरिएको हुनेछ।

### ५.२.६ अनुमान तथा जोखिम पक्ष

- अभिभावक तथा सरोकारवालाको सहभागितामा अभिवृद्धि हुनेछ
- सरकारी, गैरसरकारी र निजि क्षेत्रको लगानी र कार्यक्रममा वृद्धि हुनेछ।

## ५.३ स्वास्थ्य तथा पोषण

### ५.३.१ पृष्ठभूमि

नेपाल सरकारले हरेक जनताको पहुँचमा सहज स्वास्थ्य सेवा पुर्याउने प्रतिवद्धता पुरा गर्न विभिन्न कार्ययोजना गरेको पाईन्छ। सो अनुरुप हरेक स्थानीय तह सरह यस गाउँपालिकामा पनि स्वास्थ्य र पोषण हरेक स्थानीयको पहुँचमा पुर्याउनका निम्ति विभिन्न कार्यक्रमहरु संचालन गरिएको छ। विभिन्न प्रयासहरु गरिएपनि स्वास्थ्य स्थिति अझै उत्सहाजनक नरहेको पाईन्छ। यस गाउँपालिकामा ४ वटा स्वास्थ्य निकायहरु रहेका छन्।

### ५.३.२ समस्या तथा चुनौती

स्वास्थ्य संस्थाहरुमा आवश्यक उपकरण र फर्निचर पनि नरहेको र पर्याप्त स्वास्थ्यकर्मी नहुनु जस्ता कमजोर पक्ष रहेको देखिन्छ।स्वास्थ्य सेवा कार्यक्रम संचालन हुँदा पनि सूचना प्रवाह गर्न नसकेको अवस्था पनि देख्न सकिन्छ। स्वास्थ्य संस्थाहरु भौगोलिक हिसाबले न्यायोचित वितरण गर्न र स्वास्थ्य सेवाको नियमित अनुगमन गर्नु जस्ता चुनौती विद्यमान रहेको पाईन्छ। त्यसैगरी स्वास्थ्य बिमा पनि लागु राम्ररि गर्न नसकेको अवस्था रहेको देखिन्छ भने बाहिरि अनुदानलाई उपयोग र व्यावास्थ्त परिचालन गर्न नसकेको अवस्था रहेको देखिन्छ।

### ५.३.३ सम्भावना तथा अवसर

स्वास्थ्य संस्थाको संजाल तयार भएको अवस्था रहेको छ भने स्वास्थ्य र पोषण सम्बन्धि धेरै जनता जागरण भएको पाईन्छ। सहि तथा कुशल ढंगले सूचना प्रवाह गर्न सके स्थानीयले स्थानीय तह मै सहज उपचार पाउने अवसर देखिन्छ।

### ५.३.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना

<u>सोच</u>

गुणस्तरीय स्वास्थ्य सेवामा सबै जनताको पहुँचमार्फत स्वस्थ र सबल नागरिक विकास

<u>लक्ष्य</u>

आधारभूत र गुणस्तरीय शिक्षा, स्वास्थ्य तथा खानेपानी तथा सरसफाई सेवामा न्यायोचित पहुँच पुर्याउने

<u>उद्देश्य</u>

- सबै वर्ग र समुदायका नागरिकहरुको आधारभूत तथा गुणस्तरीय स्वास्थ्य सेवामा समतामुलक पहुँच अभिवृद्धि गराउनु
- स्वस्थ जनशक्ति तयार गर्नु, रोग प्रतिरोधात्मक क्षमता बढाउनु तथा पोषण युक्त खाद्द सामग्रीमा पहुँच बढाउनु
- सहुलियत स्वास्थ्य सेवाको प्रवर्द्धन हुनु
- समानजनक न्यायोजित स्वास्थ्य सेवा वितरण गरिनु

<u>रणनीति तथा कार्यनीति</u>

| उद्देश्य | रणनीति | कार्यनीति |
|---|---|---|

| | | |
|---|---|---|
| १. सबै वर्ग र समुदायका नागरिकहरुको आधारभूत तथा गुणस्तरीय स्वास्थ्य सेवामा समतामुलक पहुँच अभिवृद्धि गराउनु | • आधारभूत स्वास्थ्य सेवालाई सहज र गुणस्तरीय बनाउने | • प्रत्येक स्वास्थ्य संस्थाको पहुँचमा हुनेगरी एम्बुलेन्स सेवाको विस्तार गर्ने।<br>• ५ वर्ष मुनिका सम्पूर्ण बालवालिकाको वृद्धि अनुगमन गरि पोषण स्थितिमा सुधार ल्याउने।<br>• आमा समूह र महिला स्वास्थ्य स्वयंसेविकाहरु क्षमता विकास र सुविधामा सुधार गरि सामुदायिक स्वास्थ्यलाई प्रभावकारी बनाइने छ।<br>• विद्यालयको पहुँचमा स्वास्थ्यकर्मी उपलब्ध गराई विद्यार्थीको स्वास्थ्य संवेदनशिलतालाई टेवा पुर्याउने।<br>• विद्यार्थी तहमा रहेका सम्पूर्णलाई आवश्यक स्वास्थ्य चेतना प्रदान गर्ने।<br>• निम्न वर्गका घरपरिवारलाई स्वास्थ्य सेवामा सहुलियत दिने। |
| २. स्वस्थ जनशक्ति तयार गर्नु, रोग प्रतिरोधात्मक क्षमता बढाउनु तथा पोषण युक्त खाद्द सामग्रीमा पहुँच बढाउनु | ○ स्वास्थ्य सम्बन्धि मनोवृत्ति परिवर्तन गर्ने | ○ कुनै नसर्ने दिर्घकालिन रोगी प्रति जनसमुदायको रहेको व्यवहार परिवर्तन गर्ने।<br>○ घातक रोगहरु समयमा पहिचान गरि उपचार गराउने।<br>○ किशोर किशोरीलाई मध्यनजर गरेर स्वास्थ्य सम्बन्धि ज्ञान प्रबर्धन गर्ने। |
| | ○ स्थानीय स्वास्थ्य संस्थाको सुदृधिकरण तथा सेवाको गुणस्तर अभिवृद्धि गर्ने | ○ स्वास्थ्य संस्थाको अनुगमन तथा सुपरीवेक्षण प्रणालीको विकास गर्ने। सबै स्वास्थ्य संस्थामा Birthing Center को विस्तार गरि प्रसुती सेवालाई सहज र भरपर्दो बनाउने।<br>○ आयुर्वेद चिकित्सालय स्थापना गरि गुणस्तरीय सेवामा वृद्धि गर्ने। |

| | | |
|---|---|---|
| | | ○ विषेसज्ञ सेवा प्रदान गर्न कम्तिमा १५ सैयाको कम्तिमा १ वटा अस्पताल निर्माण गरि संचालन गर्ने।<br>○ सामुदायिक स्वास्थ्यलाई मजबुत बनाउदै स्वास्थ्य सुविधा सुधार गर्नु। |
| ३. सहुल्यत स्वास्थ्य सेवाको प्रवर्द्धन हुनु | ○ स्वास्थ्य सेवालाई सहज र गुणस्तरीय बनाउन आवश्यक पूर्वाधार निर्माण गर्ने | ○ गाउँघर क्लिनिक तथा खोप केन्द्र निर्माणका सथौ स्वास्थ्य चौकीमा सभाहल र प्रतिक्षालय निर्माण गर्ने।<br>○ स्वास्थ्य संस्थामा अपुग संरचना निर्माण र उपकरणहरु थप गर्दै लाग्ने।<br>○ स्वास्थ्य संस्थामा खानेपानी तथा शौचालयको उचित व्यवस्थापन गर्ने।<br>○ स्वास्थ्य पूर्वाधार महिला, अपांग र ज्येष्ठ नागरिक मैत्री रुपमा निर्माण गरिनेछ। |

योजना तथा कार्यक्रम

- पोषणयुक्त खाने कुराको व्यवस्थापन गर्ने
- प्रशुती गृह निर्माण गर्ने
- फोहोर व्यवस्थापन गर्न आवश्यक पूर्वाधार निर्माण गर्ने
- स्वास्थ्य चौकीको भवन थप तथा घेराबार गर्ने
- स्वास्थ्य चौकीमा चिकित्सक, एक्स्-रे उपकरणको व्यवस्थापन गरि स्थानीय स्वास्थ्य बिमा कार्यक्रम आयोजना गर्ने
- मासिक रुपमा स्वास्थ्य सिभिरको संचालन गर्न
- बजार क्षेत्र मा फोहोरमैला बेबस्थापन गर्ने
- स्वास्थ्य शिविर नियमित आयोजना गर्ने
- आयुर्वेद अस्पतालको ल्याब सेवा विस्तार
- स्वास्थ्य बिमाको व्यवस्थापन गर्ने
- वडास्तरमा पूर्ण खोप घोषणा कार्य गरी उपलब्धताको सुनिश्चितता गर्ने
- मापदण्ड अनुरूप भूकम्पलगायत अन्य विपद् प्रतिरोधी तथा अपाङ्गमैत्री स्वास्थ्य संरचनाहरूको निर्माण, मर्मतसम्भार एवं स्तरोन्नति गर्ने
- नसर्ने रोगको रोकथाम तथा उपचारका कार्येक्रम संचालन गर्ने
- बहुवर्षीय सम्झौताका आधारमा औषधी खरिद गर्ने

- गुणस्तरीय अत्याधुनिक स्वास्थ्य औजार उपकरणको व्यवस्था, अभिलेखीकरण, योजनाबद्ध मर्मतसम्भार तथा प्रतिस्थापन गर्ने
- सबै स्वास्थ्य संस्थाहरूमा दरबन्दी बमोजिम चिकित्सकको व्यवस्था गर्ने
- बहुक्षेत्रीय पोषण कार्यक्रमको निरन्तरता र गुणस्तरियता कायम गर्ने

### ५.३.५ अपेक्षित उपलब्धि

- सबै वर्ग र समुदायका नागरिकहरुको आधारभूत तथा गुणस्तरीय स्वास्थ्य सेवामा समतामुलक पहुँच सुनिस्चित हुनेछ।
- स्वस्थ जनशक्ति तयार हुनेछ।
- रोग प्रतिरोधात्मक क्षमता बढ्नेछ तथा पोषण युक्त खाद्द सामग्रीमा पहुँच बढ्नेछ।
- सहुलियत स्वास्थ्य सेवाको प्रवर्द्धन भएको हुनेछ।
- समानजनक न्यायोजित स्वास्थ्य सेवा वितरण भएको हुनेछ।

### ५.३.६ अनुमान तथा जोखिम पक्ष

- जनसंख्या तथा जन्म सम्बन्धि महिला तथा सम्पूर्णमा आवश्यक चेतना वृद्धि हुनेछ।
- ३ तहकै सरकारका स्वास्थ्य सम्बन्धि कार्यक्रममा समन्वय हुनेछ।

## ५.४ खानेपानी तथा सरसफाइ

### ५.४.१ पृष्ठभूमि

स्वच्छ खानेपानी मानिसको नैसर्गिक अधिकार हो।नेपाल सरकारले जनताको खानेपानी तथा सरसफाई जस्तो आधारभूत आवश्यकता पुरा गर्नका निम्ति विभिन्न नीति तथा योजना हरेक वर्ष ल्याउने गरेको छ। यस गाउँपालिकामा पनि सो अनुरुप विभिन्न योजनाहरु संचालन गरेको पाईन्छ।

### ५.४.२ समस्या तथा चुनौती

यस क्षेत्रमा अवसर भनेको उचित व्यवस्था गरि खानेपानीको सम्भावनालाई सदुपयोग गर्नु हो भने त्यसैगरी धेरै सहरीकरण नभएका कारण बेलामै सरसफाई सम्बन्धि कार्यक्रम अगाडी बढाए भविष्यमा समस्या खेप्न नपर्ने देखिन्छ। अवसर उत्साहजनक भएपनि आर्थिक बन्देजका कारण खानेपानी आयोजनाहरु चुस्त रुपले निर्माण तथा संचालन नगरेको पाइन्छ भने त्यसैगरी सरसफाई सम्बन्धि जनचेतनाको कमिको कारण फोहोर जम्मा हुन थालेको पाईन्छ। जमिनमुनिको श्रोतमा धेरै भर पर्दा भविष्यमा हुन सक्ने कमिको अध्ययन गरि मुहान संरक्षण गर्ने तथा पोखरी हरु निर्माण गरि रिचार्ज गर्न जनचेतना फैलाउन र बजेट व्यवस्थापन गर्न चुनौतिपूर्ण रहेको देखिन्छ।

### ५.४.३ सम्भावना तथा अवसर

सिंचाई पोखरी तथा खानेपानी योजना साझेधारिमा संचालन गर्न सक्ने अवसर छन्। यहाँ रणनीतिक हिसाबले रिचार्ज पोखरी निर्माण गर्न सक्ने खानेपानीको श्रोतलाई दिगो रुपमा विकास गर्न सकिन्छ। त्यसैगरी कृषिजन्य फोहोरको उचित व्यवस्थापन गरि आर्थिक लाभ लिन सक्ने अवसर रहेको छ।

### ५.४.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना

सोच

खानेपानी तथा सरसफाई सेवाबाट नागरिकको स्वास्थ्य तथा जीवनशैलीमा सुधार

लक्ष्य

सबै घरधुरीमा स्वच्छ खानेपानी सुविधा पुर्याउने र सरसफाईको सुनिश्चितता गर्ने

उद्देश्य

- सबैका लागि पिउने पानी तथा शौचालय व्यवस्था गर्ने
- पानीका मुहानहरु संरक्षण गर्ने तथा वातावरणीय सन्तुलन सहितका आयोजनाहरु निर्माण गर्ने
- दिगो रुपमा फोहोर मैला व्यवस्थापनको संयन्त्र निर्माण गरी सरसफाई सुनिश्चित गर्ने

रणनीति तथा कार्यनीति

| उद्देश्य | रणनीति | कार्यनीति |
|---|---|---|
| १. पानीका मुहानहरु संरक्षण गर्ने तथा वातावरणीय सन्तुलन सहितका आयोजनाहरु निर्माण गर्ने | ○ स्वच्छ खानेपानी आपूर्तिलाई जनस्वास्थ्य र पूर्ण सरसफाई रणनीतिको रुपमा विकास गर्ने | ○ जलश्रोत व्यवस्थापन गुरुयोजना तयार गरि खानेपानी, सिचाई, विद्युत र भू तथा जलाधार संरक्षण समेत समेटी रणनीति तयार गर्ने।<br>○ खानेपानी सेवा सुविधालाई जनस्वास्थ्य तथा पूर्ण सरसफाई कार्यक्रमसँग एकीकृत गरि संचालन गर्ने।<br>○ खानेपानीको मूलहरुको पहिचान गरि संरक्षण गर्ने।<br>○ स्वच्छ तथा सुरक्षित खानेपानी उपलब्ध गराउन खानेपानीको गुणस्तर |

| | | |
|---|---|---|
| | | परिक्षणका लागि आवश्यक प्रबन्ध मिलाउने।<br>○ विद्यमान खानेपानी आयोजनाको निरन्तरता, संरक्षण र मर्मतसम्भारको व्यवस्था गर्ने।<br>○ फोहोर व्यवस्थापन गरि स्वच्छ वातावरण व्यवस्था गर्ने |
| २. सबैका लागि पिउने पानी तथा शौचालय व्यवस्था गर्ने | ○ सबै घरधुरीमा खानेपानी सुविधाको पहुँच सुनिश्चित गर्ने | • **एक घर एक धारा** कार्यक्रमका लागि वृहत तथा वैकल्पिक प्रणालीमा आधारित आयोजना संचालन गरि खानेपानी सुविधाको उपलब्धतालाई सहज र प्रभावकारी बनाउने।<br>• लिफ्ट खानेपानी प्रबिधि मार्फत सुख्खा क्षेत्रहरुमा खानेपानीको व्यवस्था गर्ने र लिफ्टिंग खानेपानी योजना संचालन गर्ने।<br>• सानातिना खानेपानी आयोजना संचालन गरि खानेपानी वितरण प्रणालीलाई आधुनिक वितरण प्रणालीमा विस्तार गरिनेछ।<br>• आकाशे पानि संकलनको लागि घैटो कार्यक्रमलाई निरन्तरता दिई सुख्खा क्षेत्रमा कृत्रिम पोखरी निर्माण गरि खानेपानीको आपूर्तिलाई सहज बनाउने। |

योजना तथा कार्यक्रम

- सफा र स्वच्छ खानेपानी तथा सरसफाई तथा सरसफाईको हक अधिकार सुनिश्चित गर्ने

- गाउँपालिका क्षेत्रमा खानेपानी सेवा विस्तार, निर्माण र सञ्चालनका कार्यक्रमहरू सञ्चालन तथा सुख्खाग्रस्त क्षेत्रमा खानेपानी आयोजनाहरू निर्माण गर्ने
- वर्षात्को पानी सङ्कलन तथा उपयोग खानेपानी आयोजनाहरू सञ्चालन गर्ने
- खानेपानी गुणस्तर सुधारका लागि खानेपानी सुरक्षा योजना, पानी प्रशोधन प्रविधि लगायतका गुणस्तर सुधारसम्बन्धी कार्यक्रमहरू सञ्चालन गर्ने
- ठूला, मझौला र साना सबै प्रकारका खानेपानी तथा सरसफाइ आयोजनाहरूको मर्मतसम्भार व्यवस्थापन योजना तयार तथा कार्यान्वयन गर्ने
- सामाजिक अभियानको रूपमा सञ्चालन गरिने वातावरणीय सरसफाइ आयोजना अन्तर्गत पूर्ण सरसफाइ कार्यक्रम सञ्चालन गर्ने
- खानेपानी सेवा नियमन तथा अनुगमन र सूचना व्यवस्थापनलाई सबलीकरण गर्ने

### ५.४.५ अपेक्षित उपलब्धि

- सबैका लागि पिउने पानी तथा शौचालय व्यवस्था भएको हुनेछ।
- पानीका मुहानहरु संरक्षण गरिनेछ।
- वातावरणीय सन्तुलन सहितका आयोजनाहरु निर्माण हुनेछन्।
- दिगो रुपमा फोहोर मैला व्यवस्थापनको संयन्त्र निर्माण गरी सरसफाई सुनिश्चित गर्ने

### ५.४.६ अनुमान तथा जोखिम पक्ष

- जनस्तरमा फोहोरमैला व्यवस्थापन सम्बन्धि रुची भएको हुनेछ।
- गैरसरकारी तथा निजि क्षेत्रको फोहोर मैला व्यवस्थापनमा संलग्न भएको हुनेछ।
- ३ तहकै सरकारले समन्वय गरि प्रदुषण सम्बन्धि नीति तथा कानुन बनाएको हुनेछ।

## ५.५ महिला वालवालिका तथा लक्षित वर्ग

### ५.५.१ पृष्ठभूमि

कुनै पनि स्थानको हरेक क्षेत्रको विकासका लागि विभिन्न समुदायको न्यायोचित विकास आवश्यक रहन्छ। सम्पूर्ण जनताकोनिम्ति विकास गरिने हुँदा कुनै पनि समुदाय बन्चित नहुने हिसाबले विकास गर्नु पर्दछ। समावेशी समाज निर्माण गर्नका निम्ति सम्पूर्ण वर्गले अधिकार र सबै सुविधाको समानजनक अनुभूति गर्न पाउन पर्दछ। महिला, बालबालिका तथा किशोरकिशोरी, दलित, जनजाति तथा अन्य सिमान्तकृत वर्गलाई लक्षित गरि विकासका रणनीति तयार पार्न संवेदनशील तथा महत्त्वपूर्ण रहेको हुन्छ। सशक्त जनशक्ति उत्पादनका निम्ति युवा विकास निकै महत्त्वपूर्ण हुन्छ भने बालबालिका तथा किशोर किशोरीको विकास

भविष्यको दक्ष जनशक्ति उत्पादनका निम्ति अपरिहार्य रहेको छ। त्यसैगरी महिला तथा विभिन्न समुदाय र सिमान्तकृत समुदायको विकासले समावेशी समाजको निर्माणका निम्ति महत्त्वपूर्ण हुन्छ ।

### ५.५.२ समस्या तथा चुनौती

उत्पीडनमा परेपनि खुलेर कुरा राख्न नसकेका कारण अझै महिलाको स्थितिमा सकारात्मक परिवर्तन आउन नसकेको देखिन्छ। महिला हिंसापनि यस गाउँपालिकामा देखिएको सामाजिक समस्या हो। महिलाको जनसंख्या उत्सहाजनक रहेको कारण उचित सदुपयोग गर्न सके राम्रो जनशक्ति तयार पार्ने अवसर रहेको देखिन्छ। समाजको बनावटले गर्दा महिलाहरु अझै पनि आफ्नो विचार राख्न नसक्ने अवस्था रहेको पाईन्छ। यहाँ धेरै महिला हरु सचेत रहेपनि धेरै समुदायका महिला हरु जातको रितिरिवाजमा बाँधिएको कारण आर्थिक क्रियाकालाप तथा अन्य कार्यमा उत्साहजनक सहभागिता जनाउन असमर्थ रहेको चुनौति रहेको पाईन्छ।

यस गाउँपालिकामा वालवालिकाहरुको विद्यालय छोड्ने दर आपत्तिजनक रहेको छ भने वाल विवाह तथा वालश्रम जस्ता सामाजिक समस्या अझै यथावत रहेको देखिन्छ। त्यसैगरी ठुलो मात्रामा युवा विदेशिएको कारण बृद्धबृद्धाहरु आफ्नो हेरचाह गर्न असमर्थ अवस्था भएकोले बेसहारा बस्नुपरेको देखिन्छ। स्वास्थ्य दृस्टीकोणले धेरै दिर्घकालिन रोगि नभएको कारण गाउँपालिकाको औसत आयु वृद्धि हुने देखिन्छ। ज्येष्ठ नागरिकको स्थिति सुधार गर्न मानाषिकता परिवर्तन गर्नु चुनौतिपूर्ण रहेको पाईन्छ।

### ५.५.३ सम्भावना तथा अवसर

यस क्षेत्रमा सम्भावना भनेको विद्यालय भर्ना दर रहेको पाईन्छ। महिलालाई कृषिमा तथा अन्य आर्थिक क्रियाकलापमा संलग्न गराई निकै आकर्षक पुँजीको श्रोत विकास हुने सम्भावना देखिएको छ। यस गाउँपालिकामा रहेको बिभिन्न वर्गको जनसंख्याले भविष्यमा सबल जनशक्ति उत्पादन गर्ने सम्भावना दर्शाएको पाईन्छ। त्यसैगरी संचार माध्यमलाई अझै सुदृढ बनाउन सके जुनै स्थानका वालवालिकासँग वौद्धिक तथा शारीरिक प्रतिस्पर्धा गर्न सक्ने अवसर देखिन्छ।

### ५.५.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना

<u>सोच</u>

लैंगिक समानता तथा सामाजिक समावेशीकरण मार्फत सबै नागरिक मर्यादित, न्यायपूर्ण र अर्थपूर्ण सहभागितामा मुलकको समावेशी विकास

<u>लक्ष्य</u>

सबै तह र तप्काका महिला, बालबालिका, ज्येष्ठ नागरिक र अपांगता भएका व्यक्तिलाई सामाजिक, संस्कृतिक, आर्थिक, शैक्षिकरुपमा सशक्तिकरण गर्दै महिला अधिकारको प्रत्याभूति गर्दै गुणस्तरीय जीवन र सहभागिता सुनिश्चित गर्ने

## उद्देश्य

- सबै प्रकारका विभेद अन्त्य गर्दै महिला सशक्तिकरण गरी विकासका सबै प्रक्रियामा महिला मूल प्रवाहिकरण गर्ने
- राजनीतिक, आर्थिक, सार्वजनिक लगायत सम्पूर्ण निर्णायक तहमा महिलाहरुको सार्थक र सामान पहुँचक लागि समान अवसरहरुको सिर्जना गर्नु
- बाल अधिकार सुनिश्चित गर्दै गाउँपालिकालाई बालमैत्री पालिकाको रुपमा विकास गर्ने
- ज्येष्ठ नागरिकहरुको मान, सम्मान स्वास्थ्य र सुरक्षाको प्रत्याभूति गर्दै उहाँहरुको सिकाइ र अनुभवलाई समाज विकासका लागि सदुपयोग गर्ने
- गाउँपालिकामा भएको अपांग जनसंख्यालाई संरक्षण गर्दै अपांगता भएकाहरुको हक अधिकार सुनिश्चित गर्दै पालिकालाई अपांगमैत्री पालिकाका रुपमा विकास गर्ने

## रणनीति तथा कार्यनीति

| उद्देश्य | रणनीति | कार्यनीति |
|---|---|---|
| १. सबै प्रकारका विभेद अन्त्य गर्दै महिला सशक्तिकरण गरी विकासका सबै प्रक्रियामा महिला मूलप्रवाहिकरण गर्ने | • महिलालाई उद्दमी र आत्मनिर्भर बनाई हक अधिकार सुनिश्चितता गर्ने | • स्थानीय महिलाको आवश्यकता र सम्भावना अध्ययन गरेर उद्दमशीलता विकास गर्ने।<br>• महिलालाई आफ्नो अधिकार उपयोग गर्नका निम्ति ज्ञान तथा जनचेतना दिने |
| २. राजनीतिक, आर्थिक, सार्वजनिक लगायत सम्पूर्ण निर्णायक तहमा महिलाहरुको सार्थक र सामान पहुँचक लागि समान अवसरहरुको सिर्जना गर्नु | • महिला सहभागिता र आत्मसम्मान सुनिश्चित गर्न सामाजिक संरक्षणका कार्यक्रमहरु संचालन गर्ने | • महिला समुहहरुको संस्थागत विकासमा सहयोग गर्ने<br>• सुरक्षा वासमा भएका तथा प्रवाहित महिलाहरुको लागि आय आर्जन तथा |

| | | |
|---|---|---|
| | | सशक्तिकरणका कार्यक्रमहरु संचालन गर्ने |
| ३. बाल अधिकार सुनिश्चित गर्दै गाउँपालिकालाई बालमैत्री पालिकाको रुपमा विकास गर्ने | • ५ बर्ष भित्र बालमैत्री गाउँपालिकाको रुपमा घोषणा गर्ने<br>• वालवालिकालाई रचनात्मक विकास गर्ने र व्यवहारिक बनाउने। | • गाउँपालिकाका क्रियाकलापका बारेमा बालबालिकाहरुलाई जानकारी राख्न चासो जगाउने |
| ४. ज्येष्ठ नागरिकहरुको मान, सम्मान, स्वास्थ्य र सुरक्षाको प्रत्याभूति गर्दै उहाँहरुको सिकाइ र अनुभवलाई समाज विकासका लागि सदुपयोग गर्ने | • ज्येष्ठ नागरिकको स्वास्थ्य सुधार गर्ने | • ज्येष्ठ नागरिकलाई स्वास्थ्य सम्बन्धि प्रोत्साहन गर्ने।<br>• ज्येष्ठ नागरिकलाई स्वास्थ्य सेवा निशुल्क गर्नेः। |
| | • ज्येष्ठ नागरिकको जीवन स्तर वृद्धि गर्ने | • ज्येष्ठ नागरिकको पोषणयुक्त आहारा सुनिश्चितता गर्ने।<br>• ज्येष्ठ नागरिकको सामाजिक भत्ता सुनिश्चितता गर्ने |
| ५. गाउँपालिकामा भएको अपांग जनसंख्यालाई संरक्षण गर्दै अपांगता भएकाहरुको हक अधिकार सुनिश्चित गर्दै पालिकालाई अपांगमैत्री पालिकाका रुपमा विकास गर्ने | अपांगता भएका व्यक्तिहरुको आत्मसम्मान सहितको सहभागिता तथा नेतृत्वदायी भूमिकाका लागि सकारात्मक वातावरण निर्माण गर्ने | पालिकाका सार्वजनिक भौतिक संरचनाहरुलाई अपांगमैत्री बनाउने नीति निर्माण गर्ने<br>अपांग जनसंख्याको विवरण नियमित दुरुस्त गर्ने<br>अपाङ्गता भएका व्यक्तिहरुलाई शिक्षाको सुनिश्चितता गर्न छात्रवृत्ति प्रदान गर्ने |

## योजना तथा कार्यक्रम

- बाल पार्कको संन्चालन
- महिला सशक्तिकरण तथा सिपमुलक कार्यक्रम गर्ने (सिलाई बुनाई,बुटिक तालिम, प्राविधिक तालिम आदि)
- महिला स्वास्थ्य सम्बन्धि सिपमुलक कार्यक्रम

- विपद् जोखिमसम्बन्धी आपत्कालीन संरक्षण सेवामा महिला समूहहरूको परिचालन गर्ने
- लैङिगक हिंसा निवारणका लागि एकीकृत विकास कार्यक्रम संचालन गर्ने
- ग्रामीण समुदायमा लैङ्गिक समानता कायम गर्न महिला तथा बालबालिकामाथि हुने हिंसाको रोकथामका लागि वर्तमान कानुनी अवस्थाबारे सचेतना अभिवृद्धि गर्ने
- "एकल महिला सुरक्षा कोष सञ्चालन तथा एकल महिलाको क्षमता अभिवृद्धि गर्ने"

### ५.५.५ अपेक्षित उपलब्धि

- सबै प्रकारका विभेद अन्त्य गर्दै महिला सशक्तिकरण भएको हुनेछ
- विकासका सबै प्रक्रियामा महिला मूल प्रवाहिकरण गरिनेछ
- राजनीतिक, आर्थिक, सार्वजनिक लगायत सम्पूर्ण निर्णायक तहमा महिलाहरुको सार्थक र सामान पहुँच सुनिश्चित गरिनेछ
- बाल अधिकार सुनिश्चित गर्दै गाउँपालिकालाई बालमैत्री पालिकाको रुपमा विकास गरिनेछ
- ज्येष्ठ नागरिकहरुको मान, सम्मान स्वास्थ्य र सुरक्षाको प्रत्याभूति गर्दै उहाँहरुको सिकाइ र अनुभवलाई समाज विकासका लागि सदुपयोग गरिनेछ।
- गाउँपालिकामा भएको अपांग जनसंख्यालाई संरक्षण गर्दै अपांगता भएकाहरुको हक अधिकार सुनिश्चित गरिनेछ।

### ५.५.६ अनुमान तथा जोखिम पक्ष

- लक्षित वर्ग सँग सम्बन्धित केन्द्रिय तथा प्रादेशिक रणनीति तथा कार्यनीति विच समन्वय भएको हुनेछ।
- सामाजिक सुरक्षाको लाभ वृद्धि तथा उचित कार्यन्वयनमा सम्बन्धित निकाय अग्रसर भएको हुनेछन्।

## ५.६ युवा तथा खेलकुद

### ५.६.१ पृष्ठभुमि

कुनै पनि स्थानको सशक्त युवा वर्ग सबैभन्दा महत्त्वपूर्ण उमेर रहेको कुरा अवगत नै छ। युवाको उत्थानकानिम्त्मी आवश्यक कार्यक्रम देशको नीति तथा आयोजनामा समावेश रहेको पाईन्छ। यस गाउँपालिकामा १५-५० उमेर समुहको जनसंख्या २१०५७ रहेको पाईन्छ जुन कुल जनसंख्याको ५१.५% रहेको पाइन्छ। हरेक मानिसको जीवनको आधार नै युवा अवस्थामा नागरिकले प्राप्त गर्ने अवसर र हासिल गरेको सफलता वा नतिजाहरूबाट तयार हुने गर्दछ । सामाजिक सद्भाव, सृजनशिलता र पहिचानका खातिर खेलकुद, ऐतिहासिक धरोहर, कला, संस्कृति र स्थानीय भाषाको जगेर्ना र प्रवर्द्धनका कार्यक्रम गर्न आवश्यक हुन्छ । सामाजिक विकासका प्रयासहरूले युवाहरूको मन छुने र क्षमतालाई बढाउन खेलकुदमा स्थानीय

सरकारले प्रतियोगिताहरूको आयोजना गर्ने, कवड हल र मैदान बनाउनको लागि लगानी भएका छन् तर खेलाडीको क्षमता विकास एवं बृत्ति गर्ने योजनाहरू निर्माण गर्न सकिएको छैन। सामाजिक विकासको यो क्षेत्रले उत्साहजनक सरकारी साझेदारीता प्राप्त गर्न सकेको अवस्था छैन।

### ५.६.२ समस्या तथा चुनौती

यस गाउँपालिकामा युवा रोजगार कार्यक्रमहरु पूर्ण रुपमा प्रभावकारी भएको छैन। युवा र खेलकुदलाई सामाजिक विकासको एक उपक्षेत्रको रुपमा प्रस्तुत गरिएको छ। युवाको अहिलेको प्रमुख रोजाई भनेको रोजगारी प्राप्त गर्नु र परिवारलाई कृषिमा आधारित निर्वाहमुखी अवस्थाबाट व्यवसायिक एवं संगठित क्षेत्रमा स्थापित गराउनु रहेको छ । युवाहरूको रोजाईमा वैदेशिक रोजगार पर्नु रहर मात्र होइन वाध्यता पनि छ। युवा तथा किशोर जनशक्ति देश वाहिर रहदा स्थानीय स्तरमा खेलाडीहरूको उत्पादन हुन सकेको छैन। खेलकुदलाई व्यवसायको रुपमा भन्दा मनोरञ्जन र व्यक्तित्व विकासको माध्यमको रुपमामात्र लिने अभ्यास रहेको छ। विश्व परिवेशमा खेलकुद प्रति आएको धारणागत परिवर्तनले व्यवसायिक खेलको दायरा विकास हुदै गएको पाइन्छ। युवाहरूको व्यवसायिक विकासमा खेलकुदलाई व्यवसायिक धारबाट योजना बनाउनु पर्दछ। यहाँ केहि खेल मैदान युवा क्लवहरुले संरक्षण गरेको भएनी समग्रमा खेल मैदानको अवस्था सन्तोषजनक नरहेको पाईन्छ। खेल मैदान गाउँपालिकाको विभिन्न ठाउँमा रहेको भएपनि व्यवस्थित बनाउन सकिएको छैन।

### ५.६.३ सम्भावना तथा अवसर

करिब २५ मुनिका धेरै युवाहरूको रोजाईमा खेलकुद क्षेत्रमा सीप, मनमा आँट वा दृढता, हृदयमा विश्वास सृजना हुन सकेको अवस्था छैन। खेलकुदलाई मनोरञ्जन भन्दा पनि व्यवसायिक र विश्व परिवेश अनुरुप प्रतिस्पर्धाको रुपमा जागरण गर्न सक्नु पर्दछ। खेलकुदका लागि आधार तयार गर्न वा भौतिक पूर्वाधार तयार गर्न, प्रशिक्षण कक्षा र प्रतियोगीताहरूको आयोजनालाई अवसरका रुपमा लिइएको छ।

### ५.६.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना

सोच

युवा रोजगारी वृद्धि गर्दै खेलकुद मार्फत शारीरिक र मानसिक चुस्तता वृद्धि गर्ने

लक्ष्य

खेलकुद क्षेत्र भित्र रहेको क्षमता र संभावनाहरूलाई व्यवस्थित रुपमा उजागर गर्दै भावि पुस्ताको मानसिक र शारीरिक चुस्तता विकास गर्नु ।

उद्देश्य

१. युवाहरूलाई उद्यमशील, स्वरोजगार र स्वावलम्बी बनाउदै विकासमा युवाको सहभागिता वृद्धि गर्नु।

२. खेलकुद पूर्वाधारको विकास गर्दै युवा खेलाडीलाई उच्च प्रतिस्पर्धी र व्यवसायिक बनाउनु।

## रणनीति तथा कार्यनीति

| उद्देश्य | रणनीतिहरू | कार्यनीतिहरू |
|---|---|---|
| १ युवाहरूलाई उद्यमशील, स्वरोजगार र स्वावलम्बी बनाउदै विकासमा युवाको सहभागिता वृद्धि गर्नु | • विकासमा युवा सहभागिता बढाउने । | • विकास निर्माणमा युवाहरूलाई परिचालन गर्न युवा स्वयंसेवा कार्यक्रम सञ्चालन गरिनेछ ।<br>• पालिकाका नीति-कार्यक्रम निर्माण तथा अनुगमन-मूल्याङ्कनमा युवा सहभागिता वृद्धि गरिनेछ । |
| | • युवालाई उद्यमशील, व्यवसायी र आत्मनिर्भर बनाउन वित्तीय स्रोत साधनको पहुँचमा वृद्धि गर्ने । | • रोजगार तथा स्वरोजगार सिर्जनाका लागि सार्वजनिक, निजी, साझेदारीका वित्तीय संस्थाहरू मार्फत् सहुलियत व्याजदरमा ऋण उपलब्ध गराइनेछ । |
| | • युवा केन्द्रित प्राविधिक तथा व्यवसायिक शिक्षा र सीप विकासका अवसरहरू विस्तार गरी उद्यमशील बनाउने । | • युवामा उद्यमशीलता विकासका लागि स्वदेश तथा विदेशको बजारको माग अनुरूप व्यवसायिक तथा प्राविधिक तालिम उपलव्ध गराइनेछ।<br>• वैदेशिक अध्ययन तथा रोजगारीबाट आर्जन भएका पूँजी, ज्ञान, सीप, प्रविधि र अनुभवलाई स्वदेशमा नै उत्पादनमूलक क्षेत्रमा लगाउन प्रोत्साहन गरिनेछ ।<br>• परम्परागत पेशा र व्यवसायको जगेर्ना, आधुनिकीकरण, र व्यवसायीकरण गर्न युवाहरूलाई प्रोत्साहन गरिनेछ । |
| | • युवामा सकारात्मक सोच, सिर्जनशीलता र नेतृत्व क्षमताको विकास गर्ने । | • सिर्जनात्मक अन्वेषण र नवप्रवर्तन कार्य गरी राष्ट्रको गौरव वढाउन योगदान दिन युवाहरूलाई प्रोत्साहित गरिनेछ ।<br>• विकास वा खेलकुद सम्बन्धी विभिन्न क्लवहरूको स्थापना तथा प्रभावकारी |

| | | |
|---|---|---|
| | | सञ्चालन मार्फत युवाहरूको नेतृत्व र व्यक्तित्वको विकास गरिनेछ ।<br>• युवाहरूलाई परिवार र समाजप्रति जिम्मेवारी गराइनेछ ।<br>• युवाहरूलाई लागु पदार्थ दुर्व्यसन तथा नियन्त्रण सम्बन्धी चेतना मुलक कार्यक्रम तयारी तथा सञ्चालनमा सहभागी गराइनेछ ।<br>• वातावरण संरक्षण र दिगो विकासमा युवा सहभागितालाई प्राथमिकता दिइनेछ ।<br>• विज्ञान तथा सूचना प्रविधिमा युवाको पहुँचका लागि प्रत्येक वार्डमा सूचना प्रविधि सम्पन्न युवा सूचना केन्द्रको स्थापना गरिनेछ । |
| २ खेलकुद पूर्वाधारको विकास गर्दै युवा खेलाडीलाई उच्च प्रतिस्पर्धी र व्यवसायिक बनाउनु । | • खेलकुदको समुचित विकासका लागि आवश्यक पूर्वाधारको निर्माण गर्ने । | • पालिकामा कम्तिमा एउटा न्युनतम सुविधा सम्पन्न वहुउद्देश्यीय खेलकुद रङ्गशाला निर्माण गरिनेछ ।<br>• सार्वजनिक निजी साझेदारीमा खेलकुद पूर्वाधार निर्माण र सुदृढ गरिनेछ ।<br>• प्रत्येक वार्डमा कभर्डहल तथा आवस्यक खेल सामग्रीको व्यवस्था गरिनेछ । |
| | • खेल सम्बद्ध राष्ट्रिय र अन्तर्राष्ट्रिय संघ संस्थाहरूसँग समन्वय र सहकार्य गरी खेलकुद विकास गर्ने । | • खेलकुद विकासका लागि सरोकारवाला राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संघ संस्थासँग सहयोग र सहकार्य गरिनेछ ।<br>• खेलकुद पूर्वाधारको विकास र खेल क्षेत्रको उत्थानका लागि विज्ञता हाँसिल गरेका विदेशी खेलाडीसँग ज्ञान र सीपको आदानप्रदान गर्न आवश्यक समझदारीको व्यवस्था मिलाइनेछ । |
| | • प्रतिभावान खेलाडीको पहिचान, क्षमता विकास र प्रोत्साहन गर्ने । | • राष्ट्र र प्रदेशको गौरव राख्न सफल खेलाडीहरूलाई सम्मान एवं पुरस्कार दिइनेछ ।<br>• स्थानीय स्तरदेखि प्रतियोगिता सञ्चालन गर्दै प्रतिभावान खेलाडीको पहिचान, विकास, सम्मान तथा प्रोत्साहन गरिनेछ । |

| | | |
|---|---|---|
| | | • विद्यालय तथा पालिका तहमा खेलकुद पूर्वाधारको विकास गरी खेलकुद प्रतियोगिता सञ्चालन गरिनेछ ।<br>• खेलकुदमा युवाहरूको सहभागिता वृद्धि गर्ने कार्यक्रमहरू सञ्चालन गरिनेछ । |

योजना तथा कार्यक्रम

- वडा स्तरीय खुला व्यायामसाला निर्माण गर्ने
- युवाहरुको लागि सीपमुलक तालिमको व्यवस्थापन
- खेलाडिहरुलाई तालिम तथा प्रोत्साहनको व्यवस्था गर्ने
- खेलकुदका लागि गाँउस्तरिय रंगशाला निर्माण गर्ने
- गाँउ स्तरिय खेलकुद समिति गठन गरी यूवाहरुलाई सक्रिय वनाउने
- वडा, विद्यालय स्तरिय तथा गाँउस्तरिय खेलकुद प्रतियोगिता संचालन गर्ने
- यूवाहरुलाई दुर्व्यसनवाट जोगाउन अभियानहरु संचालन गर्ने
- यूवाकलवहरु गठन तथा क्रियाशिल बनाउने

### ५.६.५ अपेक्षित उपलब्धि

- युवाहरूलाई उद्यमशील, स्वरोजगार र स्वावलम्बी बनाइने छ ।
- विकासमा युवाको सहभागिता वृद्धि भएको हुनेछ।
- खेलकुद पूर्वाधारको विकास गैरिनेछ।
- युवा खेलाडीलाई उच्च प्रतिस्पर्धी र व्यवसायिक बनाइएको हुनेछ।

### ५.६.६ अनुमान तथा जोखिम पक्ष

- सामाजिक विकासका लागि आर्थिक कार्यक्रममा संघ, प्रदेश तथा अन्य सरोकारवालाहरुको ध्यानाकर्षण हुनेछ
- युवाहरु युवा क्लब चुस्त रुपमा संचालन गर्न अग्रसर भएका हुनेछन्

## ५.७ सामाजिक विकासको नतिजा खाका

***यस नतिजा खाकामा प्रत्येक दुई वर्षको लक्ष्यहरु समावेश गरिएको छ। बार्षिक लक्ष्य अनुसूचीमा प्रस्तुत गरिएको छ।*

| सामाजिक विकास | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| नतिजा शृंखला | सूचक | | आधार बर्ष | लक्ष्य | | | पुष्ट्याईका आधारहरु | जोखिम तथा पूर्वानुमान |
| | विवरण | इकाई | ०८०/८१ | ०८२/८३ | ०८४/८५ | ०८०/८१ | | |
| **प्रभाव** २ : आधारभूत र गुणस्तरीय शिक्षा, स्वास्थ्य तथा खानेपानी सेवामा न्यायोचित पहुँच एवं लक्षित वर्गको सशक्तिकरण गरी | १५ देखि ६० सम्मको साक्षर जनसंख्या | प्रतिशत | ७८ | ८५ | ९० | ९५ | • अध्ययनसर्वेक्षण/ प्रतिवेदन<br>• वस्तुस्थिति विवरण<br>• मूल्याङ्कन प्रतिवेदन<br>• गाउँपालिका प्रोफाईल | • •अभिभावक तथा सरोकारवालाको सहभागितामा अभिवृद्धि हुनेछ |
| | प्राविधिक शिक्षामा अध्ययनरत विद्यार्थी | संख्या | ७५५ | ८०० | ९०० | १००० | | |
| | उच्चा शिक्षामा अध्ययनरत विद्यार्थी | संख्या | ८४४ | ९०० | ९५० | १००० | | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| समावेशी तथा समतामुलक समाज निर्माण | प्राथमिक स्वास्थ्य केन्द्रअस्पताल पुग्न लाग्ने/ औसत समय | मिनेट | ३२ | २५ | १५ | १० | | |
| **प्रतिफल २१.** जीवन उपयोगी गुणस्तरीय आधारभूत प्राविधिक तथा उच्च शिक्षामा सम्वेशी समतामुलक पहुँच वृद्धि भयी दक्ष जनशक्ति उत्पादन भएको हुनेछ | स्नातक तह उतिर्ण जनसंख्या | संख्या | ६३३ | ८०० | १००० | १४०० | • अध्ययनसर्वेक्षण / प्रतिवेदन<br>• वस्तुस्थिति विवरण<br>• मूल्याङ्कन प्रतिवेदन<br>• गाउँपालिका प्रोफाईल | • सरकारी, गैरसरकारी र निजि क्षेत्रको लगानी र कार्यक्रममा वृद्धि हुनेछ |
| | कृषि बिज्ञान सम्बन्धि अध्यनरत विद्यार्थी | संख्या | ४५ | ५४ | ७८ | ११२ | | |
| | सूचना प्रविधि सम्बन्धि अद्यांरत विद्यार्थी | संख्या | १६ | २० | ३० | ४० | | |
| **प्रतिफल २२.** गुणस्तरीय | | | ५४ | ६० | ७५ | ९५ | • गाउँपालिका प्रोफाईल | • जनसंख्या तथा जन्म सम्बन्धि |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| आधारभूत स्वास्थ्य सेवाको पहुँच अविवृद्धि भइ म्राती शिशु तथा बाल मृतुदर्र घटी स्वास्थ्य समाजको सृजना भएको हुनेछ | परिवार नियोजनका साधनको प्रयोग दर | प्रतिशत | | | | | | महिला तथा सम्पूर्णमा आवश्यक चेतना वृद्धि हुनेछ |
| **प्रतिफल** २३. महिला, बालबालिका, दलित, ज्येष्ठ नागरिक एकल महिला, फरक क्षमता तथा पछाडी पारिएको वर्ग शसक्त भई निर्णायक तहमा | सामाजिक सुरक्षाबाट लाभान्वित लक्षित वर्ग | संख्या | १७५१ | १८०० | १९०० | २५०० | • गाउँपालिका प्रोफाईल | • सामाजिक सुरक्षा तथा सकारात्मक विभेद नीति र लक्षित कार्यक्रममा निरन्तरता हुनेछ |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| सहभागिताको वृद्धि भएको हुनेछ | | | | | | | | |
| **प्रतिफल** २४. आत्मनिर्भर तथा सिर्जनशील युवाशक्तिको विकास तथा उत्पादनमुलक कार्यमा युवा सहभागिता वृद्धि भएको हुनेछा | बैदेशिक रोजगारीमा गएका युवा | संख्या | १७८६ | १५०० | १२०० | ८०० | • अध्ययनसर्वेक्षण / प्रतिवेदन<br>• वस्तुस्थिति विवरण<br>• मूल्याङ्कन प्रतिवेदन<br>• गाउँपालिका प्रोफाईल | • सामाजिक विकासका लागि आर्थिक कार्यक्रममा संघ, प्रदेश तथा अन्य सरोकारवालाहरुक ो ध्यानाकर्षण हुनेछ |
| | युवा क्लब, संजाल तथा संस्था | संख्या | १५ | २० | ३० | ३५ | | |
| | उद्दम, व्यवसाय र स्वरोजगारीमा संलग्न युवा | संख्या | २७९८ | २८५० | ३००० | ३५०० | | |

# परिच्छेद ६ पूर्वाधार क्षेत्र

## ६.१ जलश्रोत, विद्युत तथा वैकल्पिक ऊर्जा

### ६.१.१ पृष्ठभूमि

स्थानीय तहको विकास निर्माण, उद्यम व्यवसाय स्थापना र विस्तारमा ऊर्जाको महत्त्वपूर्ण स्थान रहन्छ। यस गाउँपालिकामा ऊर्जाका श्रोत हरु जलविद्युतको ऊर्जाको वर्चस्व रहेको देखिन्छ। ति श्रोतका अतिरिक्त मट्टीतेल, जेनेरेटर आदि पनि ऊर्जाको श्रोत हुन् भने खाना बनाउने ऊर्जाको श्रोतका रुपमा दाउराको प्रयोग पनि अधिकतम रहेको पाईन्छ। यस गाउँपालिकाको पनि ऊर्जाको मुख्य श्रोत भनेको जलबिद्युत नै रहेको पाईन्छ। वैकल्पिक ऊर्जा अहिलेको संसारको आवश्यकता रहेको छ। जलविद्युत पनि वैकल्पिक ऊर्जाको श्रोत भएपनि विशाल उत्पादन र परियोजना भएको कारण अन्य सोलार, वायो ग्यास  इत्यादी जस्ता श्रोतलाई यस क्षेत्रमा वर्गीकरण गरिएको छ। यस गाउँपालिकामा यस्ता वैकल्पिक श्रोतको प्रयोग निकै न्युन रहेको देखिन्छ।

### ६.१.२ समस्या तथा चुनौती

यस गाउँपालिकामा जलविद्युतको पहुँच अधिकांश भएपनि भोल्टेजको कमीले गर्दा पर्याप्त बिजुली उपभोग गर्न नपाइएको छ। विद्युतीय प्रशारण लाईन विस्तार गर्नकानिम्ती अर्थ जुटाउन चुनौतिपूर्ण रहेको देखिन्छ। सिचाईको मुख्य श्रोत नै विद्युत बाट boring गर्नु रहेको कारण प्रशारण लाईन खेत तिर पनि विस्तार गर्न सकिएको छैन। विद्युतीय सवारी साधनको सम्भावना भएपनि आवश्यक पूर्वाधार नहुनुले पनि चुनौती पैदा गरेको पाईन्छ। वैकल्पिक ऊर्जाको पहुँचमावृद्धि गर्नु र सो ऊर्जाको माग र आपुर्तिबिच सन्तुलन कायम गर्न सक्नु चुनौतिपूर्ण रहेको पाईन्छ। आर्थिक कमजोरी नै वैकल्पिक ऊर्जाको विकासको प्रमुख बाधा भएको यस गाउँपालिकामा वायु तथा सौर्य ऊर्जा उत्पादनमा अझै पर्याप्त रुपमा निजि तथा सामुदायिक लगानी कर्ताहरुलाई आकर्षण गर्न सक्नु चुनौती रहेको देखिन्छ।

### ६.१.३ सम्भावना तथा अवसर

वैकल्पिक ऊर्जाको प्रबर्धन गर्नका निम्ति विभिन्न निजि तथा सरकारी संस्थाले देशभरि विभिन्न प्रयास र सो प्रविधिलाई कार्बन परियोजनाको रुपमा विकास गर्न सकिने अवस्थाले सम्भावना सृजना गरेको छ। वैकल्पिक ऊर्जाको प्रविधिहरु अन्तराष्ट्रिय बजारमा सस्तो तथा सहज उपलब्धि हुने देख्न थालिएको छ भने छोटो समयमा सोलार ऊर्जाको उत्पादन गर्न सकिने अवस्था छ। यस गाउँपालिकाको समतल भूमिले विद्युतीय विस्तारमा भौगोलिक रुपले  समस्या उत्पन्न गर्दैन र सो गर्न सके पेट्रोलियम पदार्थको आत्मनिर्भरतालाई न्यूनीकरण गर्न सकिने अवसर रहेको छ।

### ६.१.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना

सोच

बैकल्पिक ऊर्जाको प्रयोगबाट आर्थिक विकासमा टेवा

लक्ष्य

- सबै घरधुरीमा पर्याप्त र सहुलियत विद्युत आपूर्ति
- वैकल्पिक ऊर्जाको खपत बधाई परम्परागत र पेट्रोलियम ऊर्जा प्रतिस्थापन गर्ने

उद्देश्य

- हरेक बस्तीमा राष्ट्रिय प्रसारण लाइनको व्यवस्था गर्ने
- स्वच्छ र वैकल्पिक ऊर्जाको उत्पादन बढाई आधुनिक ऊर्जाको पहुँच बढाउनु

रणनीति तथा कार्यनीति

| उद्देश्य | रणनीति | कार्यनीति |
|---|---|---|
| १. हरेक बस्तीमा राष्ट्रिय प्रसारण लाइनको व्यवस्था गर्ने | सबै घरपरिवार र स्थानमा उज्यालो पुर्याउने | लागत साझेदारीमा सम्भाव्य स्थानमा बाँध निर्माण गरि विद्युत उत्पादन. सिचाई तथा पोखरी निर्माण गर्ने।<br>लागत साझेदारीमा विद्युत अपुग भएका घरधुरीमा विद्युत लाइन विस्तार गर्ने।<br>विद्युत लाईन र पोल जिर्ण भएको ग्रामिण स्थानमा जिर्ण पोल र तार मर्मत गर्ने र खुलातार प्रणालीलाई केवल प्रणालीमा रुपान्तरणको लागि सम्बन्धि पैरवी र साझेधारी गर्ने।<br>स्वास्थ्य संस्था र माद्यामिक विद्यालयमा पावर व्याकपको व्यवस्था गर्ने। |
| २. स्वच्छ र वैकल्पिक ऊर्जाको उत्पादन | नवीकरणीय ऊर्जा प्रविधिको विस्तार र | वैकल्पिक ऊर्जा सम्बन्धी स्थानीय नीति, कानुन, मापदण्ड र योजना तर्जुमा गरि कार्यन्वयन र |

| | | |
|---|---|---|
| बढाई आधुनिक ऊर्जाको पहुँच बढाउनु | प्रवर्द्धन गरी पहुँच र उपयोग वृद्धि गर्ने | नियमनको व्यवस्था गरि स्वच्छ ऊर्जामा पहुँच वृद्धि गर्ने।<br>दाउराको प्रयोगलाई कम गर्दै लैजान वायोग्यास, सुधारिएको चुलो, वायो ब्रिकेट जस्ता दाउराको किफायती नवीकरणीया ऊर्जा प्रविधिहरुको |
| | पेट्रोलियम ऊर्जा, एल पी ग्याँस तथा दाउरा चुल्होलाई जलविद्युत, वायोग्याँस तथा सौर्य ऊर्जा चुल्होले विस्थापित गर्नु। | खाना पकाउन विद्युतीय चुलोको प्रयोग गर्न प्रोत्साहन गर्ने।<br>घर घरमा वायो ग्याँस उत्पादनको लागी प्रोत्साहन गर्ने।<br>सार्वजनिक स्थल जस्तै विद्यालय, अस्पताल, चौकी, बजार आदिका लागि सुधारिएको तथा किफायती चुलोहरु प्रदान गर्ने। |
| | वैकल्पिक ऊर्जाको विकासमा लगानी वृद्धिको वातावरण सिर्जना गर्ने। | वायु मिल, सोलार प्लान्ट जस्ता वैकल्पिक ऊर्जा प्रवर्धनमा काम गर्ने निजि तथा सहकारी संस्थालाई विशेष सहयोग गरि पालिकालाई ऊर्जा सुरक्षित पालिकाको रुपमा स्थापना गरिनेछ।<br>विद्युत जडान तथा मर्मत सम्भारका लागि दक्ष, तालिम प्राप्त जनशक्ति उत्पादन गर्ने।<br>निजि क्षेत्रसँग मिलेर विद्युत संचालित सवारी साधनको प्रवर्धन गर्ने।<br>विद्युत वितरण लाइनमा सम्पूर्ण काठेपुलहरु प्रतिस्थापना गर्ने। |
| | वायु तथा सौर्य ऊर्जा लगायत अन्य ऊर्जाको सम्भावना अध्ययन गर्ने। | पालिकामा विभिन्न वैकल्पिक ऊर्जा उत्पादन तथा प्रसोधन गर्न सकिने ठाउको परिक्षण गर्ने।<br>सम्भावना भएको ऊर्जाको उत्पादन बढाई पालिकालाई ऊर्जा क्षेत्रमा आत्मनिर्भर हुन उन्मुख बनाउने। |

| | | |
|---|---|---|
| | वैकल्पिक ऊर्जालाई व्यावसायिक ऊर्जाको रुपमा विकास गर्ने | जाला, वायु तथा सौर्य ऊर्जाबाट उत्पादन विद्युतलाई घरेलु तथा व्यावसायिक कामको लागि प्रयोग गर्ने।<br>निजि , सार्वजनिक तथा सामुदायिक स्थानहरुमा ऊर्जा भण्डार सहितको सौर्य ऊर्जा प्लान्ट जडान गरि कुशल रुपमा ऊर्जा खपत गर्ने। |

**योजना तथा कार्यक्रम**

- बिधुत पोल तथा तारको व्यवस्था
- गाउँपालिकाका मुख्य सडकहरुमा सडक बत्तिको व्यवस्थापन गर्ने
- वैकल्पिक ऊर्जाको प्रयोगमार्फत वातावरण संरक्षण तथा ऊर्जामा आत्मनिर्भरता सम्बन्धी सचेतना कार्यक्रम
- सामुदायमा सामुदायिक विद्युतीकरणको पूर्वाधार तर्जुमा
- दाउरा माथिको निर्भरतालाई कम गर्न विद्युतीय उपकरण प्रयोग गर्न प्रोत्साहन कार्यक्रम
- वैकल्पिक ऊर्जा मार्फत धुवाँरहित भान्छा कार्यक्रम
- लघुविद्युत सञ्चालनमा समन्वय तथा व्यवस्थापन
- सौर्य उर्जा प्रवर्द्धन कार्यक्रम

### ६.१.५ अपेक्षित उपलब्धि

- हरेक बस्तीमा राष्ट्रिय प्रसारण लाइनको व्यवस्था भएको हुनेछ।
- स्वच्छ र वैकल्पिक ऊर्जाको उत्पादन बढाईनेछ।
- आधुनिक ऊर्जाको पहुँच बढेको हुनेछ।
- विद्युतीय सहुलियाताले गर्दा रोजगारीका थप अवसर सिर्जना भएका हुनेछन्।

### ६.१.६ अनुमान तथा जोखिम पक्ष

- विद्युतीय प्रशारण थप तथा सहुलियतामा सम्बन्धित संकायहरु कार्यरत हुनेछन।
- वैकल्पिक उर्जा सम्बन्धि ऐन तथा कानुनमा ३ तहकै सरकारको समझधारी भएको हुनेछ।

## ६.२ सडक, पुल तथा यातायात

### ६.२.१ पृष्ठभूमि

यातायात पूर्वाधार समग्र विकासको मेरुदण्ड हो। यातायात सेवा लगायत पूर्वाधारका अन्य विकास आयोजनाले विस्तृत आर्थिक, सामाजिक विकासका अन्य क्षेत्रका विकासको गतिलाई सुगम पार्न तथा सार्वजनिक सेवामा पहुँच, प्रवाह र नागरिकको दैनिक जीवनयापनालाई सहज बनाउने भुमिका रहेको छ। यस गाउँपालिकामा स्थानीय सरकारको स्थापना आएपछि धेरै नयाँ सडक विस्तार भएको देखिन्छ।

### ६.२.२ समस्या तथा चुनौती

सडक संजालको विस्तार व्यापक भएपनि अधिकांस सडकको स्तर राम्रो नभएको सम्भावनालाई सदुपयोग गर्न भूगोलको बनावटले गर्दा अत्याधिक अर्थ चाहिने हुँदा विभिन्न निजी तथा सरकारी संस्था बाट अझै पर्याप्त सहयोग जुटाउन र पर्यावरणमा पर्ने असर पनि धेरै भएको र त्यस तर्फ अझै आवश्यक ध्यानाकार्षण गर्न नसक्नु चुनौतिपूर्ण रहेको देखिन्छ।

सडकको महत्त्व अरु थुप्रै क्षेत्र सँग अन्तर सम्बन्धित रहेको छ,त्यसैले सडकको उचित व्यवस्थान गर्न सकेअन्य पूर्वाधारको विकास पनि चुस्त बन्ने देखिन्छ भने आर्थिक क्रियाकलापमा पनि वृद्धि भई जिवानोस्तारमा सकारात्मक परिवर्तन आउने देखिन्छ।

### ६.२.३ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना

#### सोच

सडक यातायतको विकास मार्फत आर्थिक सम्वृद्धि

#### लक्ष्य

स्थानीय सडक संजालको विस्तार गरी आर्थिक-सामाजिक विकास, व्यापार विस्तार एवं विविधिकरण तथा अन्तर गाउँपालिका स्तरीय सम्बन्धमा सुदृढिकरणमा टेवा पुर्याउने

#### उद्देश्य

- प्रभावकारी, दिगो, भरपर्दो, सुरक्षित, वातावरणमैत्री र कम खर्चिलो यातायात सेवामार्फत आर्थिक क्रियाकलाप विस्तार र सेवा प्रवाहको प्रभावकारिता बढाउनु
- वडा-गाउँपालिका, गापा-गापा/नपा, गापा-जिल्लाबीच तथा छिमेकी पालिकाहरु बीच ब्यापारिक सम्बन्ध विस्तार गर्नु
- यातायात व्यवस्थालाई सहज बनाई सम्पूर्णको न्यायोचित पहुँच पुर्याउने

#### रणनीति तथा कार्यनीति

| उद्देश्य | रणनीति | कार्यनीति |
|---|---|---|
| १. प्रभावकारी, दिगो, भरपर्दो, सुरक्षित, वातावरणमैत्री र कम खर्चिलो यातायात सेवामार्फत आर्थिक क्रियाकलाप विस्तार र सेवा प्रवाहको प्रभावकारिता बढाउनु | • कृषि, पर्यटन तथा सामाजिक सेवा प्रवाहलाई सहज र सुलभ हुने गरि गुणस्तरीय पूर्वाधारको विकास र विस्तार गर्ने। | • गाउँपालिकाको रणनीतिक सडकहरु प्राथमिकता अनुसार क्रमशग्राभेल र : पिच गर्दै लग्ने।<br>• सडक नपुगेको प्रमुख बस्ति तथा बजार केन्द्रलाई लक्षित गरि अति जरुरि स्थानमात्र नयाँ ट्र्याक खोल्ने।<br>• सडक संजाल निर्माण गर्दा कृषि, ऊर्जा, पर्यटन तथा उद्योग व्यवसायको समेत प्रवर्द्धन हुने गरि गर्ने।<br>• सडकको नयाँ ट्र्याक खोल्दा तथा स्तरोन्नति गर्दा पुर्व वातावरणीय परिक्षण वा वातावरणीय प्रभाव मुल्यांकन पश्चात विस्तृत अध्ययन प्रतिवेदन तयार गरि मात्र सडक निर्माण र स्तरोन्नति गर्ने। |
| | • सडकको मापदण्ड, वर्गीकरणनामकरण र , प्राथमिकताक्रम सहित यातायात गुरुयोजना तर्जुमा सडक निर्माण र संचालन गर्ने | • भूसारउपयोग क्षेत्र र योजना अनु-, वस्ती विकास तथा भौतिक निर्माणको योजना तर्जुमा र कार्यन्वयन गर्ने।<br>• भौतिक योजना तथा यातायात गुरुयोजना अनुसार सडकको मापदण्ड, वर्गीकरण, नामाकरण तथा प्राथमिकता निर्धारण गर्ने।<br>• प्राथमिकताका आधारमा सडक निर्माण, मर्मतसम्भार र यातायात संचालन गर्ने। |

| | | |
|---|---|---|
| २. यातायात व्यवस्थालाई सहज बनाई सम्पूर्णको न्यायोचित पहुँच पुर्याउने | • कृषि, पर्यटन तथा सामाजिक सेवा प्रवाहलाई सहज र सुलभ हुने गरि यातायात व्यवस्थापन गर्ने। | • यातायात व्यवस्थापन सहज बनाउन आवश्यक पूर्वाधार व्यक्त गर्ने।<br>• यात्रा सहज र गुणस्तरीय बनाउन आवश्यक मापदण्ड पुरा गर्ने। |

**योजना तथा कार्यक्रम**

- मर्चवारी -१ धनहवा चोक देखि खैरा घाट सम्मम सडक कालोपत्रे २ किम
- सोनवर्षा गाउँदेखि महराज गेज सम्म सडक कालो पत्रे
- पोखरा देखि सनवर्षा मथुरा मिल सम्म दसक कालो पत्रे गर्ने
- मुडीमारी देखि भकुण्डगद सम्म सडक पिसिसी गर्ने
- वडा ३ मा महाराजगंज देखि मधुबनिया सम्म
- मर्चावारी -५ बेलहिया गाउँदेखि हरहरवा घाटसन् हाबे सडक पिपिसी ढलान

### ६.२.४ अपेक्षित उपलब्धि

- सडक प्रभावकारी, दिगो, भरपर्दो र सुरक्षित भएको हुनेछ।
- वातावरणमैत्री र कम खर्चिलो यातायात सेवामार्फत आर्थिक क्रियाकलाप विस्तार भएको हुनेछ।
- वडा-गाउँपालिका, गापा-गापा/नपा, गापा-जिल्लाबीच तथा छिमेकी पालिकाहरु बीच ब्यापारिक सम्बन्ध विस्तार भएको हुनेछ।
- यातायात व्यवस्थालाई सहज बनाई सम्पूर्णको न्यायोचित पहुँचपुगेको हुनेछ।

### ६.२.५ अनुमान तथा जोखिम पक्ष

- संघ तथा प्रदेशले सडक तथा यातायात व्यवस्थापनमा आवश्यक बजेट विनियोजन गर्ने छन्।
- निजि तथा गैरसरकारी क्षेत्रले यातायात प्रणालीमा लगानी गर्नेछन्।

## ६.३ सञ्चार तथा सूचना प्रविधि पूर्वाधार

### ६.३.१ पृष्ठभूमि

यस आधुनिक युगमा सूचना भनेको सबैभन्दा शक्तिसाली संसाधन हो। सूचना तथा संचारको पहुँच हरेक नागरिकको आधारभूत आवश्यकता बनिसकेको छ। यस गाउँपालिकामा संचारको स्थिति औसत रहेको

### ६.३.२ समस्या तथा चुनौती

केहि स्थानमा भने न्युनतम संचार नेटवर्क समेत नरहेको र भएको स्थानहरुमा पनि गुणस्तरको नभएको कम्जोर पक्ष देख्न सकिन्छ। स्थानीयहरुलाई संचार पूर्वाधारको सदुपयोग गर्न सकिने पक्षहरुको बारेमा उचित जानकारी नभएको देख्न सकिन्छ। त्यसैगरी संचार प्रविधिमा सहुलियत नभएको कारण सबै वर्गको पहुँचमा ल्याउन निकै चुनौतिपूर्ण देखिन्छ।

### ६.३.३ सम्भावना तथा अवसर

यस गाउँपालिकाका अधिकांश स्थानहरुमा न्युनतम संचार सुविधा कायम गरिएको देखिन्छ र सोअनुरूप ७,८८४ घरधुरीमा मोबाईलको सुविधा उपलब्ध रहेको देखिन्छ। संचारको महत्त्व मध्यनजर गरेर विभिन्न तहका सरकारी तथा निजि क्षेत्रको संचार विकास गर्न प्रयास जारि रहेको अवस्था देखिन्छ। धेरै स्थानियाहरुको पहुँचमा मोबाईल रहेको कारण संचारलाई थप विकास गर्न सके विभिन्न सूचना तथा जानकारी प्रवाह सहज रुपले गर्न मिल्ने अवसर रहेको देखिन्छ।

### ६.३.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना

सोच

संचार तथा सूचनाको गुणस्तरीय विकास, विकसित लोकतन्त्रको अभ्यास

लक्ष्य

गुणस्तरीय सूचना तथा सेवामा नागरिकको पहुँच विस्तार गर्ने

उद्देश्य

- सूचनाका पूर्वाधार विकास गर्ने
- सूचना प्रविधिमा सहुलियत र गुणस्तर कायम गर्ने

रणनीति तथा कार्यनीति

| उद्देश्य | रणनीति | कार्यनीति |
|---|---|---|
| १. सूचनाका पूर्वाधार विकास गर्ने | • इन्टरनेट सेवाको पहुँच अभिवृद्धि गर्ने | • गाउँपालिका, वडा कार्यालय, स्वास्थ्य संस्था र विद्यालयमा इन्टरनेट क्षमता वृद्धि गरि सेवाको विस्तार र गुणस्तर सुधार गर्ने। |

| | | |
|---|---|---|
| | | • सबै वडा कार्यालयहरु, विद्यालय र स्वास्थ्य संसथामा इन्टरनेट सेवा नियमित तथा सुचारु गर्न सेवा प्रदायक परिचालनको व्यवस्था गरिनेछ।<br>• गाउँकार्यपालिका कार्यालय, वडा कार्यालय, विद्यालय र स्वास्थ्य संस्था मुख्य बजारमा सिसिटिभी क्यामेरा जडान गर्ने। |
| | • टेलिफोन सेवा प्रभावकारी बनाउने | • टेलिफोन टावरको संख्या र क्षमता वृद्धि गर्न समन्वय र पैरवी गर्ने।<br>• विद्यालय तथा स्वास्थ्य संस्थाहरुमा इन्टरनेट सुविधा जडान गर्ने र सूचना प्रविधिमा आधारित भई पठनपाठन तथा स्वास्थ्य सेवा प्रवाह गर्ने।<br>• ल्याण्डलाइन टेलिफोन र अप्टिकल फाईबर प्रविधिको इन्टरनेट विस्तार संचालन गर्न नेपाल टेलिकम र अन्य सेवा प्रदायक संस्थासँग छलफल, समन्वय र पैरवी गर्ने। |
| २ सूचना प्रविधिमा सहुलियत र गुणस्तर कायम गर्ने | • सूचना तथा सेवा प्रवाहलाई सूचना प्रविधि बनाउने | • राजस्व, प्रशासन, योजना तथा स्थानीय तथ्यांक सम्बन्धि सूचना व्यवस्थापन प्रणाली तयार गरि सूचना प्रविधिमा आधारित सेवा प्रवाहको व्यवस्था गर्ने।<br>• स्थानीय संचार माध्यम र संचार कर्मीका क्षमता विकास गरि गाउँपालिकालाई मिडीयामैत्री बनाउने।<br>• सम्पादित योजना, कार्यक्रम र गतिविधि एफएम रेडियो स्थापना संचालन गरि |

| | | |
|---|---|---|
| | | सूचना र संचारको प्रमुख माध्यमको रुपमा विकास गर्ने।<br>• गाउँपालिकाको मुखपत्रको रुपमा रुपन्देही विकास बुलेटिन प्रकाशनको व्यवस्था गर्ने (चौमासिक)।<br>• पदाधिकारी तथा सेवाग्राही रेडियो संवाद कार्यक्रम नियमित रुपमा संचालन गर्ने।<br>• स्थानीय नीति, कानुन, नियम र कार्यविधि, निर्णय, विकास कार्य संचालन, उपलब्धि, सफल अभ्यास बारे पत्रकार संवाद, पत्रपत्रिका, रेडियो र टेलिभिजनमा नियमिति प्रकासन र प्रसारणको व्यवस्था गर्ने। |

कार्यक्रम तथा आयोजना

- आवश्यकता अध्ययन गरि टेलिकम टावर निर्माण
- एक वडा एक टेलिमेडिसिन स्थापना
- एक वडा एक डिजिटल सूचनापाटि व्यवस्था
- विभिन्न उपर्युक्त स्थल पहिचान गरि Free Wi-Fi व्यवस्था

### ६.३.५ अपेक्षित उपलब्धि

- सूचनाका पूर्वाधार विकास भएको हुनेछ
- सूचना प्रविधिमा सहुलियत र गुणस्तर कायम हुनेछ

### ६.३.६ अनुमान तथा जोखिम पक्ष

- अन्तर-सरकार, नागरिक समाज र समुदायको सहकारी र साझेदारीमा वृद्धि हुनेछ।
- संघ, प्रदेश र गैर सरकारी र निजि क्षेत्रको लगानी र कार्यक्रममा वृद्धि हुनेछ।

## ६.४ आवास तथा वस्ती विकास

### ६.४.१ पृष्ठभूमि

आवास मानवको जीवनको आधारभूत आवश्यकतामा पर्दछ।सविधानले पनि आवासलाई नागरिकको मौलिक हकको रुपमा स्थापित गरेको छ। स्थानीय संचालन ऐनले सुरक्षित बस्ति विकास, भवन मापदण्ड तथा नियमन जस्ता कार्यहरु स्थानीय तहको जिम्मेवारीमा सुम्पेको छ। यस गाउँपालिकामा अधिकांश स्थानीय आफ्नै घरमा बस्ने गरेको पाईन्छ।

### ६.४.२ समस्या तथा चुनौती

भूउपयोग नीति अनुसार बस्ती विकास नहुनु, बिभिन्न ठाउँहरूमा मापदण्ड विपरित आवास निर्माण हुनु तथा मापदण्ड अनुसार भएको वा नभएको अनुगमन गर्ने कार्य प्रभावकारी नहुनु, गाउँपालिकामा विद्यमान अवस्थामा शहरी विकासको पूर्वाधार विकास गर्न आवश्यक आर्थिक समस्या रहेको छ। एकै पटकमा सेवा प्रदान गर्न बनाउन पर्ने भवनहरू र तिनीहरूकोलागि आवश्यक मानव स्रोत एवं साधनहरूकोलागि गर्नु पर्ने लगानी पुऱ्याउन सक्षम हुन नसक्नु, ग्रामीण क्षेत्रमा आवासको निर्माण गर्दा प्राविधिकको परामर्श नलिनु, खर्चिलो हुनु, सुरक्षित स्वास्थ्य र सुविधायुक्त आवास नहुनु सामुहिक आवास निर्माणमा जनचासो नहुनु आदि यहाँका समस्याहरू हुन्।

### ६.४.३ सम्भावना तथा अवसर

स्थानीय निर्माण सामाग्री उच्चतम प्रयोग गरी सुरक्षित आवासको निर्माण गर्न सकिने सम्भावना छ। शहरी विकास गर्ने कामको लागि आधुनिक सबै सेवाहरू उपलब्ध गराउन धेरै रकमको आवश्यकता हुन्छ जुन संघ तथा प्रदेशबाट माग  गर्न सकिनेछ। शहरी पूर्वाधारको निर्माण पश्चात् सहर बसाल्नु, सडक, चुस्त यातायात सुविधा, पर्याप्त गुणस्तरीय खानेपानी, गुणस्तरीय बिजुली तथा सूचना प्रणालीको व्यवस्था गराउने सम्भावना छ। गरिब तथा न्यून आय भएका परिवारको लागि सुरक्षित आवास कार्यक्रम सचालन गरि सुरक्षित आवास निर्माणमा जनचेतना बृद्धि गर्न सकिने अवसर रहेको छ। पूर्वाधार विकास र आवास निर्माण गर्दै स्थानीय पहिचानयुक्त सहर बसाल्ने सम्भावना छ भने भूउपयोग नीति अनुसार बिभिन्न मापदण्ड लागु गर्न पालिकाको चासोको विषय बनाउन सकिन्छ।

### ६.४.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना

<u>सोच</u>

सबै नागरिकको सुरक्षित , सुलभ र व्यवस्थित आवासमा पहुँच

<u>लक्ष्य</u>

वातावरणमैत्री, सुरक्षित र सुलभ सार्वजनिक भवन तथा निजी आवासको विकास गर्ने

## उद्देश्य

- आवास क्षेत्रमा सुरक्षा र पूर्वाधारको सुनिश्चितता गर्ने
- व्यवस्थित तरिकाले वस्ती विकास गर्ने

## रणनीति तथा कार्यनीति

| रणनीति | कार्यनीति |
|---|---|
| १. वस्तीको विकास एकीकृत र सुरक्षित गर्ने। | • भू-उपयोग योजनाअनुसार बस्ति विकास गर्दै लग्ने।<br>• एक नमुना बस्ति विकास कार्यक्रम संचालन गरि अन्य अव्यवस्थित वस्तीहरुलाई व्यवस्थित गर्न सहज गर्ने।<br>• वस्ती तथा आवासलाई चाहिने पूर्वाधारको उचित व्यवस्थापन गर्ने।<br>• आवास, बस्ति विकास तथा सार्वजनिक निर्माण सुरक्षित बनाउन चेतना अभिवृद्धि गर्ने। |
| २. भवन निर्माणमा भवन संहिताको सशक्त कार्यन्वयन गर्ने। | • सरकारी भवनहरु बाल, महिला र अपाङ्गमैत्री बनाउनको साथै भवन संहिता तयार गरि कार्यन्वयन गर्ने।<br>• निर्माणमा संलग्न स्थानीयहरूलाई मापदण्ड बमोजिम निर्माण गर्न सिप तथा तालिम व्यववस्था गर्ने।<br>• पक्कि निर्माण तथा खरको छाना विस्थापन गर्ने। |
| ३. क्षतिग्रस्त आवास तथा भवनहरुको पुननिर्माण गर्ने। | • जोखिम नक्सांकन गरि विपद जोकिम स्थानमा रहेका घर बस्तीलाई सुरक्षित स्थानमा पुन:स्थापना गर्ने। |

## योजना तथा कार्यक्रम

- बिपन्न वर्गलाई आवास निर्माण
- बिपन्न परिवारलाई मदरसा २ ठाउँमा आवास को निर्माण गर्ने
- गरिव तथा विपन्न वर्गलाई सुरक्षित आवास व्यवस्थापन

### ६.४.५ अपेक्षित उपलब्धि

- आवास क्षेत्रमा सुरक्षा र पूर्वाधारको सुनिश्चितता भएको हुनेछ
- व्यवस्थित तरिकाले वस्ती विकास गरि दिगो तथा सुन्दर सहरी क्षेत्र विकासको मापदण्ड तयार हुनेछ

### ६.४.६ अनुमान तथा जोखिम पक्ष

- संघ, प्रदेश र गैर सरकारी र निजि क्षेत्रको लगानी र कार्यक्रममा वृद्धि हुनेछ।
- समुदायको योगदान र निगरानीमा वृद्धि हुनेछ

## ६.५ पूर्वाधार विकासको नतिजा खाका

***यस नतिजा खाकामा प्रत्येक दुई वर्षको लक्ष्यहरु समावेश गरिएको छ। बार्षिक लक्ष्य अनुसूचीमा प्रस्तुत गरिएको छ।*

| पूर्वाधार विकास | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| नतिजा शृंखला | सूचक | | आधार बर्ष | लक्ष्य | | | पुस्टयाईका आधारहरु | जोखिम तथा पूर्वानुमान |
| | विवरण | इकाई | ०७९/८० | ०८०/८१ | ०८२/८३ | ०८४/८५ | | |
| **प्रतिफल ३१.** सडक एवं सहायक पूर्वाधारको विस्तार र विकास एवं यातायात सुचारु भएको हुनेछ | पक्कि सडक सम्म पुग्न लाग्ने औसत समय | मिनेट | १० | ५ | ४ | ४ | • आर्थिक प्रतिवेदन<br>• गाउँपालिका प्रोफाईल<br>• यातायात गुरुयोजना | • अन्तर-सरकार, नागरिक समाज र समुदायको सहकारी र साझेदारीमा वृद्धि हुनेछ।<br>• संघ, प्रदेश र गैर सरकारी र निजि क्षेत्रको लगानी र कार्यक्रममा वृद्धि हुनेछ। |
| | ग्राभेल सडक | किमी | ४६ | ६० | ८० | ९५ | | |
| | कच्ची सडक | किमी | ३० | २७ | २३ | १९ | | |
| | बायो इन्जिनीरिंग प्रविधि र सडक साइड वृक्षारोपण | किमी | ० | १५ | ५० | ९० | | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| **प्रतिफल ३२.** आवास बजार, बस्ति , एकीकृत, व्यवस्थित र सुरक्षित भएको हुनेछ | प्रवार्धित तथा मापदण्ड अनुसार निर्माण तालिम लिएको दक्ष व्यक्ति | संख्या | १२५ | १३८ | १६६ | २०१ | • आर्थिक प्रतिवेदन<br>• गाउँपालिका प्रोफाईल | • समुदायको योगदान र निगरानीमा वृद्धि हुनेछ |
| | आधारभूत पूर्वाधार सहित व्यवस्थित बजार | संख्या | २ | ४ | ८ | १२ | | |
| **प्रतिफल ३३.** बिद्दुत र बैकल्पिक ऊर्जाको विस्तार उपलब्धता तथा उपयोगमा वृद्धि भएको हुनेछ | सोलार प्रणाली सहित बिद्दुत सेवा पुगेका घरपरिवार | प्रतिशत | १५ | २५ | ३५ | ४५ | • गाउँपालिका प्रोफाईल | • स्वच्छ ऊर्जा उत्पादन र उपयोग संघीय नीति र कानुन तर्जुमा हुनेछ |
| | सुधारिएको ऊर्जा )Bio-Gas, LP) प्रयोग गर्ने परिवार | प्रतिशत | ५ | ८ | २५ | ४० | | |
| **प्रतिफल ३ ४.**सूचना र संचार प्रविधिको पहुँच भएको हुनेछ | मोबाइल प्रयोगकर्ता | प्रतिशत | ८६ | ९५ | १०० | १०० | • गाउँपालिका प्रोफाईल | • अन्तर-सरकार, नागरिक समाज र समुदायको सहकारी र साझेदारीमा वृद्धि हुनेछ। |
| | उद्दम व्यवसायमा सूचना प्रविधि प्रयोग गर्ने व्यक्ति | प्रतिशत | ११ | २५ | ७५ | १०० | | |

# परिच्छेद ७ वन तथा विपद व्यवस्थापन

## ७.१ विपद् जोखिम न्युनिकरण र व्यवस्थापन तथा जलवायु उत्थानशिलता

### ७.१.१ पृष्ठभूमि

यस गाउँपालिकामा वर्षेनी विपदले धनजनको क्षति गर्ने गरेको पाईन्छ। मुख्यतः बाढी, हावाहुरी, आदि जस्ता विपद्को जोखिम उच्च रहेको पाईन्छ। यसैगरी आउँ, झाडा पखाला लगायत विरलै देखिने स्वाइन फ्लु , बर्ड फ्लु आदि रोगहरु पनि विपद्को कारकको रुपमा रहेको पाईन्छ। विपद्को समयमा आश्रय स्थलका लागि खुला क्षेत्रको आवश्यकता भएकाले खुला क्षेत्रहरु कायम गर्ने कार्य अगाडी बढाउन आवश्यक देखिन्छ। विपद्को समयमा कटानले गर्दा हानि भएको भुभागको संरक्षणका लागि आकस्मिक तटबन्धन आवश्यक देखिन्छ। विपद्को तथ्यांक अझै व्यवस्थित गर्न विपद् लेखाजोखा निर्देशिका जारि गरि लेखाजोखामा एकरुपता कायम गर्नु पर्ने देखिन्छ। विपद व्यवस्थापन समितिहरु निर्माण भएपनि कार्यशिलता चुस्त बनाउन पर्ने देखिन्छ भने विभिन्न संघ तथा संस्थाहरुको समन्वयमा स्थानीय रुपले सकिने सम्पूर्ण प्रयासहरु कार्यन्वयन गरि जोखिम न्यूनीकरण गर्नु पर्ने देखिन्छ।

जलवायु परिवर्तनका विभिन्न असरहरु अन्तर सम्बन्धित हुने भएको कारण वातावरणमा नकारात्मक असर न्यूनीकरण गरि संरक्षण गर्न तथा जलवायु परिवर्तनको प्रभाव अनुकुलन गर्दै समष्टिगत विकासका लक्ष्यहरु हासिल गर्ने सवाललाई मध्यनजर गरि स्थानीय तहबाटै नीति, कानुन तथा संस्थागत संयन्त्रहरुको व्यवस्था गर्नु पर्ने देखिन्छ। हरित विकासको अवधारणा आत्मसात गर्नु जस्ता नीति विकास गरि पुर्व तयारी गर्न आवश्यक रहेको देखिन्छ। जलवायु परिवर्तनका क्षेत्रमा लगानी न्यायोचित गर्न जलवायु परिवर्तन बजेट व्यवस्था गरि राष्ट्रले तय गरेका योजना कार्यन्वयन गर्नु पर्ने देखिन्छ। वातावरण व्यवस्थापनलाई विकास कार्यसँग आवद्ध गर्दै वातावरण प्रभाव मुल्यांकनलाई संस्थागत गर्नु पर्ने देखिन्छ।

### ७.१.२ समस्या तथा चुनौती

एकीकृत तथा योजनावद्ध विकास गर्न असमर्थ हुनु, जनसंख्याको वढ्दो चापलाई व्यवस्थित गर्न नसक्नु, अव्यवस्थित शहरीकरण बढ्नु, पूर्वाधार विकास र वातावरण विचको असन्तुलन हुनु, औद्योगिक क्षेत्र, अस्पताल र बजार क्षेत्रबाट निष्काशन हुने रासयानिक मल र विषादी व्यवस्थापन गर्न, जोखिमपूर्ण मापदण्डको अभाव र कार्यन्वयन क्षमता कमजोर हुँदा वायु, ध्वनि तथा जमिनका प्रदुषण मात्रा बढ्नु, विभिन्न सरोकारवालाहरु बीच वातावरणसँग सम्बन्धित विषयमा समन्वय र सहकार्य हुन नसक्नु यस क्षेत्रका प्रमुख समस्याको रुपमा रहेका छन्।

जलवायु परिवर्तनको अत्याधिक प्रभावित र जोखिमपूर्ण राष्ट्रको सूचीमा देश रहेको र जलवायु परिवर्तन बहुपक्षीय विषय भएको भए तापनि अन्तर क्षेत्रगत निकायहरुबीच समन्वयमा कमि र बुझाईमा एक रुप नहुनु पाईएको छ। त्यसैगरी जलावायुजन्य प्रकोपबाट हुने क्षति सम्बन्धमा अध्ययन, अनुसन्धान र आधारभूत तथ्यांकको कमि भएको पाईन्छ। त्यसैगरी जलवायु परिवर्तनको विषय समग्र विकास प्रक्रियामा मुलप्रबाहिकरण हुन नसक्नु, समस्या सम्बोधनको लागि समग्र संस्थागत क्षमता, आवश्यक वित्त, प्रविधि, ज्ञानको कमि रहनु प्रमुख समस्या रहेका छन्।

### ७.१.३ सम्भावना तथा अवसर

विगतका अनुभवहरु समेत आधार लिई दिगो तथा सुरक्षित विकास सुनिश्चित गर्ने, स्थानीय पूर्वाधार विकास तथा एकीकृत बस्ति विकास कार्यलाई तालमेल हुने गरि विकास गर्ने, आर्थिक-सामाजिक रुपान्तरणका अलागी जनजीविकामा सुधार भएको विपद् प्रतिरोधी गुणस्तरीय पूर्वाधारसहित विपद् उत्थानशील बस्ति विकास गर्ने, सबै प्रकारको विपद्को सामना गर्ने आधुनिक प्रविधियुक्त संरचना र दक्ष जनशक्तिको विकास गर्ने तथा विकास साझेदारहरुबाट प्राप्त सहयोगलाई प्रभावकारी रुपमा परिचालन गरि आत्मनिर्भर बन्ने जस्ता अवसरहरु देखिएको पाईन्छ। विपद्लाई विकाससँग जोडी योजना प्रक्रियाका विभिन्न चरणमा सम्बोधन हुने गरि मूलप्रवाहीकरण गर्ने प्रयास, विपद्का लागि पूर्वतयारी गर्ने रणनीति कार्यन्वयन गर्ने परिपाटीको विकास गर्ने, प्रतिकार्यका निम्ती गाउँविपद प्रतिकार्य कार्ययोजना तर्जुमा लगायतको पुर्व तयारीका नीतिगत तथा संस्थागत व्यवस्थाको सुदृढीकरण र कार्यविधिहरुको तयार र केन्द्रदेखि स्थानीय तहसम्मको व्यवस्था तथा आपेक्षित तथा अवस्थित सँग तथा संस्थाका लगानी तथा श्रोतहरु उचित व्यवस्थापन गर्ने आदिलाई अवसरको रुपमा लिईएको छ।

दिगो विकासका लक्ष्यहरुमा सरकारी तथा अन्तराष्ट्रिय समुदायबाट प्रतिवद्धता जाहेर गरेको, जलवायु वित्तको व्यवस्था हुनु, प्रकृति संरक्षण अनुकूलनको क्षमता बढाउँ राष्ट्रिय कार्ययोजना छाता रणनीति तयार हुनु र जलवायु परिवर्तनका क्षेत्रमा उपलब्ध अन्तराष्ट्रिय सहयोगलाई राष्ट्रिय बजेट प्रणालीमा एकीकृत गर्ने जस्ता नया अवसर रहेका छन्। जलवायु परिवर्तनमा राष्ट्रले नै महत्त्वपूर्ण भूमिका नखेले पनि जलवायु परिवर्तनलाई अझ सहयोग पुर्याउने स्थानीय समस्याहरु न्यूनीकरण गर्न चुनौती रहेको देखिन्छ। वन संरक्षण, फोहोर मैला व्यवस्थापन, हरितगृह ग्यासको उत्सर्जनलाई न्यूनीकरण गर्नु, पनि चुनौतिपूर्ण रहेको देखिन्छ। त्यसैगरी जलवायु वित्तमा पहुँच बढाई नातिजामुलक कार्यक्रम संचालन गर्नु, तत्काल जोखिममा रहेका क्षेत्रमा कार्यक्रम संचालन गर्नु तथा सम्पूर्ण स्थानियाहरुमा जलवायु परिवर्तन बारे हुने साझा धारणा विकास गर्नु पनि चुनौतिपूर्ण रहेको देखिन्छ।

### ७.१.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना

#### सोच

विपदहरुको प्रभावकारी व्यवस्थापनबाट विपद उत्थानशील गाउँको रुपमा विकास गर्ने।

लक्ष्य

विपदबाट हुने मानवीय, भौतिक, आर्थिक, सामाजिक, सांस्कृतिक र पर्यावरणीय क्षति न्यूनीकरण गर्ने।

उद्देश्य

१. विभिन्न निकायबाट हुने विपद व्यवस्थापनको कार्यलाई समन्वय गरि एकीकृत रुपमा संचालन गर्ने।
२. अपेक्षित विपद अनुसारको खोज, राहत तथा उद्दारका लागि क्षमता अभिवृद्धि गर्न विशेष कार्यक्रम संचालन गर्ने।
३. विपद जोखिम न्युनिकरणलाई विकासका सबै आयाम तथा चरणमा मुलप्रवाहिकरण गर्ने।
४. विपद व्यवस्थापनलाई प्रभाकारी बनाउने नीतिगत व्यवस्थालाई समय सापेक्ष र व्यवहारिक बनाउने।
५. गाउँपालिकालाई मौसम अनुकुलनको परिवर्तन विरुद्ध तयारि अवस्थामा बनाउने।

रणनीति तथा कार्यनीति

| रणनीति | कार्यनीति |
|---|---|
| १. विभिन्न निकायबाट हुने विपद व्यवस्थापनको कार्यलाई समन्वय गरि एकीकृत रुपमा संचालन गर्ने। | • विपद जोखिम न्यूनीकरणका लागि स्थानीय क्षमता अभिवृद्धि गर्ने।<br>• अन्तर वडा तथा अन्तर गाउँपालिका जल व्यवस्थापन नीति अवलम्बन गर्ने।<br>• गाउँ विपद व्यवस्थापन कार्यलाई गाउँपालिका तहबाट व्यवस्थापन गर्न वडातहसम्म संरचना व्यवस्था गर्ने। |
| २. अपेक्षित विपद अनुसारको खोज, राहत तथा उद्दारका लागि क्षमता अभिवृद्धि गर्न विशेष कार्यक्रम संचालन गर्ने। | • बस्ति/समुदाय स्तरसम्म विपद पूर्वतयारी तथा प्रतिकार्य क्षमता विकास व्यवस्थापन गरि विपद जोखिम न्यूनीकरण तथा अल्पिकरण गर्नका लागि गाउँपालिकाका वडा तहसम्म जनचेतनामुलक कार्यक्रम गर्ने। |

| | |
|---|---|
| ३. विपद जोखिम न्यूनीकरणलाई विकासका सबै आयाम तथा चरणमा मुलप्रवाहिकरण गर्ने। | • एकीकृत बस्ति विकासको सुरुवाती चरणदेखि नै विपद विज्ञ, स्थानीय निकाय, योजनाविद् हरुलाई सहभागी गराई भू-उपयोग नीति अनुकुल हुने गरि दिर्घकालिन बस्ति विकास योजना बनाई लागु गर्ने।<br>• स्थानीय तहको योजना तर्जुमा तथा कार्यन्वयन प्रक्रियामा समाहित गर्न कार्यलाई प्राथमिकताका साथि अगाडी बढाउने। |
| ४. विपद व्यवस्थापनलाई प्रभाकारी बनाउने नीतिगत व्यवस्थालाई समय सापेक्ष र व्यवहारिक बनाउने। | • गाउँपालिकाको जोखिम नक्सांकन गरि विपद जोखिम न्यूनीकरणका कार्यक्रामहरु वार्षिक योजनामा समावेश गर्ने।<br>• गाउँ विपद व्यवस्थापन रणनीतिलाई स्थानीय विपद व्यावास्थापन भित्र संस्थागत गर्ने।<br>• विपद व्यवस्थापनको सब तहमा जलवायु परिवर्तन अनुकुलनको अवधारणालाई आत्मसाथ गरि जलवायु परिवर्तनको नकारात्मक असर न्यूनीकरण गर्ने विशेष कार्यक्रमहरु संचालन गर्ने। |

| | |
|---|---|
| ५. वातावरण व्यवस्थापनलाई अंतरिकिकरण गर्दै वातावरण संरक्षण एवं प्रदुषण नियनत्रणका लागि संस्थागत क्षमता अभिवृद्धि गरि विकास कार्यक्रमको अभिन्न अंकका रुपमा संचालन गर्ने। | • वातावरण र जलवायु परिवर्तनका क्रियाकलापमा लगानी व्यवस्थापन गर्न विभिन्न निकायसँग साझेदारी तथा समन्वय गर्ने।<br>• वातावरण मैत्री योजना तर्जुमा तथा कार्यन्वयनमा अन्तरनिकाय समन्वयलाई सुदृढ गर्ने। |
| ६. जल तथा मौसमी सेवालाई विश्वसनीय, भरपर्दो, नियमित, गुणात्मक बनाई जलवायु परिवर्तन तथा प्रकोपले पार्ने असरलाई न्यूनीकरण गर्ने कार्यमा परिचालीत गर्ने। | • जलवायु परिवर्तन अनुकुलन हुने पूर्वाधार विकास गरि जनस्तरमा वातावरणीय चेतना र सावधानी जगाउने।<br>• जलवायु परिवर्तनले अनियमित बनाएको वर्षा आदिको प्रभाव नियमित मुल्यांकन गर्ने। |

## योजना तथा कार्यक्रम

- विपदको बेला बस्न मिल्ने सुरक्षित सामुदायिक स्थलको व्यवस्थापन गर्ने
- वडा नं ३को सिमाना बाट १ नं को अन्तिम सिमाना सम्म सानो माई खोलामा ६ किमी दुवै तिर तटबन्धन गर्ने
- विपद व्यवस्थापन तालिम संचालन गर्ने
- -विपद सम्बन्धि जनचेतना कार्यक्रम आयोजना गर्ने

- गाउँपालिकामा एउटा दमकल व्यवस्थापन गर्ने

### ७.१.५ अपेक्षित उपलब्धि

- विभिन्न निकायबाट हुने विपद व्यवस्थापनको कार्यलाई समन्वय गरि एकीकृत रुपमा संचालन भएको हुनेछ।
- अपेक्षित विपद अनुसारको खोज, राहत तथा उद्दारका लागि क्षमता अभिवृद्धि गर्न विशेष कार्यक्रम संचालन भई दक्ष संसाधन तयार भएको हुनेछ।
- विपद व्यवस्थापनलाई प्रभाकारी बनाउने नीतिगत व्यवस्थालाई समय सापेक्ष र व्यवहारिक बनाइएको हुनेछ।
- गाउँपालिकालाई मौसम अनुकुलनको परिवर्तन विरुद्ध तयारि अवस्थामा तयार पारिएको हुनेछ।

### ७.१.६ अनुमान तथा जोखिम पक्ष

- संग, प्रदेश र गैरसरकारी क्षेत्रको लगानी वृद्धि हुनेछ
- स्थानीयलाई जलवायु परिवर्तन बारे ज्ञान हुनेछ
- गाउँपालिकाले कार्यान्वायन गरेका नियमहरु स्थानीयद्वारा गम्भिरतापुर्वक मानिनेछ
- गाउँपालिकाद्वारा संरक्षणतर्फ अग्रगामी प्रयासहरु गरिनेछ

## ७.२ वन तथा जैविक विविधता

### ७.२.१ पृष्ठभूमि

वन सम्पदा स्वच्छ हावापानीको मात्र नभई आर्थिक उन्नतिको पनि श्रोत हो। वन सम्पदाको व्यवस्थित विकासबाट आर्थिक लाभ लिन सकिन्छ भने समग्र क्षेत्रको सुन्दरता र स्वच्छतामा ठुलो भूमिका खेल्दछ। नेपालको सन्दर्भमा वनको विकास उल्लेखनीय रहेको छ। सामान्य जनमानसमा वनको संरक्षण गर्नुपर्छ भन्ने चेतनाको स्तर वृद्धि भएको छ। यस गाउँपालिकामा पनि रहेको वनको सामुदायीकरणबाट संरक्षण तथा व्यावस्थापन भएको छ।

### ७.२.२ समस्या तथा चुनौती

वन सम्पदाको सदुपयोग गरेर आर्थिक लाभ लिन नसक्नु, वनको अवैध प्रयोगलाई न्यूनीकरण गर्न नसक्नु आदि समस्याहरु रहेका छन्।

### ७.२.३ सम्भावना तथा अवसर

वनको विस्तार तथा व्यवस्थापन गरि जमिन मुनिको पानी श्रोतलाई रिचार्ज गर्न सकिन्छ भने गाउँपालिकाको सौन्दर्य पनि प्रवर्द्धन गर्न सकिन्छ। त्यसैगरी वन पैदावारहरू सदुपयोग गरि तथा आयुर्वेदिक वनस्पतिहरु लगाई लाभ लिन सकिन्छ।

### ७.२.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना

**सोच**

सुन्दर तथा हरियो पालिका, आर्थिक लाभ लिने नविन तरिका

**लक्ष**

वन सम्पदाको प्रचुर उपयोगबाट आर्थिक सम्वृद्धि ल्याउने

**उद्देश्य**

- वनको विस्तार भई उपयोग प्रणाली विकास गर्ने
- वनस्पतिको विकास गरि आर्थिक लाभ लिने

**रणनीति तथा कार्यनीति**

| उद्देश्य | रणनीति | कार्यनीति |
|---|---|---|
| १. वनको विस्तार भई उपयोग प्रणाली विकास गर्ने | • वनको विस्तार गर्ने | • वृहत वृक्षरोपन आयोजना गर्ने<br>• वनको अवैध प्रयोगमा नियन्त्रण ल्याई दिगो विकास प्रणाली विकास गर्ने |
| | • वनको उपयोग सुलभ र दिगो बनाउने | • नियन्त्रित र व्यवस्थित वन उपयोग प्रणाली विकास गर्ने<br>• वन विकास समितिहरु चुस्त र निरीक्षण क्षमता सहितको विकास गर्ने<br>• वनमा सिंचाई पोखरीहरु निर्माण गर्ने |

| | | |
|---|---|---|
| २. वनस्पतिको विकास गरि आर्थिक लाभ लिने | • वनमा फलफुल खेति गर्ने | • वनमा रणनीतिक ढंगले उपयुक्त फलफुल खेति गर्ने<br>• चौपायाहरुलाई वनको वरिपरी उपयुक्त चरण क्षेत्र विकास गर्ने |
| | • वनमा आयुर्वेदिक बोटहरु लाउने | • वनमा हावापानी अनुकुल आयुर्वेदिक बोटविरुवा खेति गर्ने<br>• वन उपज प्रसोधन गर्न प्रणाली विकास गर्ने |

योजना तथा कार्यक्रम

- बृक्षारोपण कार्यक्रमको व्यवस्थापन गर्ने
- प्राकृतिक तालतलैयाहरूको संरक्षण, जलाधार संरक्षण, सुक्खा क्षेत्रहरूमा पोखरीहरूको निर्माण साथै सुराकी परिचालन एवम् वन अतिक्रमण नियन्त्रण गर्ने
- गरिब तथा विपन्न परिवारलाई प्रत्यक्ष लाभ र आय बृद्धिमा योगदान हुने गरी कबुलियती वन कार्यक्रमको विकास र विस्तार गर्ने
- स्थानीयलाई प्रत्यक्ष लाभ प्राप्त हुने गरी कृषि र पशुपन्छी क्षेत्रसँगको समन्वयमा विशेष आयआर्जनका कार्यक्रम सञ्चालन गर्ने

### ७.२.५ अपेक्षित उपलब्धि

- वनको विस्तार भई उपयोग प्रणाली विकास भएको हुनेछ
- खुला क्षेत्रमा वनस्पतिको विकास गरि आर्थिक लाभ लीइएको हुनेछ

### ७.२.६ अनुमान तथा जोखिम पक्ष

- संग, प्रदेश र गैरसरकारी क्षेत्रको लगानी वृद्धि हुनेछ
- गाउँपालिकाले कार्यान्वायन गरेका नियमहरु स्थानीयद्वारा गम्भिरतापुर्वक मानिनेछ
- गाउँपालिकाद्वारा संरक्षणतर्फ अग्रगामी प्रयासहरु गरिनेछ

## ७.३ वन तथा विपद व्यवस्थापनको नतिजा खाका

***यस नतिजा खाकामा प्रत्येक दुई वर्षको लक्ष्यहरु समावेश गरिएको छ। बार्षिक लक्ष्य अनुसूचीमा प्रस्तुत गरिएको छ।*

| नतिजा शृंखला | सूचक | | आधार बर्ष | लक्ष्य | | | पुस्टयाईका आधारहरु | जोखिम तथा पूर्वानुमान |
|---|---|---|---|---|---|---|---|---|
| | विवरण | इकाई | ०८०/८१ | ०८२/८३ | ०८४/८५ | ०८०/८१ | | |
| प्रभाव ४वन :, जैविक, जलाधार, विपद तथा जलवायु सम्बन्धित नीति बनाएर कायान्वयन गरि उत्थान सिल समाजको निर्माण गर्ने | | | | | | | | |
| प्रतिफल ४..१ जलवायु अनुकुल पर्यवारनिय स्वच्छता अबिब्रिद्धि भएको हुनेछ | प्रयोग भएको फोहोरमैला व्यवस्थापन प्रणाली ल्याण्डफिल साइट), सामुदायिक Dumping Site) | संख्या | ० | १ | २ | ३ | • गाउँपालिका प्रोफाईल | • स्थानीयलाई जलवायु परिवर्तन बारे ज्ञान हुनेछ<br>• गाउँपालिकाले कार्यान्वायन गरेका नियमहरु स्थानीयद्वारा गम्भिरतापुर्वक मानिनेछ |
| | कम्पोस्टबिन-, गार्बेज पिट प्रयोग गर्ने परिवार | प्रतिशत | १० | ११ | १३ | १६ | | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | परम्परागत दाउरा प्रयोग गर्ने घर धुरी | प्रतिशत | ४० | ३८ | ३४ | ३१ | | |
| | स्थानीय विपद जोखिम न्यूनीकरण तथा जलवायु अनुकुल कार्ययोजना तर्जुमा | संख्या | ४ | ५ | ६ | ७ | | |
| प्रतिफल ४.२ विपदबाट हुने क्ष्यतिलाई न्यूनीकरण गरी उत्थानशील समाजको निर्माण भएको हुनेछ | अयोग्य स्थानमा रहेका बस्ति | संख्या | ७ | ४ | ० | ० | • गाउँपालिका प्रोफाईल | • स्थानीयले जोखिम पूर्वतयारीलाई गम्भीरता पुर्वक लिई सहभागीमूलक विकास हुनेछ |
| | तालिम प्राप्त स्वयंसेवक | संख्या | ११५ | १३२ | १७५ | २३१ | | |

# परिच्छेद ८ संस्थागत विकास तथा सुशासन क्षेत्र

## ८.१ संस्थागत विकास तथा सुशासन

### ८.१.१ पृष्ठभुमि

शीघ्र सेवा र तीब्र विकासको लागि मर्चवारी गाउँपालिकाले सार्वजनिक सेवालाई अझ बढी प्रभावकारी र चुस्त बनाउनको लागि संस्थागत विकास गर्ने लक्ष्य राखेको छ । पालिकामा सेवा लिन आउने सेवाग्राहीले सरकारसंगको सन्निकटताको पूर्णप्रत्याभूति गर्ने, पालिकालाई आफ्नो संरक्षण र अभिभावकको रुपमा आभाष गर्ने र सामाजिक सेवामा तत्पर सस्थाको रुपमा महसुस गर्न सक्ने गरी योजना निर्माण गर्न लागिएको छ । हाल यस पालिकामा राजनीतिक नेतृत्व गर्न युवा पुस्ताहरूको चाहना देखिन्छ तर त्यसका लागि सरकारी संरचना, कार्य सम्पादन गर्ने पद्धती र न्युनतम मापदण्डका विषयमा जानकारीको अभाव रहेको पाइन्छ। नेतृत्वकर्तामा हुनुपर्ने गुण, क्षमता र योग्यताका विषयमा हुनु पर्ने छलफलहरू र तालिमहरूको व्यवस्था गर्न गाउँपालिकाले केहि लगानी गरेको भए पनि अन्य क्षेत्रहरूवाट खासै लगानी भएको पाइंदैन ।

### ८.१.२ समस्या तथा चुनौती

गाउँपालिकामा हाल नेतृत्व विकास, क्षमता अभिवृद्धि र सशक्तिकरणका क्षेत्रमा कार्य गर्ने अनुभवी संघ संस्थाहरूको विध्यमानता देखिंदैन । राजनीतिक दलहरूले पनि यस्ता विषयमा खासै प्रशिक्षणहरू सञ्चालन गरेको पाइंदैन। नेतृत्व विकासका लागि अन्तरपुस्तामा क्षमता विकासका कार्यक्रमहरूको सञ्चालन गर्न सकिएको छैन। स्थानीय सरकार सञ्चालन ऐनले स्थानीय सरकार सञ्चालनका लागि विभिन्न विषयगत समितिहरूको निर्माण गरि तिनीहरूको विभिन्न पाँच विषयगत समिति, न्यायिक समिति, राजश्व परामर्श समिति, अनुगमन समिति र अन्य कार्यदल आदिहरूको निर्माण गरि कार्य सम्पादन गर्ने कुराहरू उल्लेख छ। ति सवै संयन्त्रहरूका कार्यविधि, निर्देशिका र प्रतिवेदनहरूलाई व्यवस्थित रुपमा वार्षिक कार्यपालिका सभामा अझै उत्कृष्टताको साथ् गर्न सकिएको छैन।

### ८.१.३ सम्भावना तथा अवसर

संविधान, स्थानीय सरकार सञ्चालन ऐन, नियम, निर्देशिकाहरूमा विभिन्न समिति, उपसमितिहरूको गठन गर्ने व्यवस्था गरि तिनीहरूले सम्पादन गर्ने काम, कर्तव्य र जिम्मेवारीहरू तोकिएको छ। गाउँपालिकाले निर्माण गर्नु पर्ने समितिहरूको गठन र परिचालन गर्दै आएको अवस्था छ। ति समितिहरूले आ—आफ्ना काम, कर्तव्य र जिम्मेवारीहरूलाई आत्मासाथ गरिरहेको अवस्था छ। समितिहरूले आ—आफ्ना कार्य क्षेत्रहरूको दिर्घ कालिन गुरुयोजना निर्माण गर्ने प्रयासरत छन्। समितिहरूको क्षमता विकास तालिम तथा प्रशिक्षणहरूमा

कर्मचारी र समितिका सदस्यहरूको रुचि रहनेगरेको अवस्था छ। त्यसैगरी यस गाउँपालिकामा संस्थागत व्यवस्था थप बलियो गराउन सके गाउँपालिकालाई कार्य सम्पादनमा देशकै उत्कृष्ट बनाउन सकिने सम्भावना रहेको छ।

### ८.१.४ उपक्षेत्रगत लक्ष, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना

सोच

पारदर्शी, जवाफदेही, नागरिकमैत्री र जनसहभागितामूलक शासन व्यवस्था

लक्ष्य

प्रविधिमैत्री, जनउत्तरदायी, प्रभावकारी सेवा प्रवाह मार्फत सुशासनको प्रत्याभूति गर्ने

उद्देश्य

- भ्रष्टाचारमुक्त, पारदर्शी, जनउत्तरदायी, नागरिकमैत्री तथा प्रविधिमैत्री शासन व्यवस्था मार्फत समृद्धि हासिल गर्नु ।
- उचित मानव संसाधन विकास गरि क्षमता अभिवृद्धिमा जोड दिने

रणनीति तथा कार्यनीति

यस गाउँपालिकाको जलवायु परिवर्तन अनुकुलन सम्बन्धि उल्लेखित सोच तथा दिर्घकालिन लक्ष्य प्राप्त गर्ने रणनीति, कार्यनीति तथा कार्यक्रम देहाय अनुसार हुनेछन्।

| उद्देश्य | रणनीति | कार्यनीति |
|---|---|---|
| १. भ्रष्टाचारमुक्त, पारदर्शी, जनउत्तरदायी, नागरिकमैत्री तथा प्रविधिमैत्री शासन व्यवस्था मार्फत समृद्धि हासिल गर्नु । | • विकास आयोजनाहरूको अनुगमन गरी कार्यान्वयनमा आइपरेका समस्यालाई तत्काल सम्बोधन गर्ने । | • वस्तुगत सूचकमा आधारित अनुगमन प्रणाली विकास गरिनेछ ।<br>• अनुगमनको अनुगमन गर्ने प्रणाली विकास गरिनेछ ।<br>• विकास निर्माणका काममा आइपर्ने समस्याको तत्काल समाधान गरिनेछ । |
| | • कानुन तथा व्यवहारमा सुधार गरी सेवा प्रवाहलाई पारदर्शी र प्रभावकारी बनाउने । | • छिटो छरितो गुणस्तरीय र प्रभावकारी सेवा प्रवाह गर्न कानुनी तथा नीतिगत आधार तयार गरिनेछ । |

| | | |
|---|---|---|
| | | • सरकारी कार्यालयलाई आधुनिक प्रविधिमैत्री र सेवाग्राहीमैत्री कार्यस्थलको रूपमा स्थापित गरी कर्मचारीको कार्यसम्पादन अभिवृद्धि गरिनेछ । <br> • सरकारी निकायका कामकारबाहीहरूको विवरण वेबसाइटमा नियमित प्रकाशन तथा अद्यावधिक गरिनेछ । <br> • सबै सार्वजनिक निकायमा नागरिकबडापत्र र सुझाव पेटिकाको व्यवस्था गरिनेछ । |
| | • पदाधिकारी तथा कर्मचारीको कार्यसम्पादनलाई मापन योग्य बनाउने । | • सार्वजनिक पद धारण गरेका व्यक्तिले सदाचारलाई जीवनशैलीकै रूपमा अनुसरण गर्नुपर्ने व्यवस्था गरिनेछ । <br> • मूल्याङ्कन पद्धतिलाई वैज्ञानिक र वस्तुपरक बनाई प्रोत्साहन प्रणालीको विकास गरिनेछ । |
| | • गाउँपालिकाका काम कार्वाहीप्रति जनविश्वास अभिवृद्धि गर्ने । | • पालिकाका कामकार्वाहीलाई मितव्ययी बनाउन र एउटै काममा एक भन्दा बढी निकायले दोहोरो खर्च गर्न नसक्ने वातावरण सिर्जना गर्न आधुनिक सूचना प्रविधिको प्रयोग गर्ने तथा निश्चित मापदण्डका आधारमा खर्च गर्ने व्यवस्था गरिनेछ । <br> • सार्वजनिक सुनुवाइ, सामाजिक परीक्षण, सूचना |

| | | |
|---|---|---|
| | | सम्प्रेषण, खर्चको विवरण सार्वजनिक गरिनेछ । |
| २. उचित मानव संसाधन विकास गरि क्षमता अभिवृद्धिमा जोड दिने | • गाउँपालिकालाई आन्तरिक रुपमा आवश्यक पर्ने दक्ष तथा अर्धदक्ष मानव संसाधनको विकास र उपयोगको निम्ति मानव संसाधन योजना तयार गर्ने। | • गाउँ विकासका लागि आवश्यक जनशक्ति विकास गरि व्यवस्थित उपयोग गर्न निजि क्षेत्र समेतको सहभागितामा एकीकृत मानव संसाधन विकास योजना तयार गर्ने। |
| | • वैज्ञानिक, प्राविधिक, व्यावसायिक तथा सीपमूलक तालिममा जोड दिने। | • उच्च वैज्ञानिक तथा प्राविधिक शिक्षाका अवसरहरु सृजना गरि श्रमबजारमा प्रतिस्पर्धा गर्नसक्ने गुणस्तरीय जनशक्ति तयार गर्ने।<br>• लक्षित समुहको क्षमता विकासका लालागी छात्रवृत्ति लगायतका सुविधाहरु उपलब्ध गराउने। |
| | • मानव संसाधनको उपयोग गर्न सरकारी, सामुदायिक तथा निजि क्षेत्रबीच सहकार्य गर्ने। | • प्राविधिक तथा व्यावसायिक शिक्षा तथा तालिम प्रदान गर्ने निजि संस्थाहरुलाई आफ्नो पूर्वाधार तथा जनशक्ति विकास गर्न प्रोत्साहित गर्ने।<br>• उत्पादित जनशक्ति र श्रमबजारको मागलाई सन्तुलित बनाउने। |

योजना तथा कार्यक्रमहरु

- मानव संसाधन व्यवस्थापन स्थानीय नीति तथा एकीकृत कार्ययोजना तयार।
- तालिम तथा सिप विकास सम्बन्धि कार्यक्रम संचालन गर्ने।
- अनुभवको आदानप्रदान र असल व्यहोराको प्रयोग गर्ने।
- मानव संसाधनको उत्पादन र विकाससम्बन्धि कार्यमा संलग्न सरकारी, गैरसरकारी, निजि र शैक्षीक संस्था तथा निकायहरुबीच समन्वय गर्ने।
- टोल समितिहरु गठन गर्ने
- गाउँपालिकाका कर्मचारी केन्द्रित नियमित क्षमता अभिवृद्धि तालिम आयोजना गर्ने
- गाउँपालिकाका काम र निर्णयहरु पारदर्शी बनाउन सूचना तथा संचार प्रणालीको विकास गर्ने
- विद्युतीय सेवा द्वारा घर बसेर गाउँपालिकाको सेवा उपभोग गर्न सकिने प्रणालीको विकास गर्ने
- प्रत्यक वडा र बजार क्षेत्रमा प्रहरी बिटको व्यवस्थापन गर्ने
- संविधानले प्रत्याभूत गरेको मानव अधिकारको सुनिश्चितताका लागि सम्बन्धित निकायहरूको संस्थागत सुदृढीकरण गर्ने
- नियमित वडा स्तरको गुनासो संकलन भेला आयोजना गर्ने
- मानव अधिकारको संरक्षण, संवर्द्धन र प्रवर्द्धनमा जवाफदेहिता अभिवृद्धि गर्ने

### ८.१.५ अपेक्षित उपलब्धि

- भ्रष्टाचारमुक्त, पारदर्शी, जनउत्तरदायी, नागरिकमैत्री तथा प्रविधिमैत्री शासन व्यवस्था मार्फत समृद्धि हासिल तर्फ गाउँपालिका अग्रसर रहन्छ।
- उचित मानव संसाधन विकास गरि क्षमता अभिवृद्धिमा जोड दिदिइएको हुनेछ।

### ८.१.६ अनुमान तथा जोखिम पक्ष

- गाउँपालिकाले कार्यान्वायन गरेका नियमहरु स्थानीयद्धारा गम्भिरतापुर्वक मानिनेछ।

## ८.२ संस्थागत विकासको नतिजा खाका

***यस नतिजा खाकामा प्रत्येक दुई वर्षको लक्ष्यहरु समावेश गरिएको छ। बार्षिक लक्ष्य अनुसूचीमा प्रस्तुत गरिएको छ।*

| संस्थागत विकास, सेवा प्रवाह सुशाशन र अन्य | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| नतिजा शृंखला | सूचक | | आधार बर्ष | लक्ष्य | | | | पुस्टयाईका आधारहरु | जोखिम तथा पूर्वानुमान |
| | विवरण | इकाई | ०८०/८१ | ०८२/८३ | ०८४/८५ | ०८०/८१ | | | |
| **प्रभाव ५**संरचना र मनाव संसाधन व्यवस्थित गरेर गाउँपालिकाको : योजना तर्जुमालाई सुदृढ गरी सुशाशन कायम गर्ने | | | | | | | | | |
| **असर ५**:गाउँपालिकाको कार्यसम्पादनको स्तर वृद्धि भएर सेवाग्राह सन्तुष्ट भई सुशासन कायम हुनेछ | गाउँपालिकामा क्रियाशील गैसविकास .स.गैस.अ .स. साझेदार | संख्या | ९ | ११ | १४ | १६ | | • समिक्षा र मुल्यांकन प्रतिवेदन<br>• सर्वेक्षण प्रतिवेदन | • अन्तर सरकार समन्वय, सहकार्य र सहअस्तित्वमा अभिवृद्धि हुनेछ। |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| **प्रतिफल ५१.** स्थानीय कानुन तर्जुमा भई पूर्ण रुपमा कार्यन्वयन भएको हुनेछ | गाउँपालिकाले स्वीकृत गरेका कानुन नीति, ऐन | संख्या | २० | २२ | २२ | २३ | • समिक्षा र मुल्यांकन प्रतिवेदन<br>• सर्वेक्षण प्रतिवेदन | • संघीय शासन प्रणालीको प्रभावकारिता वृद्धि हुनेछ।<br>• स्थानीय सरकारको नीति, कानुन , योजना र निर्णय प्रक्रियामा जनताको सहयोग वृद्धि हुनेछ। |
| | क्रियाशील नीतिगत समिति तथा संयन्त्र | संख्या | ८ | ९ | ११ | १३ | | |
| | भुउपयोग नीति तयार भएको- | संख्या | ० | १ | ३ | ५ | | |
| | राजस्व सुधार योजना तयार भएको | संख्या | २ | २ | ५ | ६ | | |
| **प्रतिफल ५२.** गाउँपालिका र सबै वडा कार्यालयहरुको संस्थागत क्षमता, मानव संसाधन र कार्यदक्षता अविवृद्धि भएको हुनेछ | गाउँपालिकामा कार्यरत मानव संसाधन | संख्या | ९७ | १०५ | १२७ | १५३ | • समिक्षा र मुल्यांकन प्रतिवेदन<br>• सर्वेक्षण प्रतिवेदन<br>• गाउँपालिका प्रोफाइल | • विकास बजेटमा वृद्धि हुनेछ।<br>• गाउँपालिकाको सेवा प्रवाहप्रति स्थानीयको गुनासो तथा टिप्पणी आउनेछ। |
| | गाउँपालिका तथा वडा कार्यालय आफ्नै भवन | संख्या | ४ | ७ | ९ | १० | | |
| | सेवा केन्द्रहरु | संख्या | ७ | ८ | ९ | ११ | | |
| | संचालित स्थानीय शासन योजना तर्जुमा तथा सेवाप्रवाह | पटक | ६ | ९ | १५ | १८ | | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | सम्बन्धि क्षमता विकास कार्यक्रम | | | | | | | |

# परिच्छेद ९ योजना तर्जुमा, कार्यान्वयन र अनुगमन तथा मूल्याङ्कन

## ९.१ योजना तर्जुमा

- संघीय सरकार र प्रदेश सरकारले गर्ने योजना जनातामुलक बनाउनलाई स्थानीय सरकार मार्फत बाट जनतालाई सहभागी गराएको छ। त्यसकारण संघ र प्रदेशलाई जनतासंग जोड्न स्थानीयले पहिचान गरेको योजनालाई प्राथमिकता दिईनुपर्ने देखिन्छ।
- स्थानीयले कार्यन्वयन गर्न सक्ने स्थानीयले नै गर्ने
- स्थानीयले गर्न नसक्ने प्रदेशले
- प्रदेशले नसक्ने संघले
- कम्तिमा ३ बर्गको लगानी (समानीकरण, समपुरक, ससर्त) मा स्थानीयबाट छनोट भएको कार्यक्रम तथा आयोजनालाई प्राथमिकता दिने
- सह-अस्तित्व/सहकार्य/सम्मनव्य

## ९.२ आयोजना बैङ्क

सन्तुलित आर्थिक तथा सामाजिक विकासको लागि आवश्यक लगानीका अवसर पहिचान गरी परिचालन गर्न र परिपक्व रुपमा योजना पहिचान तथा छनोटका कार्यहरु गराउन आयोजना बैंकको स्थापना हुन लागेको हो। विकासका तोकिएको लक्ष्यहरु गुणस्तरयुक्त तथा निर्दिष्ट समयभित्र हासील गर्न आयोजनाहरुको सही पहिचान र छनोट गर्ने प्रणालीको विकास गरि प्राथमिकता आधारमा आयोजना कार्यान्वयन गर्नु र गराउनु आजको आवश्यकता हो। कुनै निश्चित मापदण्ड विना आयोजनाको पहिचान तथा छनोट गर्ने र आवश्यक पुर्व तयारी विनानै कार्यान्वयनमा लैजाने गाउँपालिकाको वर्तमान परिपाटीले अधिकांश आयोजनाहरु समस्याग्रस्त छन्। यसबाट आयोजनाहरु तोकिएको समय र निर्धारित लागतमा सम्पन्न हुन सकेका छैनन्। परिणामस्वरूप हालका बर्षहरुमा सार्वजनिक वित्त व्यवस्थापनमा अनावश्यक तथा अत्यधिक चाप पर्न गएको छ। आयोजना बैंक गाउँपालिकासम्म विस्तार भएको अवस्थामा यसले वित्तीय अनुशासन कायम गर्न र लगानी थप अवसर जुटाउन एवं आयोजना कार्यान्वयनमा कुशलता हासिल गर्न महत्वपूर्ण योगदान गर्नेछ।

पालिकाले कार्यन्वयन गर्न आयोजना बैंक बाट नै छनोट गरिनु पर्नेछ। त्यसै गरी प्रदेश तथा संघको लगानीद्वारा कार्यन्वयन गरिने आयोजना पनि यसै आयोजनाबाट छनोट हुनु पर्दछ। आयोजना बैंकमा नभएका आयोजनाहरुलाई पहिले आयोजनाबैंक मा राखेर मात्र कार्यन्वयनमा लैजान सकिन्छ। कुनै योजनामा निजी

क्षेत्र, गैस.स. बाट लगानी सुनिस्चित गर्न सकिने अवस्था छ भने लगानी गर्ने वातावरण बनाउनलाई आयोजना बैंकमा भएका वा नभएमा थपेर कार्यन्वयनमा लैजान सकिन्छ।

**वडा तथा गाउँपालिका स्तरबाट संकलित योजनाहरु यसै प्रतिवेदनको अनुसूचीमा पेश गरिएको छ। साथै त्यस योजनाहरुको प्रथामिकीकरण तथा दिगो विकास लक्ष्य २०३०, राष्ट्रिय लक्ष्य र पालिकाको लक्ष्यहरुसंग मेल खाने गरी सांकेतिकरण पनि गरिएको छ ।**

## ९.३ संस्थागत तथा कार्यान्वयन व्यवस्था

आवधिक योजनाले परिकल्पना गरेको लक्ष्य, उद्देश्य र नतिजा हासिल गर्न सम्भव हुन्छ। तसर्थ, पहिचान भएका नतिजाहरु हासिल गर्नलाई तोकिएको कार्यक्रम तथा परियोजनाहरुको सफल कार्यान्वयनका लागि आवश्यक जनशक्ति, भौतिक पूर्वाधार, मेसिनरी उपकरणहरु आदि उपलब्धहुन आवश्यक छ। यसका लागि खास गरि सेवा प्रदायक निकायहरु, स्थानीय तह, जिल्लास्तरीय विषयगत कार्यलयहरु तथा तिनको इलाका वा गाउँपालिका स्तरीय इकाईहरु नागरिक समाज, गैर सरकारी संस्था तथा निजी क्षेत्रको वर्तमान संस्थागत अवस्थाको विश्लेषण गरी सोहि अनुसार क्षमता विकासका कार्यक्रमहरु संचालन गर्न आवश्यक हुन्छ। संस्थागत विकासका क्षेत्रमा देखिएको कमिकमजोरीहरुलाई समयमा नै सम्बोधन गर्न सकेमा उपलब्धि हासिल गर्न सहज हुनेहुँदा त्यसमा पर्याप्त पहल गर्नुपर्ने हुन्छ। यस सन्दर्भमा केही महत्वपूर्ण पक्षहरु निम्नानुसार उल्लेख गरिएका छन्।

स्थानीय तह

स्थानीय तह मार्फत प्रवाह हुने सेवाहरुलाई प्रभावकारी बनाउन निम्नानुसार गरिने छ।

- स्थानीय तहमा उपलब्ध साधनश्रोतलाई पारदर्शी रुपमा विनियोजन र खर्च व्यवस्था मिलाउने।
- प्रमुख प्रशासकीय अधिकृत र राजनीतिक दलका प्रतिनिधिहरुका विचमा नियमित छलफल, साझेदारी, र सहकार्य गर्ने वातावरण बनाउने
- राजनीतिक दल, गैसस, पत्रकार र नागरिक समाजका प्रतिनिधिहरुलाई अनुगमन कार्यमा सहभागी गराउने
- गाउँपालिकाको आन्तरिक श्रोत परिचालनमा जोड दिने
- गाउँपालिकाको आवश्यक जनशक्तिको व्यवस्थापन र परिचालन व्यवस्थित बनाउने
- निर्माण सम्बन्धि कार्यक्रमहरुको बिस्तृत डिजाइन गर्ने परिपाटिलाई कार्यान्वयनमा ल्याउने
- गाउँपालिकाको नीति निर्माण, निर्णय गर्नुपर्ने अति महत्वपूर्ण जिम्मेवारीको प्रभावकारी कार्यान्वयन का लागि योजना अधिकृतको अनिवार्य उपस्थितिको लागि पहल गर्ने

- समयमा अख्तियारी प्राप्तगरी विकास निर्माणका साथै संस्थागत विकासका विभिन्न कार्यक्रमहरु कार्यान्वयन गर्न सबै पक्षबाट पहल गर्ने
- गाउँपालिका संरचना संगठनलाई सुदृढ बनाउन क्षमता विकासका लागि आवश्यक तालिमको व्यवस्था गर्ने
- गाउँपालिकामा तथा वडाकार्यालयहरुमा उपलब्ध नेटवर्क कम्जोर भएका कारण इलेक्ट्रोनिक सेवा प्रवाह कार्य सरल हुन् नसकेको हुँदा इन्टरनेटको सेवा प्रभावकारी बनाउन पहल गर्ने
- सहभागितामुलक वार्षिक योजना प्रक्रियाको अनिवार्य अवलम्बन गर्ने तथा गराउने

**विषयगत शाखा**

आयोजना कार्यान्वयनमा लक्ष्य अनुरुप प्रगतिको लागि गाउँपालिका र बिषयगत शाखाबीच समन्वय, सूचना व्यवस्थापन र सूचना आदानप्रदान आदिको महत्वपूर्ण भूमिका रहेको हुन्छ। यस सम्बन्धमा निम्नानुसार व्यवस्थापन गरिनेछ।

- गाउँपालिका र बिषयगत शाखाहरु बीच सूचनाको आदानप्रदानमा प्रभावकारिता कायम गर्ने
- गाउँपालिका स्थित बिषयगत शाखाहरुमा दरबन्दी अनुरुप पदपूर्ति गर्न र बर्ष भरि गाउँमा बस्ने वातावरण सिर्जना गर्न पहल कदमी चल्ने
- स्वास्थ्य कार्यलयको ग्रामिण इलाकाहरुमा स्वास्थ्यकर्मीहरुको दरबन्दी अनुसार पदपूर्ति ज्यादै न्यून भएको सोको पूर्तिका लागि पहल गर्ने
- अधिकांस बिषयगत शाखाहरुको विनियोजित बजेट अपर्याप्त रहेको र समयमा बजेट निकासा नुहुने वर्तमान प्रवित्तिको अन्त्य गर्न राजनैतिक नेतृत्वले केन्द्र पहल गर्ने

**गैर सरकारी संघ संस्था र निजी क्षेत्र**

गाउँपालिकामा कार्यरत गैर सरकारी संघ संस्थाहरुको संख्या उल्लेखनीय छ। गैसस र स्थानीय निकायहरुको बीचमा सहकार्य गर्ने वातावरण सिर्जना गर्न निम्नअनुसार गरिनेछ।

- गाउँपालिकाको विकासका लागि गैसस र निजी क्षेत्रको क्षमता विकास गरी स्थानीय निकायहरु वीचमा सहकार्य गर्ने वातावरण सिर्जना गर्न निम्नानुसार गरिनेछ।
- स्थानीय तह, बिषयगत शाखा र गैसस वीचमा आवश्यक समन्वय, सहकार्य गरी कार्यक्रमहरुमा देखिएको दोहोरोपना न्यूनीकरण गर्ने
- गैसस कार्यक्रम तथा बजेटहरु पारदर्शिता गरि सहकार्यको वातावरण निर्माण गर्ने
- कार्यरत गाउँपालिकाका सबै वडा र बस्तीलाई समेट्ने गरी कार्यक्रम/क्रियाकालाप निर्धारण गर्न ध्यान दिने

## ९.४ तहगत सम्बन्ध तथा अन्तरसरकार समन्वय

नेपालको संविधानले संघीय लोकतान्त्रिक गणतन्त्र नेपालको  राज्य संरचना संघ, प्रदेश र स्थनीय तह हुने व्यवस्था गरेको छ। संवैधानिक व्यवस्था बमोजिम संघ, प्रदेश र स्थानीय तहले आ-आफ्नो अधिकार प्रयोग गर्दा एक अर्काको साझा चासो, सरोकार र राष्ट्रिय लक्ष्य एवं हितको बिषयलाइ समेत ध्यान दिई आफ्ना सामाजिक, आर्थिक एवं संस्कृतिक विकासका प्रयासहरु अघि बढाउनु परेको छ। यी तिन तहको सम्बन्ध सहकारिता, सहअस्तित्व र समन्वयका सिद्धान्तका आधारमा हुने संबैधानिक व्यवस्था छ। तीन तहले संविधान प्रदत्त अधिकारको महत्तम प्रयोग मार्फत विकास र सुशासन प्रतिष्पर्धा तथा आवश्यकता अनुरुप सहयोग र सहकार्य गरी अन्तरसरकार समन्वयलाइ मजबुत बनाउदै रास्ट्रिय विकासमा योगदान पुर्याउनु आजको आवश्यकता हो।

## ९.५ जोखिम व्यवस्थापन

योजनाको अपेक्षित लक्ष्य तथा उद्देश्य हासिल गर्न राजनीतिक स्थायित्व, राज्नितिक दलहरु बीच सहकार्य, नीतिगत स्थिरता, लगानीको अनुकुल वातावरण, आर्थिक स्थायित्व, विकास साझेदारको सहयोग, निकायगत कार्यदक्षता र कुशलता, अन्तरक्षेत्रगत अन्तरनिकायगत समन्वय र सहकार्य आवश्यक हुन्छ। त्यस्तै योजना निर्धारण गरे अनुरुप सार्वजनिक, निजी तहत सरकारी एवं गैरसरकारी क्षेत्रबाट सहयोग हुने अपेक्षा गरिएको छ। योजना अवधिमा सम्पन्न हुने प्राथमिकता प्राप्त आयोजना र कार्यक्रमले योजनाको कायान्वयन पक्षलाई निक्यौल गर्नेछ। तसर्थ योजना तर्जुमा गर्दा लिईएको मान्यता र पूर्वानुमान अनुरुप नियन्त्रणको दायराभित्र रहने अनुमान गरिएको छ।

**बाह्य जोखिम**

यस अन्तर्गत जिल्ला तथा राष्ट्रियब्यापी स्तरका आर्थिक, राजनीतिक र वातावरणका जोखिम रहेका छन्। छिमेकी गाउँपालिका र अन्य प्रमुख व्यापार, श्रम बजार र लगानी सम्बन्ध भएका गाउँपालिकाले अवलम्बन गर्ने आर्थिक एवं बित्तिय नीति तथा तिनीहरुको आर्थिक स्थिति, बजार तथा उत्पादन अवस्था, बजारमा आउन सक्ने असन्तुलन तथा आर्थिक संकटबाट गाउँपालिकाको विकासको क्षेत्रमा नकारात्मक प्रभाव पर्न सक्दछ। यसले निर्यात, आयात, कृषि, रोजगारी, पर्यटन आगमनमा असर पार्न सक्दछ। योजनाका समस्टिगत तथा बिषय क्षेत्रगत नीति तथा रणनीतिले यी पक्षलाइ समग्र रुपमा सम्बोधन गर्दै गाउँपालिकाको आर्थिक स्थितिलाइ सबल गर्ने अनुमान गरिएको छ। साथै जलवायु परिवर्तनवाट वातावरणमा पर्ने नकारात्मक असर, महामारी तथा अन्य विपद लगायतका कारणपनि योजनाले लिएका लक्ष्यहरु प्राप्तिमा नकारात्मक असार पर्ने जोखिम रहेका छन्।

**आन्तरिक जोखिम**

गाउँपालिकाको संस्थागत विकास र कार्यन्वयन क्षमताले विकास योजना, नीति तथा कार्यक्रमको कार्यन्वयनलाई प्रभावित पर्दछ। साथै, योजना अवधिमा तर्जुमा हुने वार्षिक र आवधिक योजनामा उल्लेख भएका लक्ष्य तथा रणनीतिको निरन्तरता दिनुपर्ने हुन्छ। योजनाका लक्ष्यहरु हासिल गर्न सो अनुरुप राजनीतिक नेतृत्व, कर्मचारीतन्त्र र नागरिकको दृष्टिकोण तथा मनोवृत्ति एवं संरचनात्मक व्यवस्थामा परिवर्तन हुनु आवश्यक छ। श्रोत साधनको विनियोजन एवं संचालनमा कुशलता कायम गर्दै कार्य पद्दति र कार्य संस्कृतिमा सुधार गर्न सकेमा जोखिम पक्षको व्यवस्थापन हुन सक्छ। गाउँपालिकालाई आत्मनिर्भर बनाउदै बित्तिय, मानवीय तथा भौतिक साधनको प्रभावकारी परिचालन हुन् नसकेमा उल्लेखित लक्ष्य हासिल नहुने जोखिम रहन्छ।

## ९.६ अनुगमन तथा मूल्याङ्कन

प्रभावकारी अनुगमन तथा मुल्यांकन प्रक्रियाबाट यस आवधिक योजनाको प्रभाव, असार, प्रतिफलको नतिजा मापन गरिने छ। यसै गरि प्रमुख कार्यक्रम तथा आयोजनाहरुको प्रक्रिया अनुगमन गरिनेछ। नतिजा मापन आवश्यकता अनुसार बाह्य बिज्ञबाट हुनेछ। कार्यक्रम तथा आयोजनाहरुको प्रक्रिया अनुगमन गरिनेछ। कार्यक्रम तथा आयोजनाको कार्यन्वयन प्रक्रिया अनुगमन गर्ने जिम्मेवारी गाउँकार्यपालिका र सुपरिवेक्षण तथा अनुगमन समितिको रहनेछ। यस अनुगमन तथा मुल्यांकन समितिको क्षमता विकासको तालिम गरिनु पर्छ। आवधिक योजनाको कार्यक्रम तथा मापन अनुगमन तथा मुल्यांकन सम्बन्धि बिस्तृत प्रक्रिया तथा जिम्मेवारी देहायअनुसार रहनेछ।

- गाउँ कार्यपालिका तथा बिषयगत समिति
- गाउँपालिकास्तरीय अनुगमन तथा सुपरिवेक्षण समिति
- जिल्ला समन्वय समिति
- बिषयगत शाखा उपशाखा, परियोजना संघ, संस्था
- नागरिक समाज, संघ संस्था तथा तेस्रो पक्ष

आवधिक तथा बार्षिक गाउँ विकास योजनाको अनुगमन तथा मुल्यांकन साधन तथा विधि देहाय अनुसार रहनेछ।

- स्थलगत अनुगमन
- कार्ययोजना (लक्ष्य)र प्रगतिविच तुलना तथा मापन
- नागरिक अनुगमन
- नतिजामा अनुगमन

- नतिजामा आधारित ढांचा अनुसार बार्षिक समिक्षा
- नातिजामुलक ढांचा अनुसार सहभागितामुलक मध्यावधि समिक्षा
- चौमासिक समिक्षा
- नतिजामुलक ढांचा अनुसार सहभागितामुलक अन्तिम समिक्षा (तेस्रो पक्ष बाट)

आवधिक तथा बार्षिक गाउँ विकास योजनाको अनुगमन तथा मुल्यांकनको प्रक्रिया देहाय अनुसार हुनु पर्नेछ।

| के गर्ने? | कसले गर्ने? | कहिले गर्ने? | कसरि गर्ने? |
|---|---|---|---|
| कार्यक्रम वा प्रक्रिया अनुगमन | गाउँपालिका स्तरीय अनुगमन तथा सुपरिवेक्षण समिति वडा स्तरीय अनुगमन समिति, समुदाय तथा समुदायमा आधारित संस्थाहरु | पटके, मासिक, चौमासिक, र वार्षिक | स्थलगत अनुगमन<br>चौमासिक कार्ययोजनाको लक्ष्य र प्रगति विवरणको तुलना |
| प्रतिफल मुल्यांकन | गाउँकार्यपालिका, अनुगमन तथा सुपरिवेक्षण समिति | चौमासिक, अर्ध वार्षिक, वार्षिक र मध्यावधि | स्थलगत अनुगमन वार्षिक कार्ययोजनाको लक्ष्य र प्रगति विवरणको तुलना<br>नतिजामुलक अनुगमन खाका अनुसार नतिजा मापन |
| असर तहको मुल्यांकन | गाउँकार्यपालिका, अनुगमन तथा सुपरिवेक्षण समिति र तेस्रो पक्ष | वार्षिक मध्यावधि र अन्तिम वर्ष | सहभागितामुलक छलफल<br>नतिजामुलक अनुगमन खाका अनुसार नतिजा मापन<br>नमुना सर्वेक्षण |

| | | | |
|---|---|---|---|
| | | | बस्तुगत विवरण अध्ययन |
| प्रभाव तह मुल्यांकन | गाउँ कार्यपालिका, अनुगमन तथा सुपरिवेक्षण समिति, र तेस्रो पक्ष | मध्यावधि र अन्तिम बर्ष | सहभागितामुलक छलफल<br>नतिजामुलक अनुगमन खाका अनुसार नतिजा मापन<br>नमुना सर्वेक्षण<br>बस्तुगत विवरण अध्ययन<br>प्रगति प्रतिवेदन अध्ययन |

## ९.७ बार्षिक समिक्षा

बार्षिक समिक्षालाई आवधिक योजनालाई आधार मानेर बार्षिक योजनाहरुको बार्षिक समिक्षा गर्ने र त्यसको प्रतिवेदन प्रदेश र संघलाई पठाउने कार्यले तिन तहको Cohesion राम्रो हुने देखिन्छ।

# अनुसूचीहरू

# अनुसूची १: तस्विर तथा माईनुट

Date ______
Page ______

आज मिति २०८१।०३।१८ गते मर्चवारी गाउँपालिका-रुपन्देही का अध्यक्ष श्री गया प्रसाद बरईको अध्यक्षतामा मर्चवारी गाउँपालिका - रुपन्देहीको आवधिक योजना (Periodic Plan) (२०८१।८२ - २०८५।८६) को प्रस्तुतीकरण देहायको उपस्थितिमा सम्पन्न गरियो।

उपस्थिति :

१) अध्यक्ष : श्री गया प्रसाद बरई - अध्यक्ष
२) उपाध्यक्ष : श्री आभा सिंह
३) १ वडाध्यक्ष : श्री कृष्ण कुमार सिंह
४) २ वडाध्यक्ष : श्री शारदमान चौधरी
५) ३ वडाध्यक्ष : श्री जनार्दन यादव
६) ४ वडाध्यक्ष : श्री ओमप्रकाश चौधरी
७) ५ वडाध्यक्ष : श्री कृष्ण कुमार सिंह
८) ६ वडाध्यक्ष : श्री रामसेवक खरवित
९) ७ वडाध्यक्ष : श्री गणेश चौधरी
१०) प्र.प्र.अ. : श्री भविलाल भट्टराई
११) उपसचिव श्री तुलसीराम मरासिनी
१२) स्वामीनाथ यादव प्रा सं
१३) आशुतोष त्रिपाठी स०प्र०अ
१४) हरिश्चन्द्र बरई (शिक्षा शाखा)
१५) महेश कुर्मी रोजगार संयोजक
१६) सुशिल स्वामी, (आ.लि.स)
१७) मधु घिमिरे (प्राविधिक)
१८) अर्जुन कुटेल (प्राविधिक)
१९) मणिक घिमिरे (लि.अ.)
२०) बृज मोहन कुर्मी (उ०प०प्र०)
२१) विश्वरञ्जन यादव (सब इन्जिनियर)
२२) मनोज कुमार बरई (क.अ.)
२३) राजन बरई (अमिन)

Date
Page

आज मिति २०७८।११।२१ गतेका दिन मधेस नर्थवर्ती गाउँपालिकाका अध्यक्ष श्री गया प्रसाद बरई ज्यूको अध्यक्षतामा बैठक बसी तपशिलका कर्मचारी तथा जनप्रतिनिधि लगायतका अन्य व्यक्तिहरुको उपस्थितिमा निम्नानुसारका निर्णयहरु गरियो ।

उपस्थिति

| क्र.स. | नामथर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १. | श्री गया प्रसाद बरई | अध्यक्ष | [signature] |
| २. | श्री आशा सिंह | उपाध्यक्ष | [signature] |
| ३. | श्री छोटेलाल महराई | प्र.प्र.अ. | [signature] |
| ४. | श्री युवराज घिमिरे | लेखा अधिकृत | [signature] |
| ५. | श्री गंगालाल यादव | इन्जिनियर | Gangalal Yadav |
| ६. | श्री रामचन्द्र कुशाल | पशु शाखा | [signature] |
| ७. | श्री सुशील क्षेत्री | अ.स.ई.प. | [signature] |
| ८. | श्री ब्रजमोहन कर्मी | अ.सि.ने. | [signature] |
| ९. | श्री हेम ब. थापा | प्रशासन सहायक | [signature] |
| १०. | श्री राजन बरई | अमिन | [signature] |
| ११. | श्री नगाल धोबी | एम आई.एस अपरेटर | [signature] |
| १२. | श्री हरिश्चन्द्र बरई | शिक्षा शाखा | [signature] |
| १३. | श्री सरस्वती पौडेल | लेखा सहायक | [signature] |
| १४. | श्री अजित सिंह चौधरी | उ.नि.ले. | अजीत |
| १५. | श्री पुरुषोत्तम घिमिरे | प्रशासन शाखा | |
| १६. | श्री मनमोहन यादव | प्रा.स. | [signature] |
| १७. | श्री महेश्वर यादव | ना.प्रा.स. | [signature] |
| १८. | श्री सनोज बरई | कम्प्युटर अपरेटर | [signature] |
| १९. | श्री कवन कुमार सिंह | वडा अध्यक्ष (१न.) | [signature] |
| २०. | श्री पवन कुमार विश्वकर्मा - (कृषि अधिकृत) - | | [signature] |
| २१. | श्री फेकन शाह (का.सा.) | | [signature] |
| २२. | श्री विकास अधिकारी | | [signature] |
| २३. | श्री दिनेश त्रिपाठी | परामर्शदाता | [signature] |
| २४) | लहुवर मल्लाह | [signature] | [signature] |

Scanned by TapScanner

प्रस्ताव नं.१ :- निर्देशक समिति गठन सम्बन्धमा ।
निर्णय नं.१ :-

प्रस्ताव नं.१ कार्यमा छलफल गर्दा आर्थिक योजना तर्जुमा तथा संचालन गर्न तपशिल अनुसारको निर्देशक समिति गठन गर्ने निर्णय गरियो ।

तपशिल

१. जय प्रसाद कार्की - संयोजक
२. आशा सिंह - सदस्य
३. रवि कुमार सिंह - सदस्य
४. शिवदयाल चौधरी - सदस्य
५. जनार्दन यादव - सदस्य
६. ओम प्रकाश चौधरी - सदस्य
७. रवि कुमार सिंह - सदस्य
८. एकसिंह खड्का - सदस्य
९. गणेश चौधरी - सदस्य
१०. कोविलाल महराई - सदस्य सचिव

प्रस्ताव नं.२ :- विभिन्न उपसमिति गठन सम्बन्धमा ।
निर्णय नं.१ :-

प्रस्ताव नं.२ माथि छलफल गर्दा तपशिलका कर्मचारीको संयोजकत्वमा विभिन्न उपसमिति गठन गर्ने निर्णय गरियो ।

तपशिल .

क) आर्थिक विकास समिति :

- युवराज घिमिरे - संयोजक
  दिनेश कुमार यादव - सदस्य
  सुशील खत्री - सदस्य

ख) सामाजिक विकास समिति :

- फेकन शाह - संयोजक
  पवन कुमार विश्वकर्मा - सदस्य
  मधु घिमिरे - सदस्य

Scanned by TapScanner

ग) नीतिगत पुर्नविचार समिति
- गंगालाल यादव - संयोजक
अर्जुन भुर्तेल - सदस्य
राजेन्द्र यादव - सदस्य

घ) वातावरण तथा विपत व्यवस्थापन समिति
- रामचन्द्र गुपाल - संयोजक
महेश शर्मा - सदस्य
हरिशचन्द्र बर्ई - सदस्य

ङ) संस्थागत स्रोत तथा क्षमता विकास समिति
- पुरुषोत्तम घिमिरे - संयोजक
- हेम के. थापा - सदस्य
- मगाध धोबी - सदस्य

प्रस्ताव नं ३:- विविध सम्बन्धमा ।
निर्णय नं. ३:-
प्रस्ताव नं २ माथि छलफल गर्दा आगामी बैठक आवश्यकता अनुसार बस्ने गरी निर्णय गरियो ।

[signatures]

२४) पवन कुमार विश्वकर्मा (स्वास्थ्यकर्मी)
२५) दिनेश कुमार यादव इ.ग.
२६) सरस्वती पौडेल लेखा सहायक
२७) राम चन्द्र अर्याल ना.प्र.से.प्र.
२८) गंगालाल यादव इन्जिनियर
२९) तुलसीराम महानिमी उपसचिव नेपाल सरकार
३०) कौशल के.सि. इन्जिनियर
३१) पुरुषोत्तम घिमिरे

प्रस्ताव :- १ आवधिक योजना सम्बन्धमा

निर्णय नं.१ :- प्रस्ताव नं. १ माथि छलफल गर्दा मन्थली गाउँपालिकाको आवधिक योजना (Periodic Plan) → २०८१/८२–२०८५/८६ को प्रस्तुतीकरण सम्पन्न भएकोले, प्रस्तुतीकरणमा आएका सुझावलाई समेटी अन्तिम प्रतिवेदन पेश गर्न परामर्शदातालाई अनुरोध गर्ने निर्णय गरियो ।




मर्चवारी गाउँपालिकाको नक्सा
कोटहीमाई गाउँपालिका
सम्मरीमाई गाउँपालिका




मर्चवारी गाउँपालिकाको नक्सा


मर्चवारी गाउँपालिकाको नक्सा




मर्चवारी गाउँपालिकाको नक्सा

# अनुसूची २: दिगो विकास लक्ष्य २०३०

नेपालका हरेक तहका सरकारहरले दिगो विकास लक्ष्य केन्द्रित योजनहरु तर्जुमा गर्नु पर्ने प्रावधान अनुरुप यस वैतेश्वर गाउँपालिकाले पनि आफ्ना योजनाहरुलाई दिगो किास लक्ष्यहरु सँग आन्तरिकिकरणमा विशेष जोड दिने छ ।

दिगो विकास लक्ष्यहरु यस प्रकार छन् :

**दिगो विकासका लक्ष्य १:** हरेक क्षेत्रमा रहेका सबै स्वरुपहरुको गरिबीको अन्त्य गर्ने । यस गाउँपालिकाका निम्न योजनाहरुबाट लक्ष्य १ को संबोधन हुनेछ ।

**दिगो विकासका लक्ष्य २:** भोकमरी अन्त्य गर्ने, खाद्य सुरक्षा र पोषण प्राप्त गर्ने र दिगो कृषि प्रवर्द्धन गर्ने ।

**दिगो विकासका लक्ष्य ३:** सबै उमेर समूहका ब्यक्तिका लागि स्वस्थ जीवनको सुनिश्चतता गर्दै समृद्ध जीवनस्तर प्रदान गर्ने ।

**दिगो विकासका लक्ष्य ४:** समावेशी तथा समतामूलक गुणस्तरीय शिक्षा सुनिश्चित गर्ने र सबैका लागि आजीवन सिकाईका अवसर प्रवर्द्धन गर्ने ।

**दिगो विकासका लक्ष्य ५:** लैङ्गिक समानता हासिल गर्ने तथा महिला, किशोरी तथा बालबालिकाहरुलाई सशक्त बनाउने ।

**दिगो विकासका लक्ष्य ६:** सबैका लागि सुरक्षित पानी तथा सरसफाईको उपलब्धताका साथै यसको दिगो व्यवस्थापन सुनिश्चित गर्ने ।

**दिगो विकासका लक्ष्य ७:** ब्यहोर्न सकिने, भरपर्दो, दिगो र आधुनिक उर्जामा सबैको पहुँच सुनिश्चित गर्ने ।

**दिगो विकासका लक्ष्य ८:** सबैका लागि स्थिर, समावेशी तथा दिगो आर्थिक वृद्धि, पूर्ण तथा उत्पादनशील रोजगारी र मर्यादित कामलाई प्रवर्द्धन गर्ने ।

**दिगो विकासका लक्ष्य ९:** उत्थानशील पूर्वाधारको निर्माण, समावेशी तथा दिगो औद्योगिकरणको प्रवर्द्धन र नवप्रवर्तनलाई प्ररित गर्ने ।

**दिगो विकासका लक्ष्य १०:** देश भित्र तथा देशहरुबीचको असमानता हटाउने ।

**दिगो विकासका लक्ष्य ११:** शहरहरु एबै मानव बस्तीहरुलाई समावेशी, सुरक्षित, उत्थानशील र दिगो बनाउने ।

**दिगो विकासका लक्ष्य १२:** दिगो उपभोग तथा उत्पादन प्रणली/ढाचाहरु सुनिश्चित गर्ने ।

**दिगो विकासका लक्ष्य १३:** जलवायु परिवर्तन तथा यसका प्रभावसँग जुध्न तत्काल कार्य अघि बढाउने ।

**दिगो विकासका लक्ष्य १५:** भूसतही, भूपरिधिस्तरीय, पारिस्थितिकीय प्रणालिको दिगो उपयोग, रक्षा र पुनरर्स्थापना गर्ने, वनको दिगोरुपमा व्यवस्थापन गर्ने, मरुमूमिकरण बिरुध्द लड्ने र जमीनको क्षयिकरण रोक्नुका साथै यसलाई उल्ट्याउँने तथा जैबिक विविधताको क्ष्यातिलाई रोक्ने ।

**दिगो विकासका लक्ष्य १६:** दिगो विकासका निम्ति शान्तिपूर्ण र समावेशी समाजको प्रवर्द्धन गर्ने, न्यायमा सबैको पहुँच प्रदान गर्ने र सबै तहमा प्रभावकारी, जवाफदेही र समावेशी संस्था निर्माण गर्ने ।

**दिगो विकासका लक्ष्य १७:** दिगो विकासका लागि कार्यान्वयनका साधनलाई सुदृढ गर्ने र अन्तराष्ट्रिय साझेदारीलाई पुनः जीवन्त तुल्याने ।

माथि भनिए अनुसार दिगो विकस लक्ष्यका कुन लक्ष्यहरुको अन्तर सम्बन्ध कुन योजना तथा आयोजना सँग छ भनि प्रत्येक नतिजा तथा सो सँग सम्बन्धित योजना गतिविधि सँग उल्लेख गरिएको छ ।

# अनुसूची ३: सन्दर्भ सामग्रीहरु

- स्थानीय तहको आवधिक योजना तयारी निर्देशिका २०७५, राष्ट्रिय योजना आयोग
- १५ औं राष्ट्रिय आधिक योजना खाका २०७५, राष्ट्रिय योजना आयोग
- पूर्व योजना तर्जुमा गोष्ठी २०७७ चैत्र ४ गते तथा प्राप्त सूचनाहरु कोरोनाका कारण लकडाउँन भएकाले पालिकका जिम्मेवार व्यक्तिहरु सँग भच्युअल छलफल बाट प्रप्त सूचना
- ५ वर्षका लागि वडास्तरबाट तयार भएका योजना खाका
- नेपालको संविधान
- स्थानीय सरकार संचालन ऐन २०७४
- अन्तर सरकारी वित्त व्यवस्थापन ऐन २०७४
- राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग ऐन २०७४
- विभिन्न नीतिहरु (भू उपयोग नीति २०७२, विकास सहायता नीति, कृषि, सिँचाई, वन तथा वातावरण सम्बन्धि नीतिहरु,
- सहभागी पार्टिहरुका घोषणा पत्र